सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.



The First College Of Hotel Management In +2 Level !

ADMISSION OPEN !

for +2 COMMERCE ARTS EDUCATION

आशीर्वाद कलेज (Estd.2056)

Samakhusi, Kathmandu, 4-352589 (Near the Children's Park)

Shift: Morning/Day Seats:60 Medium: Eng./Nepali

Special scholarship for First 20 Students !

100% Result in Hotel Mgmt. Since 2056 !



• वर्ष १२ • अंक ८ • काठमाडौं, शुक्रबार, असार २३, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, July 7, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-




# फेसनमा नयाँ के छ ?

■ रोजिन शाक्य

परिवर्तन नै फेसनको पर्यायवाची भएकाले फेसनशैलीमा समय सँगसँगै परिवर्तनको अनुभव गर्न पाइन्छ । हिजोआज फेरि साडीको फेसन फर्केको छ । साडी रातो, गुलाफी, प्यारोट-ग्रिन, मजेन्टा, पिन्क, फुसिया, टरक्वाइज एवं ब्ल्याक एन्ड ह्वाइट कम्बिनेसनजस्ता गाढा एवं चम्किला रंगका चमकदमकसहित फेसनमा फर्केको छ । खासगरी जर्जेट, सिफन, नेट एवं टिस्युका साडीले फेसनप्रेमीहरूको ध्यान आकर्षित गर्न सफल भएको छ । डिजाइनर साडीहरूमा इम्ब्रोइडरी, जरदोजी, एप्लिक, बिड्स, सितारा, मिरर-प्याच, सिक्वेन्सजस्ता वर्कहरूको प्रचलन पनि उत्तिकै बढेको छ । साडीसित म्याच गर्ने ब्लाउज वा चोलीमा पनि विभिन्न प्रयोगहरू हुन थालेको छ । ग्ल्यामर र सुन्दरताको सम्मिश्रणमा डिजाइन गरिएका चोलीहरूको नेकलाइनमा हल्टर, एसिमेट्रिकल, स्पेगेटी स्ट्राइपको प्रचलन बढेको छ । कलर कम्बिनेसनमा भने म्याचिङ र कन्ट्रास्टिङ दुवै फेसनमा छन् । खासगरी सिंगलसेडेड, मल्टीसेडेड, ट्रपिस, घाघरा, प्लेन आदि विविधतापूर्ण शैलीहरूसहित साडीले फेसनको बजार तताएको छ ।

लेहेंगा, चोलीको कम्बिनेसनमा भने विशेष झलक देखिन्छ । केही लेहेंगा त जरदोजी र क्रिस्टलको कामपश्चात् ८ किलोग्रामसम्म भारी भएका उदाहरण भेटिन्छन् । प्रचलनमा रहेको लेहेंगाको स्टाइलमा माथिल्लो भागमा सिलेन्डर स्लिम र तल्लो भागमा धेरै हदसम्म घेरेदार शैली अपनाइएको पाइन्छ । चोली र ब्लाउजमा अधिकतर कढाइको प्रयोग भएको पाइन्छ भने त्यससित म्याच गर्ने नेट वा जर्जेटको दुपट्टाको प्रयोगले छुट्टै लुकसमेत प्रदान गर्छ । एथनिक लुकको कुरा गर्ने हो भने कुर्ता-सलवारको प्रारम्भ भएदेखि नै यसले महिलाहरूलाई सदैव आकर्षित गर्दै आएको छ । कुर्ता-सलवारमा आदिले चुडिदार र पटियाला शैलीको पुनरावृत्ति भएको पाइन्छ । मिनी कुर्तीको साथमा सिगरेट ट्राउजर वा चौडा पाइन्ट शैली पनि उत्तिकै प्रचलनमा छ । कुर्ताको लम्बाइ घटेर निलेन्थ वा त्योभन्दा पनि कम हुन थालेको छ । यस्ता कुर्ता लगाउँदा कुनै वेस्टर्न ड्रेस वा ट्युनिक लगाएको प्रतीत हुन्छ । कुर्ता-सलवारको फेसनमा कट सोल्डर्स एवं सु-स्ट्रिङ स्ट्राइप वा हल्टर शैलीले पपुलारिटी पाइरहेको छ ।

बाँकी पृष्ठ २० मा











GREAT OPPORTUNITY FOR INDIGENOUS GIRLS. DON'T MISS THE OPPORTUNITY, SO CONTACT AS SOON AS POSSIBLE

Biggest platform to show your talent    Fulfill your dream of being Miss Indigenous

Grow your confidence

If you are good looking, talented and want to preserve your culture, then participate in our talent contest.

Event by Dream ERA

For more detail log on to www.cybersansar.com

Note : Registration forms are available at most of the cyber cafe of Kathmandu valley.

Official Partners cybersansar

Supported by

GANDAKI TOURS & TRAVELS (P.) LTD.

समृद्धि हाउजिङ प्रा.लि. Sambddhi Housing (P.) Ltd.

Your's Tours & Travels (P.) Ltd.

Siam Institue of Hair Design & Beauty care

Contact Address:
Dream Era Pvt. Ltd., Bagbazar, Kathtmandu.
Ph : 2052177, Mob: 9803173473




## सताको स्वर



### रामभक्त जोजिजु

**पानी मीठो हिउँखोलीको...' कस्तो प्रकारको गीत हो ?**

यो लोक लयमा आधारित पपगीत हो ।

**गीतको कुन पक्ष आकर्षक छ ?**

गीतको तीनै पक्ष आकर्षक छ । संगीतकार बीबी अनुरागीको संगीतमा विशेष मीठास छ ।

**आधुनिक गीत गाउँदा-गाउँदै कसरी पपतर्फ आकर्षित हुनुभयो ?**

श्रोताअनुसार नै चल्नुपर्ने भएकाले श्रोताको रुचि तथा सहकर्मी बीबी अनुरागीको सुझावअनुसार म यो विधातर्फ आकर्षित भएको हुँ ।

**कत्तिको गाह्रो भयो गाउन ?**

खासै गाह्रो भएन । उल्टो रमाइलो पो लाग्यो । यसअघि पनि मैले एक-दुईवटा पपगीत गाएकाले खासै गाह्रो नपरेको हो ।

**कस्ता श्रोताले बढी रुचाएका छन् ?**

प्रायः सबै उमेरका श्रोताले रुचाएका छन् । एकपटक सुन्दा नै बुझिने भएकाले, टिप्न सकिने तथा नाच्न पनि मिल्ने भएकाले सबैले मन पराएका हुन् ।

**गीत रेकर्डिङ गर्न कति समय लागेको थियो ?**

जम्मा आधा घन्टामा यो गीत रेकर्डिङ भएको थियो ।

– गायक उदय सोताङ तथा गायिका मनिला सोताङको नवौं गीतिसंग्रह 'मन्तव्य' गत शनिबार गायक दीप श्रेष्ठले विमोचन गरेका छन् । ओपल इन्टरनेसनलले आयोजना गरेको उक्त कार्यक्रममा दीप श्रेष्ठ, दिनेश अधिकारी, उदय सोताङ, आनन्द तुलाधर आदिले विमोचित संग्रहका गीतका बारेमा आ-आफ्नो धारणा व्यक्त गरेका थिए । कार्यक्रममा संग्रहका सात जना गीतकार दिनेश अधिकारी, रमण घिमिरे, विप्लव प्रतीक, नवराज लम्साल, कृष्ण अविरल, सरुभक्त तथा सञ्जय बराललाई सभापति बनाइएको थियो । विमोचन समारोहमा संग्रहका दुई म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो ।

– लन्डनमा आयोजना हुने अन्तर्राष्ट्रिय स्तरको सांगीतिक प्रतिस्पर्धा 'द ग्लोबल ब्याटल अफ द ब्यान्ड्स' मा नेपाली सांगीतिक समूह पनि सहभागी हुने भएको छ । प्राप्त जानकारीअनुसार केही समयपछि नेपालमै आयोजना गरिने सांगीतिक प्रतिस्पर्धामा उत्कृष्ट भएको समूहलाई लन्डन पठाइनेछ । लन्डनको प्रतिस्पर्धामा विजयी हुने समूहले एक लाख डलर राशिको नगद पुरस्कार प्राप्त गर्नेछ । प्रतियोगितामा नयाँ तथा पुराना दुवै समूहले भाग लिन सक्नेछन् । प्रतियोगिताका लागि आठ मिनेटभित्र आफ्नै शब्द तथा संगीतका दुई गीत प्रस्तुत गर्नुपर्नेछ । नेपालमा हुने प्रतियोगिताका लागि नेपाली अथवा विदेशी जुनसुकै भाषाको गीत गाउन पाइनेछ, तर अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि भने उपयुक्त भाषा छनौट गर्न आयोजक माइस एड नेपालले अनुरोध गरेको छ । लन्डनमा आगामी डिसेम्बर १० देखि १२ सम्म आयोजना हुने उक्त प्रतिस्पर्धाका लागि नेपाली सांगीतिक समूहको छनौट गर्न काठमाडौं, पोखरा र धरानमा आगामी साउन तथा भदौमा प्रतिस्पर्धात्मक सांगीतिक कार्यक्रम आयोजित गरिंदैछ ।



विश्वकपको धुन चलेको बेला हामी पनि के कम ? खेलाडीको भेषमा गायकद्वय क्रान्ति आले र निर्णय श्रेष्ठ ।

– 'फूलको आँखामा फूलै संसार...' लोकप्रिय भएपछि गायिका आनि छोइङ डोल्माले फुर्सद पाएकी छैनन् । स्वदेशमा मात्र होइन, विदेशमा समेत उनले यही गीत गाएर श्रोता तथा दर्शकको चित्त बुझाउनुपर्छ, तर गत शनिबार प्रज्ञा-प्रतिष्ठानमा उनले शान्तिका कामना गर्ने गीत गाइन्, 'वैरीलाई हेर्छु म माया गरेर...' । तर दर्शकहरू 'फूलको आँखामा...' सुन्न अधैर्य थिए । उनले दोस्रो चरणमै यो गीत गाएर दर्शकहरूलाई आफूसँगै गाउन बाध्य पारिन् । नन्स वेलफेयर फाउन्डेसनले आयोजना गरेको सांगीतिक कार्यक्रम 'इनर पिस विद आनिछोइङ डोल्मा' मा आनीले विभिन्न मन्त्रहरू उच्चारण गर्दै कार्यक्रम प्रारम्भ गरेकी थिइन् ।

– नेपाल वानले आगामी दिनमा प्रसारण गर्ने मायाको डोरी शीर्षकको सांगीतिक प्रतिस्पर्धाका लागि तीन जना संगीतकर्मीलाई छोटो समयका लागि भए पनि रोजगारी दिएको छ । उक्त कार्यक्रमको गत साता सम्पन्न अडिसनमा संगीतकार सुरेश अधिकारी तथा गायक दीपेशकिशोर भट्टराई निर्णायकका रूपमा सहभागी थिए भने गायक सुगम पोखरेल कार्यक्रम सञ्चालकका रूपमा प्रस्तुत भएका थिए । अडिसनबाट छनौट भएका ३२ जोडी गायक-गायिकालाई अन्तिम चरणको प्रतिस्पर्धामा सहभागी गराइनेछ ।

– गायिका शर्मिला बर्देवा कुनै बेला सांगीतिक क्षेत्रमा चर्चाको शिखरमा थिइन् । उनले गाएका पप तथा चलचित्रका गीतहरू काउन्टडाउनमा परिरहन्थे, तर पेसाले नर्स भएकाले उनी क्यारियर बनाउन बेलायततर्फ प्रस्थान गरिन् । बिरामीको सेवामा जुटिरहे पनि उनले गायन क्षेत्रलाई नभुलेको कुरा भर्खरै सार्वजनिक भएको गीतिसंग्रह 'स्पर्श' ले प्रमाणित गरेको छ ।

– नेपाली नृत्यहरू स्वदेशमा मात्र होइन, विदेशमा पनि उत्तिकै लोकप्रिय छन् । भर्खरै अमेरिकामा आयोजित एउटा सांस्कृतिक कार्यक्रममा विदेशीहरूसमेत परम्परागत चण्डीनाचमा रमाए । गत साता न्यूयोर्कमा आयोजित सांस्कृतिक कार्यक्रममा किराँतीहरूले ढोल बजाएर 'सोई ढोले सोई...' भन्दै छमछम नाच्दा विदेशीहरूसमेत उत्साहित भएका थिए । नेपाल किराँत राई एसोसिएसन अफ युएसले आयोजना गरेको उक्त कार्यक्रममा त्यहीं बसोबास गर्ने कलाकारहरू सहभागी थिए ।

– नेपाली तारा दीपक लिम्बू सांगीतिक कार्यक्रमका क्रममा हङकङ पुगेका छन् । उनले त्यहाँ एकल गायन कार्यक्रम प्रस्तुत गरिरहेका छन् । त्यहाँ जानुअघि उनी मलेसिया तथा सिंगापुरमा थिए । ती देशमा भने उनी सांगीतिक कार्यक्रमका लागि नभै नेपाली ताराको विजेता बनेपछि पाएको पुरस्कारलाई सदुपयोग गर्न पुगेका थिए ।

– सांगीतिक समूह मुक्ति एन्ड रिभाइवल रक गायनका लागि चर्चित छ । विगत केही वर्षयता सुस्त यो समूह यतिबेला अमेरिकाका विभिन्न सहरमा सांगीतिक कार्यक्रम प्रस्तुत गरिरहेको छ । यो समूहले गत सोमबारदेखि अमेरिकाका न्यूजर्सी, बर्मिङ्घम, डल्लास, टेक्सास आदि सहरमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम तय भएको छ ।

### लाइभ शो

– क्षेत्रपाटीस्थित होटल बज्र धार्मिक नृत्यका कारण चर्चित छ । होटलको द ग्रेड प्यागोडामा प्रत्येक मंगलबार धार्मिक नृत्य प्रदर्शन गरिन्छ । 'द गड डान्स अफ काठमाडौं भ्याली' शीर्षकको उक्त धार्मिक नृत्य कला-मण्डपका कलाकारहरूले प्रस्तुत गर्छन् । यो कार्यक्रम साँझ सात बजे प्रारम्भ हुन्छ ।

– गायक निमा रुम्बा साथीभाइ भेला पारेर रमाइलो गर्न सिपालु छन् । बेला-बेलामा उनी साथीभाइलाई भेला पारेर रमाइलो गरिरहन्छन् । गत साता उनले आफ्नै निवास महाराजगन्जमा एउटा पार्टी नै आयोजना गरे । डिजे राजुदेखि रामकृष्ण ढकाल, राजेशपायल राईदेखि रिमा गुरुङसम्मका गायक-गायिकालाई उनले पाहुना बनाएका थिए । आफ्ना कान्छा छोराको पास्नीका अवसरमा भेला भएका आफ्ना साथीहरूमाझ उनले गिटार बजाउँदै केही गीत पनि गाए ।

– वर्ष २०६२ को छिन्नलता गीतपुरस्कार आज शुक्रबार वितरण गरिंदैछ । पुरस्कारबाट सम्मानित हुनेहरूमा रचनातर्फ रमण घिमिरे, गायनतर्फ सपनाश्री, संगीतर्फ न्हुयू बज्राचार्य तथा नवप्रतिभातर्फ गायक कर्णदास छन् । सो अवसरमा संगीतकार गणेशप्रसाद श्रेष्ठलाई छिन्नतला विशेषसम्मानबाट सम्मानित गरिनेछ ।

– नेपाली लोक सांस्कृतिक केन्द्र तथा म्यूजिक नेपालको संयुक्त सहभागितामा तयार भएको गीति संग्रह 'रोपाइँ धुनहरू' को गत असार १५ गते विमोचन गरिएको छ । नेपाली संगीतमा प्रचलित बेठी धुनहरूको यो संग्रहमा सांगीतिक धुनहरू मात्र समावेश गरिएको छ ।

-राजधानीका गजल रेस्टुराँहरूमा छाउन सफल गायिका शीतल पुनले हङकङमै आफ्नो एकल एल्बम तयार गरेकी छिन् । नरेन्द्र प्यासी, अनिल सिंह, संजय श्रेष्ठ, श्याम नेपाली तथा जीवन पुनको शब्दसंगीत रहेको उनको उक्त एल्बमको नाम 'मेरो जीवन' राखिएको छ ।

–गायक आनन्द कार्की समाजसेवामा समेत सक्रिय छन् । उनले गत वर्षदेखि एक १२ वर्षे किशोरलाई छात्रवृत्ति प्रदान गरेर पढाइरहेका छन् । अमन नामका ती बालकको अध्ययन तथा होस्टलको सम्पूर्ण खर्च गायक कार्कीले नै बेहोरिरहेका छन् ।




SLC/+2 फेल
NO चिन्ता
Congratulations to all students who passed classes 10,11 & 12 from our school.
*More than 97% students of class 11 & 12 and more than 98% students of class 10 passed the subjects in which they appeared.*

The List Contains more than 250 such students
–कक्षा ८, ९ फेल भएपनि तथा Math Science/Sent-up नदिई SLC दिन चाहनु हुन्छ? एक वर्षमै +2 पास गर्न चाहनुहुन्छ ?
नेपालको सबैभन्दा पुरानो तथा एकमात्र मान्यता प्राप्त ओपन स्कूलमा विगत ७ वर्षदेखि संचालित भारतको सरकारी Delhi Board को कक्षा १० र १२ का Science, Management तथा Arts का कक्षामा भर्ना भई ढुक्क हुनुहोस् ।
विशेषताहरु :- कक्षा शुरू भैसकेको छ
कुनै ५ विषय मात्र पास गरे पुग्ने/पास गर्न सजिलो ●TU / KU तथा विश्वभरी मान्यता भएको/ No age bar ●जागिरे तथा गृहणीले घर मै पढेर पनि परीक्षा दिन सक्ने ●Online Education तथा CD को माध्यमबाट पढाइने ●Practical / Project work / Assignment को व्यवस्था । www.himalayan.edu.np
Himalayan Open School
Old Baneshwor, ☎4476685
Bagbazar:016220702, Chabahil : 2074123

# स्पष्ट व्यवहारको अपेक्षा

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी) तथा सात प्रमुख राजनैतिक दलबीच मुलुकले विगत एक दशकदेखि भोलिरहेको संकटलाई निकास दिने सहमति कायम भएपछिका दिनहरूमा नेपाली जनताले थुप्रै राजनैतिक आरोह–अवरोह देखिसकेका छन् । अलिकति आशा र अलिकति निराशाका बीच अहिले माओवादी र सात राजनैतिक दलहरू अन्तरिम शासन विधानमार्फत् अन्तरिम सरकार गठन गरेर संविधान सभासम्म पुग्ने विषयमा सहमत भैसकेका छन् । माओवादी र सात राजनैतिक दलबीचको यो सहमतिपछि पनि केही राजनैतिक अड्चनहरू नदेखिएका होइनन् । खासगरी माओवादीहरूको जनसेना र उनीहरूले सञ्चालन गर्दै आएको जनअदालत अहिले अन्तरिम शासन विधानको निर्माण तथा अन्तरिम सरकारको गठनमा ढिलाइ हुनुको मुख्य कारणका रूपमा देखिएको छ । यो अवस्थामा सात राजनैतिक दलले मुलुकका सबैखाले राजनैतिक समस्याहरूको दिगो समाधानका लागि हदैसम्मको लचकता देखाइसकेको परिप्रेक्ष्यमा माओवादी पक्षबाट पनि आम जनताले त्यस्तै लचकताको अपेक्षा गर्नु स्वाभाविक हो तर वितेका केही दिनयता माओवादी पक्षबाट एकपटक फेरि आम जनसमुदायलाई अपहरण गर्ने, चन्दा संकलन गर्ने, जनसेनामा भर्ती गराउने जस्ता घटनाहरूले तीव्रता पाउन थालेको देखिन्छ । माओवादी पक्षबाट देखिएको यस्तो व्यवहार सात राजनैतिक दल र उनीहरूबीच भएको सहमति अनुरूप छैन ।**


**कुनै पनि किसिमको राजनैतिक संकटको निकासका लागि संलग्न सबै पक्षबाट इमान्दारिता र स्पष्ट व्यवहारको अपेक्षा गरिन्छ तर अहिले माओवादी पक्षबाट उनीहरूको जनसेना र उनीहरूसँग रहेको हतियारको व्यवस्थापन जस्ता कुराहरूमा आम जनताका लागि भरोसायोग्य व्यवहार प्रदर्शन हुन सकेको छैन । संयुक्त राष्ट्रसंघ लगायत नेपालका सबै मित्र राष्ट्रहरूले माओवादीसँग रहेको हतियार व्यवस्थापनका लागि चासो देखाइरहेका बेला माओवादी पक्षले हतियार व्यवस्थापनका कुरालाई आफ्नो राजनैतिक प्रतिष्ठासँग गाँसेर हेर्नुले राम्रो संकेत गर्दैन । खुला अर्थ व्यवस्था, प्रतिस्पर्धी राजनैतिक व्यवस्थाप्रति निष्ठा व्यक्त गर्न कुनै पनि राजनैतिक शक्तिले जनताको अभिमतमाथि विश्वास गर्न सक्नुपर्छ । एउटा पक्षसँग हतियार रह्यो भने अर्को पक्ष त्रसित हुनु स्वाभाविक हुन्छ । त्यसैले माओवादीहरू वास्तवमै जनताको अभिमतमा विश्वास गर्छन् भने उनीहरूले आफूसँग रहेका हतियार व्यवस्थापनलाई आफ्नो प्रतिष्ठाको विषय बनाउनु हुँदैन । संविधानसभा र अन्तरिम सरकारमा जानुभन्दा पहिले नै माओवादीहरूले आफूसँग रहेका हतियार व्यवस्थापन गर्न सके भने त्यसले आम जनतामाझ उनीहरूको राजनैतिक प्रतिबद्धतालाई थप सम्बर्द्धन गर्ने निश्चित छ तसर्थ संविधानसभामार्फत् मुलुकमा गणतन्त्रको स्थापना गर्ने लक्ष्यका साथ जनयुद्धमा होमिएको माओवादी पक्षले संविधानसभाको निर्वाचन हुने निश्चित भएपछि आफ्नो विद्रोहलाई हतियारसहित थन्काएर जनताका माझ आफ्ना एजेन्डाहरू लिएर जान सक्नुपर्छ ।**

**अहिलेको अवस्थामा माओवादीहरूले सात राजनैतिक दल तथा आम जनताको उनीहरूमाथि रहेको विश्वासलाई कुठाराघात हुन सक्ने कुनै पनि कदम चाल्नु देश र जनताको पक्षमा हुने छैन । अबका दिनमा संविधानसभाको निर्वाचन नभएसम्मका अवधिमा माओवादीहरूले आफ्नो राजनैतिक व्यवहार 'सर्वजन हिताय, सर्वजन सुखाय' को नीतिअनुसार प्रदर्शन गर्न सक्नुपर्छ । त्यसो हुन सक्यो भने आम नेपाली जनताले अपेक्षा गरेको भयरहित राजनैतिक वातावरणमा आफ्ना नागरिक अधिकारहरूको प्रयोग गर्ने अवस्था सिर्जना हुनबाट कुनै पनि प्रतिगामी तत्त्वले रोक्न सक्नेछैन । यसतर्फ माओवादी नेतृत्व गम्भीर हुनैपर्छ ।**

# जलप्रपात, ब्रह्मकपाली र गंगोत्री

*अलास आई डुनट इवेन नो ह्वाट आई डुनट नो, दुर्भाग्य मलाई त्यो पनि थाहा छैन कि मलाई के थाहा छैन ।*

**–सन्त अगस्तीन**




२०६३ साल जेठ महिनाको अन्तिम साता । प्रचण्ड चिसो तीर्थाधिपति, बद्रीनाथ वरिपरिका पर्वत श्रृंखलाहरूबाट आइरहेको अनुभव भैरहेको थियो अथवा क्षणिक भ्रान्ति भैरहेको थियो तर जे थियो प्रवलरूपले थियो । प्रयागलाई तीर्थराज भन्ने प्रचलन सुन्नमा लगभग अभ्यस्त भैसकेको हुनाले बद्रीलाई तीर्थाधिपति भन्नुमा नै बढी सत्यवादिता होला भन्ने मेरो विश्वास छ । वस्तुतः तीर्थहरूलाई लौकिक विशेषण दिएर सीमित गर्नुमा सन्तोषदायी औचित्य देखिंदैन तर बेचैन मानव चित्त शब्द-सीमाभित्र असीमलाई पनि खुम्च्याउन खोज्छ । तीर्थराज प्रयाग जसले पहिलो पटक उच्चारित गऱ्यो त्यो ऋषि वा संसारीलाई एक अव्यक्तनीय आनन्दको अनुभूति भयो होला । मैले तीन-चार दिनको बद्री बसाइको कालभित्र सोचें कि बद्रीनाथलाई तीर्थाधिपति घोषित गरिदिनुमा पाप अवश्य पनि लाग्नेछैन, बरु पुण्य कमाउन सकिन्छ । त्यही प्रलोभनमा 'तीर्थाधिपति' शब्दको प्रयोग गरिरहेको छु ।

कहिल्लै पनि सोचेको थिइन कि म जस्तो एग्नोस्टिक (न पूरा आस्तिक, न पूरा नास्तिक) पनि ब्रह्मकपाली श्राद्ध गरेर एक दिन आफ्ना पिता-माता लगायत सम्पूर्ण स्वर्ग गइसकेका पूर्खा पंक्तिहरूलाई अरू बढी स्वर्गीयतामा पुऱ्याइएर उऋण हुँला, सुनिश्चित हुँला भनेर । श्राद्ध गर्ने स्थान पनि भाग्यले हो कि संयोगले हो गंगोत्रीको किनारमाथि ठ्याम्मै त्यहीं पाइयो जहाँ श्राद्ध गरेपछि पितृहरूको अरू बढी स्वर्ग जाने मार्गमा कुनै प्रकारको व्यवधान आउँदैन । तीन-चार मिटर तल गंगोत्री आफ्नो पूर्ण शक्तिमा गर्जिरहेकी छन्, माथि त्यो पवित्र शिलानिर श्राद्ध गराउने पण्डित पवित्र श्लोकहरू उच्च स्वरमा वाचन गरिरहेको छ- यन्त्रवत् ।

हामी तीनजना श्रद्धालुहरू मुण्डन गरेर पावनकारी तप्तकुण्डमा स्नान गरेर, पवित्र धोती पहिरेर बस्छौं रूपान्तरकारी पवित्र शिलानिर गंगोत्रीको लयात्मक ध्वनि सुन्दै, पितृहरू स्मरण गर्दै । अकाशबाट पानी परिरहेछ । न छाता, न कुनै अरू संरक्षण । केवल पातलो धोती । काँपिरहेछौं चिसोले तर मनमनै प्रभु प्रार्थना गर्दै एक अति पुण्यकर्म गर्दैछौं भन्ने विश्वासमा दुई, अढाई घन्टा बितायौं प्रफुल्ल मुद्रामा ब्रह्मकपाली शिलानिर । डा. यादवप्रसाद पन्त, डा. बद्रीराज पाण्डे र म आफै तीन श्रद्धावान् ब्रह्मकपाली श्राद्धकर्मी पूर्खाहरूलाई तारिसकेपछि उत्पन्न हुने आनन्द शब्दावतीत हुँदो रहेछ- चिसो र कम्पन्नका बाबजुद ।

यतातिर काठमाडौंमा कुन प्रकारका प्रपात, प्रतारणा र प्रवञ्चना चलिरहेछन् भन्ने सम्भवनातिर पनि त्यति पीडादायी ध्यान जाँदोरहेनछ भगवान् बद्रीविशालको पार्श्वमा । आफ्नो बारेमा मात्र म व्यक्त गरिरहेंछु यस्तो मनोभाव । पर्वत श्रृंखलाहरू, प्राकृतिक पर्वतीय सुषमा, त्यहाँको सापेक्षतः निश्छल जीवनशैली, हेर्दाहेर्दै समय र स्मृतिको अवसाद कम हुँदोरहेछ । १०४ वर्ष पुरानो राणाशासन, तीस वर्ष पुरानो पञ्चायती शासन, तेह्र वर्ष पुरानो बहुदलीय प्रजातान्त्रिक शासन, बाह वर्षे माओवादी विद्रोह वा आतंक, राजाको तीन-चार वर्षे प्रत्यक्ष शासन आदि घटना, यथार्थ र सपनाहरू अन्तरालहरूमा स्मृतिमा नआउने होइनन् तर भरसक त्यो अप्रिय स्मृति-बोझबाट मुक्त हुन चाहन्थें । मुक्ति पनि पाएँ २४ घन्टामा १५ घन्टासम्म ।

एक राती दुःस्वप्न आएको थियो- नेपालमा गृहयुद्ध चलिरहेछ, रक्तपात भैरहेछ । चन्द्रमाको चन्द्रिकाको प्रकाश पनि एकदमै मधुरो देखिन्थ्यो । म आफ्नै चन्द्रिकाको स्मृति विह्वलतामा थिएँ । झस्याङ्ग निद्रा खुल्यो- त्यो चिसो पर्वतमा पनि पसिनाले लतपत । दुःस्वप्नहरू त्रसित गर्दारहेछन् जागृतिपछिका केही क्षणहरूसम्म । चन्द्र-प्रभा अथवा चन्द्रिका एक प्रतीक हो सौन्दर्यको, सौरभको प्रेरणाको, जीवन्तताको, कल्पनाको, माधुर्यको र करुणाको । ज्ञानीहरू त्यही भन्छन् । सपनामात्र नभएर विरोधहरू साथसाथै आइरहेका छन- वीभत्सता, कुरूपता र साथसाथै चन्द्रिकाको मादकतापूर्ण विम्ब, बुद्धको दिक्काल अतिक्रमणकारी मूर्ति ।

वर्तमानको भ्रष्टाचार, आतंकवाद, अवसरवाद, चाकरी आदि निषेधात्मक वृत्ति र अभ्यासहरू र अतीतका विधायक, सिर्जनात्मक उन्नयनकारी प्रतिभा र धारणाहरूको वैचित्रपूर्ण संगम हुँदोरहेछ उच्च पवित्र, पर्वतमा स्वप्न देख्दा, स्वप्न नदेख्दा ।

सायद व्यस्तताको अभाव, कुरूप, कलुषित अनुहारहरूको अनुपस्थिति कारक हुन सक्छन मेरो असामान्य अनुभूतिका । तैपनि व्याख्या दिन गाह्रो छ मेरा लागि । मेरो त कुरै भएन डा. सिग्मण्ड फ्रायडलाई पनि गाह्रो हुन्थ्यो । किनकि ऊ पनि एक पूर्वाग्रही प्रतिभा थियो । लगभग सबै स्वप्न र विकारको कारण यौन ग्रन्थीमा केन्द्रित गरिदिन्थ्यो । म मान्छु कि यौन मानव जीवनको सर्वाधिक केन्द्रीय सत्य हो तर मानव अस्तित्वका आयामहरू यौनातीत पनि छन् ।

जल प्रपात, ब्रह्मकपाली र गंगोत्री ! जलप्रपात र गंगोत्री दुई चित्ताकर्षक दृश्यहरू, ब्रह्मकपाली एक मुक्तिदायी धार्मिक र मनोवैज्ञानिक कर्म वा कर्मकाण्ड । अलकनन्दा, मन्दाकिनी र सरस्वती नदीहरूको प्रवाह सन्देश दिन्थ्यो कि जीवन नदीजस्तै प्रवाहपूर्ण र गत्यात्मक छ भने त्यहाँ केही अर्थवत्ता छ, छैन भने बाग्मती र टुकुचाजस्तै क्लान्त, मलीन र गतिहीन छ । जहाँ जति गतिहीनता त्यहाँ त्यति नै दुर्गन्धता- नेपाल लगायत धेरैजसो दक्षिण एसियाली नर र नारीहरूको सुसुप्त जीवन जस्तै ।

अन्तिम विश्लेषणमा, चोर, फटाहा, चाटुकार भ्रष्टाचारी र लोभीहरू- सतहमा अति गतिशील देखिए पनि- वैशाख महिनाको टुकुचा र बाग्मतीको दुर्गन्धपूर्ण जीवन बाँचिरहेका हुन्छन । त्यहाँ कुनै आन्तरिक सिर्जनात्मक गतिशीलता छैन । कुनै प्रकारको आभा छैन । कलह गर्छन् पद प्राप्तिका लागि । दुईटा एउटै पदमा आसीन छन भने केही दिन गइसकेपछि आ-आफ्नो वरिष्ठता र श्रेष्ठताको दाबी गर्छन् । लाग्छ यहाँका शिक्षित, अर्धशिक्षित, राजनैतिक, गैरराजनैतिकहरूको एउटै लक्ष्य छ : जसरी भए पनि शक्तिदायक पदमा पुग्नु र त्यो पदको दुरुपयोग गर्नु- त्यसपछि फूर्ति गर्नु । यहाँका ७५ प्रतिशत पदासीनहरू आफैलाई अलेक्जेण्डर भनी ठान्छन् ।

पदच्युत भएपछि ती अलेक्जेण्डरहरूको रोगन दयनीयरूपले खस्न थाल्छ । कुसंस्कृत, सुशिक्षित कुरुचि सम्पन्नहरूको बहुसंख्या जबसम्म प्रभावशाली भैरहन्छ तवसम्म देश अधोगतितिर गइरहनेछ । अधोगतितिर गैरहेको समाजबाट छोटो वा लामो कालसम्म मुक्ति पाउनका लागि प्राकृतिक रूपले अति सम्पन्न, बीच-बीचमा आध्यात्मिक आलोकको संकेत दिने खालका पर्वतीय, समुद्री स्थलहरूतिर जानु एक अत्यन्त रोचक र उर्धगमनकारी कर्म हुन सक्छ । आज याद आयो गंगोत्री, सरस्वती, मन्दाकिनी र अलकनन्दाको । साथै ब्रह्मकपालीको पनि । जति सुन्दर भूगोलमा गए पनि काठमाडौंको प्रमुख चरित्र सताइरहन्थ्यो कुनै पलहरूमा । चन्द्रिकाको सुगन्ध र सौन्दर्य, बाग्मतीको दुर्गन्ध र विरूपता एकैसाथ संघर्षशील हुन्छन् मेरो स्मृति र चेतनामाथि ।

## नीति-नियम



मानिसले आफूले गरेको कर्मको फल अवश्य भोग्नुपर्छ । यदि आफूले गरेको फल भोग्न तयार नभए समाधानका उपायहरू खोज्न सक्नुपर्छ, उपाय नपाए फल भोग्नुपर्छ ।

जुन रोगको उपचार हुनसक्छ तर रोगबाट छुट्कारा पाउन उपचार गरिँदैन भने त्यसको परिणाम भोग्नुपर्छ । कसैले गाली गरेर उपदेश दिन थाल्यो भने त्यो उपदेश लिन को तयार होला ?

राम्रो फल दिने कार्यप्रति मानिसको मन जान्छ भने नराम्रो फल दिने कामप्रति मानिसको मन जाँदैन । त्यसैले सत्य र असत्य बुझ्न शास्त्र अध्ययन गरेर आफ्नो आचरण बनाउनुपर्छ ।

**–शुक्रनीति**

**अनुवाद : रामहरि बन्जारा**



## चि ठी प त्र

### विश्वकप हेर्नै पाइएन

प्रत्येक चार वर्षमा आयोजना हुने विश्वकै लोकप्रिय खेल फुटबलको महासंग्राम 'विश्वकप फुटबल' अहिले जारी छ । जर्मनीमा आयोजना भैरहेको अठारौं विश्वकप फुटबल प्रतियोगिताले विश्वकै ध्यान आकर्षित गरेको छ तर जेठको अन्तिम सातादेखि प्रारम्भ भएको यस पटकको विश्वकप फुटबल प्रतियोगिताले हामी मोफसलमा बसोबास गर्ने फुटबलप्रेमीलाई मनोरञ्जन दिन सकेको छैन ।

कारण हो, नेपाल टेलिभिजनले सबै प्रतियोगिता प्रत्यक्ष प्रसारण नगर्नु । हामी ग्रामीण क्षेत्रमा बसोबास गर्ने दर्शकहरू केवल टेलिभिजनको पहुँचबाट टाढा छौं, त्यसैले हामी इएसपीएनको प्रसारणबाट वञ्चित छौं । विश्वकपका सबै खेल इएसपीएनले प्रत्यक्ष प्रसारण गरिरहेको सुनेका छौं तर हाम्रो पहुँचको नेपाली च्यानल नेपाल टेलिभिजनले सबै खेलहरू प्रत्यक्ष प्रसारण नगर्दा हामी जस्ता फुटबलप्रेमीहरू मर्माहत भएका छौं ।

विडम्बना त के छ भने अघिल्लो पटकको विश्वकप प्रतियोगिताका सबै खेलको प्रत्यक्ष प्रसारण गर्ने नेपाल टेलिभिजनले यसपटक त्यसलाई निरन्तरता दिन सकेन ।

**–जीवन कार्की, विराटनगर**

### क्यासिनोको खबर

लाजिम्पाटस्थित होटल सांग्रिलामा क्यासिनो खोल्ने तयारी भैसक्दा पनि लाइसेन्स प्राप्त गर्न नसक्दा उक्त क्यासिनो खुल्न सकेको छैन । कारण क्यासिनोको लाइसेन्स दिने सरकार नै हो । यसका लागि सम्पूर्ण कर्मचारीको छनौट करिब ६ महिनाअघि नै भैसकेको र व्यवस्थापन बाह्रेकका करिब २ सय ५० जना कर्मचारीलाई बिनापारिश्रमिक काम लगाइएको छ । देशमा सरकार परिवर्तन भएका कारण लाइसेन्समा ढिलाइ हुन गएको हो । सुन्नमा आएअनुसार अहिले सरकारी पक्ष र व्यवस्थापनबीच बार्गेनिङ चलिरहेको छ । यसबीच पोखराको फूलबारी होटलमा खोल्न लागिएको क्यासिनो पनि स्थानीयवासीको विरोधका कारण खुल्न सकेको छैन ।

***–तालिमको अन्त्यमा निष्कासित एक प्रशिक्षार्थी***

### मूल्य घटाउन मिल्दैन ?

नेपाली संगीतले विगत एक दशकमा निकै लामो फड्को मारिसकेको छ । पछिल्लो एक दशकमै नेपाली सांगीतिक क्षेत्रले उद्योगकै रूप पनि लिइसकेको छ । नेपाली टेलिभिजनको संख्या बढ्नु तथा म्युजिक भिडियोको निर्माणमा तीव्रता आउनुले पनि संगीतलाई उद्योग भन्न कर लागेको हो ।

त्यसो त एफ.एम.ले पनि नेपाली संगीतलाई लोकप्रिय बनाउन ठूलै भूमिका निर्वाह गरेको छ । यति हुँदाहुँदै पनि अधिकांश गायक-गायिकालाई एउटै कुराले पिरोलेको छ । उनीहरू भन्छन्, हाम्रा गीतिसंग्रह बिक्री नै हुँदैनन् । अडियो संग्रह सुस्त रूपले बिक्री भए पनि सिडी संग्रहको बिक्री त हुँदैन भने पनि हुन्छ । सिडी संग्रह बिक्री नहुने एक मात्र कारण यसको मूल्य बढी हुनु नै हो ।

कुनै पनि नेपाली गीतका सिडीहरू कम्तीमा २ सय ५० रुपैयाँभन्दा कममा पाइँदैनन् । जबकि एउटा सिडी संग्रह तयार पार्न ५० रुपैयाँभन्दा बढी लाग्दैन । सिडी संग्रहको मूल्य बढी भएकै कारण श्रोताले चाहेर पनि नेपाली गीतको सक्कली सिडी किनेर सुन्दैनन् तर प्रत्येक श्रोतासँग करिब २५-३० रुपैयाँमा सजिलै नक्कल गर्न सकिने सिडीहरू छन् । यदि नेपाली गायक-गायिकाका सिडी संग्रहहरूको बिक्री बढाउने हो भने क्यासेट कम्पनीले सिडीको मूल्य घटाउनैपर्छ । यदि सक्कली सिडी संग्रहको मूल्य १ सय रुपैयाँ राखियो भने पक्कै पनि नक्कली गीतिसंग्रह किन्ने श्रोताहरू घट्नेछन् भने अर्कातिर सक्कली संग्रहको बिक्री पनि बढ्नेछ ।

**–सुदर्शन भट्टराई, बुद्धनगर, काठमाडौं**

### नयाँ–नयाँ विधा समेटोस्

साप्ताहिक युवा पुस्तादेखि प्रौढसम्मको मन जित्न सफल छ । यो पत्रिकाभित्र समयसापेक्ष हरेक विधालाई समेटिएकाले पनि पाठकको मन जित्न सफल भएको हो । म साप्ताहिकको तीन वर्षअघिदेखिको नियमित पाठक हुँ । म हरेक साता कहिले शुक्रबार आउँछ भनेर समय बिताउँछु । यो पत्रिका मेरो मनमस्तिष्कलाई छुन सफल छ । यसरी नै सधैं मजस्ता लाखौं श्रोताको मनलाई पगाल्दै जाओस् र समयसापेक्ष नयाँ-नयाँ विधाहरूलाई समेत समेटेर श्रोतामाझमा आउन सकोस्, साप्ताहिकलाई प्रगतिको शुभकामना ।

**–प्रेमसुन्दर चेम्जोङ, पाँचथर**

## तीतो सत्य

-काम गर्नाले नै कृति प्राप्त हुन्छ, त्यसैले काम पूजा हो ।

-संयम हरेक रोगको औषधी हो ।

-साधुले आफ्नो उमेर बढाएर भन्छ, वेश्याले घटाएर भन्छे ।

-प्रत्येक व्यक्ति आफ्नो निर्माण आफै हो ।

**शुकबहादुर दुरा, लमजुङ**

-छलकपटको कामले क्षणिक आनन्द र गर्व मिले पनि जीवनभरका लागि नमेटिने दाग लाग्छ ।

-झूठ कुरा लुकाउनुलाई झूठ बोल्नुपर्छ, त्यसैले झूठ बोलेर न आफ्नो भलो हुन्छ न अरूको । इमानदारीपूर्वक गरेको काम एवं बोलेको सत्य कुराले कहिल्यै विगार गर्दैन ।

**वसन्त खत्री, पनौती**

-विश्वास नै मिलनको महत्त्वपूर्ण आधार हो ।

-सबैभन्दा बढी सन्तुष्टि हाँसोबाट प्राप्त हुन्छ ।

**बलथापा मगर, व्यास–२, दमौली,**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

# सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल

## विद्यार्थीको नजरमा पिनाकल कलेज

*"बोर्ड टप भएकै कारण ऐश्वर्या विद्यापदक पनि पाए, यसको सम्पूर्ण श्रेय मैले पिनाकललाई दिएकि छु।"*



**ऐश्वर्या विद्यापदक विजेता सुनिता घिमिरे -उमाशि वोर्ड** (२०६१-२०६२) **को परीक्षामा ८८.२% अंक प्राप्त गर्ने सर्वोत्कृष्ट विद्यार्थी।**

हरेक विद्यार्थीलाई एसएलसी उत्तिर्ण भए पछि राम्रो कलेज छनौट गर्न समस्या हुन्छ। यस्तै समस्यामा म पनि थिए। त्यसमा पनि एसएलसीमा राम्रो अंक ल्याएर उत्तिर्ण भएकाले उच्च शिक्षामा पनि परिणामलाई यसप्रकारकै निरन्तरता दिनु थियो। पिनाकल कलेजको बारेमा मैले वाहिर जसरी सुनेको थिए, म यसको छात्रा भएपछि त्यो भन्दा बढी सुविधा पाए। जसको कारण मैलै उच्च माध्यमिक शिक्षा परिषदबाट संचालित कक्षा ११ र कक्षा १२ को परीक्षामा लगातार 'बोर्ड टप' स्थान हासिल गर्न सफल भए। बोर्ड टप भएकै कारण ऐश्वर्या विद्यापदक पनि पाए, यसको सम्पुर्ण श्रेय मैले पिनाकललाई दिएकि छु। पिनाकल पढ्ने विद्यार्थीका लागि सही छनौट हो, औसत शुल्कमा पनि राम्रो सुविधा सहित गुणस्तरिय शिक्षा दिन्छ भन्ने पिनाकलले प्रमाणित गरेको छ। म हाल पूर्ण छात्रवृत्तिमा नेपालगन्ज मेडिकल कलेजमा एमविविएस अध्ययनरत छु।

*"पढाईसँगै मोडलिङमा पनि संलग्न भएकि हुनाले कहिलेकाही म कलेज आउन सक्दिन तर शिक्षकहरूले छुटेको कक्षामा विशेष सहयोग गर्नुहुन्छ।"*



**मिस ललितपुर-२०६० अनु श्रेष्ठ (म्युजिक भिडियो र विज्ञापनमा अभिनय)**

## विद्यार्थी मत सर्वेक्षण

विविएस प्रथम वर्ष व्यवस्थापनमा ७० प्रतिशत अंक ल्याएर प्लस टु उत्तिर्ण गरेपछि मैले स्नातक अध्ययन गर्न पिनाकललाई रोजेकि छु। गुणस्तरिय अध्ययनको लागि पिनाकलको नाम सुनेपछि अभिभावकको सहयोगमा मैले यहाँको शैक्षिक वातावरण बुझें। यहाँ पढ्न आएपछि मलाई पिनाकल रोजेर सहि निर्णय गरेछु भन्ने भयो। सहयोगी शिक्षक, शिक्षिका, अनुशाशित वातावरण र उच्च शैक्षिक वातावरण पिनाकलको विशेषता हुन्। पढाईसँगै मोडलिङमा पनि संलग्न भएकि हुनाले कहिलेकाही म कलेज आउन सक्दिन तर शिक्षकहरूले छुटेको कक्षामा विशेष सहयोग गर्नुहुन्छ। अतिरिक्त क्रियाकलापमा पनि यो कलेज अगाडी छ। म वास्केटवल खेलाडी पनि हू। व्यवस्थापनमा पनि व्यवहारिक शैलीको अध्यापनमा यो कलेजले विशेष जोड दिएको छ।

*"मैले बि.ई. ईन्जिनियरिङमा छात्रबृत्ति पाएपनि अहिले एमविविएस अध्ययनको लागि प्रवेश परीक्षाको तयारी कक्षा लिइरहेको छु।"*



**निर्मल श्रेष्ठ- उमावि बोर्ड** (२०६१-२०६२) **को परीक्षामा ८७.१ प्रतिशत अंक ल्याउने सर्बोत्कृष्ट छात्र**

त्रिपद्म विद्याश्रम पुल्चोकबाट ८४ प्रतिशत अंक ल्याएर उत्तिर्ण भएपछि उच्च शिक्षाको लागि मैले ३-४ वटा कलेजको कक्षा लिए। पिनाकल कलेजले मात्र प्रभावित तुल्यायो। यो कलेज सहि छ भन्ने मेरो निर्णय वास्तवमै सहि ठहरियो।

**प्रनिता चित्रकार-उमाशि वोर्ड** (२०६१/६२)**परीक्षामा ८५.९ प्रतिशत अंक प्राप्त गर्ने सर्वोत्कृष्ट छात्रा**



म बि.ई. ईन्जिनियरीङ्ग पुल्चोकमा **Architect** पढ्दैछु र इन्डियन एम्बेसीमा पनि आठौं स्थान निकाल्न सफल भए। म सफल हुनुमा पिनाकलकै ठुलो योगदान छ। किनभने असल प्राध्यापकहरु उत्प्रेरणा तथा असल वातावारणकै कारण सफलता प्राप्त गर्न सकिन्छ, जुन कुरा पिनाकलमा पाईन्छ।



**ल्यावमा विद्यार्थी**



**सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरु**

## गौरवशाली उपलब्धिहरू

**एमविविएस**
(पुर्ण छात्रवृत्तिमा यो वर्ष भर्ना पाएकाहरू)
सुनिता घिमिरे
विश्वम्भर थापा

**ईन्जिनियरिङ (बिई)**
(पुर्ण छात्रवृत्तिमा यो वर्ष भर्ना पाएकाहरू)
प्रनिता चित्रकार
तुल्सी नारायण श्रेष्ठ
दुर्गा प्रसाद ओली
निर्मल श्रेष्ठ
प्रकाश अधिकारी

**एमविविएस तथा बिडिएस अध्ययनरत छात्रछात्राहरू**
विष्णुमाया खरेल
प्रविन तिवारी
आकृति कोइराला
विश्वनाथ मिश्र
अनिलबाबु ओझा

**पूर्ण छात्रवृत्तिमा एमविविएस अध्ययनरत छात्रछात्राहरू**
नरेन्द्र श्रेष्ठ
अर्पणा न्यौपाने
लक्ष्मि प्रसाद त्वायना
भक्तदेव श्रेष्ठ
विकास पौडेल
रामकृष्ण लामिछाने **(विडिएस)**

**चार्टर्ड एकाउन्टेन्ट अध्ययनरत**
रेनु महर्जन
जलदिप कार्की

**हेल्थ साईन्स अध्ययनरत**
सुरज शाक्य (फार्मेसी)
चिरञ्जिवी नेपाल (विपिएच)
बिना अधिकारी (विपिएच)
पल्लबी चौधरी (फार्मेसी)
सरला खड्का (बिपिएच)
प्रितम श्रेष्ठ (बिपिएच)
उमेश श्रेष्ठ (बिपिएच)

**ईन्जिनियरिङ बिईमा अध्ययनरत**
सुरज श्रेष्ठ(चेक गणतन्त्र)
कविन ताम्राकार
प्रताप वानियाॅ
प्रकाश अधिकारी
ईला श्रेष्ठ
राजेन्द्र रोक्का
राजेश बोगटी
प्रोमिश दाहाल
सिमा ठाकुर
सिन्धु देवकोटा
सुमनराज शर्मा
हरेराम शर्मा
मुकुन्द पोखरेल
सुनिता केसी
सुश्मा अर्याल
रविन्द्र ठाकुर
उज्वल सिलवाल
मोनिका साहु
सम्झना पोखरेल
महेश्वर सिलवाल
पुर्ण प्रसाद महर्जन
सगुन पाण्डे(लण्डन)

**Pinnacle Academy H.S.S.**
**Slc Board Toppers 3:**
Full Scholarship with Hostel facilities.
**85% & above:**
Monthly fee free (1st 10 seat only)
**80%& above:**
50% free in monthly & admission (15 seat only)
**District Toppers:**
Full Scholarship in monthly fee
**Entrance Test Toppers:**
Full Scholarship in monthly fee (5 seats only)
**75%-80%:**
20%-25% free in admission
**Scholarship Provision**

**२०६१/६२ उमाशि वोर्डमा सर्वोत्कृष्ट पिनाकलका विद्यार्थीहरू**

| | |
|---|---|
| सुनिता घिमिरे-८८.२ प्रतिशत, | निर्मल श्रेष्ठ-८७.१ प्रतिशत |
| विश्वम्भर थापा-८७ प्रतिशत, | प्रनिता चित्रकार-८५.९ प्रतिशत |
| दुर्गाप्रसाद ओली-८५.८ प्रतिशत, | तुल्सीनारायण महर्जन-८५.३ प्रतिशत |

### गरिबी नै शिक्षाको वाधक नबनोस्

**-ऋषी तिवारी (प्रिन्सीपल पिनाकल कलेज)**



## कुराकानी

स्तरिय अध्यापन र व्यवस्थापनकै कारण आज पिनाकल एकेडेमी उत्कृष्ट कलेजहरूको सुचीमा उभिन सफल भएको छ। यो सफलता प्राप्त गर्नुमा प्राध्यापक, उपप्राध्यापक, व्यवस्थापक, विद्यार्थी तथा अभिभावकहरूले आ-आफ्नो क्षेत्रमा योगदान गरेका छन्। एसएलसी पछिको उच्च शिक्षाका लागि प्लस टु लोकप्रिय भैरहेको अवस्थामा महङ्गो शुल्कका कारण त्यसतर्फको यात्रा गर्न नसकिरहेकाहरूलाई लक्षित गरेर यो कलेजको स्थापना भएको हो। कम आयश्रोतकै कारण जेहन्दार विद्यार्थीले उच्च शिक्षाको अध्ययनबाट बञ्चित हुन नपरोस भन्ने हाम्रो चाहना हो। जस अनुसार औसत शुल्कमा विद्यार्थीलाई पर्याप्त सुविधामा गुणस्तरिय शिक्षा दिनु कलेजको उद्देश्य हो। कलेज भित्र र वरिपरिको क्षेत्रमा विद्यार्थीहरूलाई अनुशाशित राखेर उनीहरूको रूची अनुसारको क्षेत्रमा 'करिअर' परामर्शको सुविधा पनि उपलब्ध गराएका छौं। आगामी दिनमा पनि उच्च शैक्षिक सफलताको निरन्तरताका लागि कलेजको तर्फबाट प्रतिबद्धता जनाउन चाहान्छु। एसएलसी उत्तिर्ण गरेर उच्च शिक्षाको लागि कलेज छनौट गर्ने योजनामा रहेका विद्यार्थीहरूका निम्ती पिनाकलको ढोका खुल्ला छ।

## विशेषताहरू -

अनुशाशनमा विषेश जोड। अध्ययनका लागि पारिवारिक शैक्षिक वातावरण। छात्रावासको व्यवस्था।

एसएलसी पछि औसत शुल्कमा विद्यार्थीले उच्च शिक्षाको अवसर पाउने नदेखिएकाले प्राध्यापन पेशामै संलग्न शिक्षकहरूको समुहद्धारा कलेजको स्थापना गरिएको।

निम्न र मध्यम वर्गिय परिवारका विद्यार्थीहरूलाई लक्षित गरिएको।

गुणस्तरिय शिक्षाका लागि उत्कृष्ट व्यवस्थापन।

प्राध्यापन पेशामा लामो समय अनुभव प्राप्त तथा वहुप्रतिभाशाली प्राध्यापक, उप प्राध्यापक र पाठ्यपुस्तक लेखकहरूबाट अध्यापन हुने।

आर्थिक रूपमा कमजोर भएका, प्रवेशिका राम्रो अङ्क ल्याएका विद्यार्थीहरूलाइ अवस्था हेरी छात्रवृत्ति। दलित, जनजाती, दुर्गम, द्वन्द्धपिडित विद्यार्थीहरूलाई पनि छात्रवृत्तिमा पर्याप्त अवसर।

शैक्षिक स्तरियता कायम राख्न आन्तरिक परीक्षामा विशेष जोड। कलेजको युनिट टेस्टमा उत्कृष्ट हुने विद्यार्थीलाई महिनाभरिको शुल्क मिनाहा। अतिरिक्त क्रियाकलापमा पनि त्यतिकै जोड। वास्केटवल, भलिवल, टेवलटेनिस लगायत अन्य क्रियाकलापको आयोजना।

प्रयोगशाला, पुस्तकालय स्तरिय प्रबन्ध। शहरका मुख्य केन्द्रहरूमा यातायातको व्यवस्था।

## पिनाकल नै किन ?

उत्कृष्ट विद्यार्थीहरूको रोजाई बनेको पिनाकल कलेजले छोटो समयमै आफुलाई स्तरिय कलेजहरूको सूचीमा उभ्याउन सफल भैसकेको छ। गत वर्षको कक्षा ११ र १२ को परीक्षामा पनि ८८ प्रतिशत विद्यार्थीलाई नियमित परीक्षामा उत्तिर्ण गराउन सफल यो कलेज ललितपुरको सुगम स्थल लगनखेलमा अवस्थित छ। उच्च शिक्षाको क्रममा कुन कलेज छनौट गर्ने भन्ने दुविधा थियो' उच्च माध्यमिक शिक्षा बोर्डबाट कक्षा ११ र १२ मा ८८ दशमलव २ प्रतिशत ल्याएर सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल ऐश्वर्या विद्या पदक विजेता सुनिता घिमिरेले भनिन- आखिर पिनाकलको छनौट मेरो क्यारियर विकासको निम्ती सही ठहरियो। एमविविएस अध्ययनरत सुनिताको यो भनाइले पनि शैक्षिक अध्ययनको लागि पिनाकल मार्गदशक बन्न सक्छ भन्ने पुष्टि गर्छ। यसैगरी बोर्डकै परीक्षामा ८७ प्रतिशत अंक ल्याई तृतिय स्थान ल्याउन सफल तथा मणिपाल कलेज पोखरामा पूर्ण छात्रवृत्तिमा एमविविएस अध्ययनरत विश्वम्भर थापाले भनें- पिनाकलको शिक्षण विधी उत्कृष्ट रहेकाले नै विद्यार्थीले पढेका कुरा राम्ररी बुझ्न सक्छन्। योग्य शिक्षक, उत्कृष्ट व्यवस्थापनका बीचमा पिनाकलको अबको परिचय भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा अगाडी आईसकेको छ। पिनाकलमा विज्ञान, व्यवस्थापन र मानविकि तिनवटै संकायमा प्लस टु अध्यापन गराईन्छ। प्लस टुवाट शुरूवात भएको यो कलेजमा विगत तीन वर्ष यता त्रिभुवन विश्वविद्यालयको सम्वन्धनमा विविएस पनि सञ्चालन गरिएको छ। कलेजले सिटिईभिटीको सम्वन्धनमा ३ वर्षे फार्मेसी डिप्लोमा पनि गराउँदै आएको छ। ४० सीटको लागी लिईने फार्मेसीका लागि प्रवेशिका उत्तिर्ण गरेको हुनुपर्नेछ। मध्यम र निम्नवर्गीय विद्यार्थीहरूलाई लक्षित गरि खोलिएको यो कलेजको मुख्य उदेश्य औसत शुल्कमा गुणस्तरिय शिक्षा प्रदान गर्नु हो। प्राज्ञिक पृष्ठभुमी भएका शिक्षकहरूको सक्रियतामा खोलिएको यो कलेजमा विज्ञान, व्यवस्थापन तथा मानविकी विषय लिएर अध्ययन गर्ने ९० प्रतिशत विद्यार्थीले राम्रो अङ्क सहित उत्तिर्ण हुने गरेका छन्। २०६१/६२ को बोर्ड परीक्षामा प्लस टु बोर्डको टप टेनमा यहि कलेजका ६ विद्यार्थी पर्न सफल भएका थिए।



**पिनाकल कलेज भवन लगनखेल**

## कलेज विश्लेषण

**Advt.**

## हाम्रो नेपालमा

### ठगप्रसादको ठगी



हाम्रो समाजमा ससुरा र बुहारीको सम्बन्धलाई पिता-पुत्रीको जस्तै पवित्र मानिन्छ, तर पर्वत जिल्लाको खानीगाउँ गाविस वडा नम्बर ७ का ७० वर्षीय ठगप्रसाद तिवारीले सम्बन्धको यो पवित्रतालाई नष्ट गरेका छन् । प्राप्त समाचारअनुसार आफ्नी बुहारी टुकाकुमारीलाई गर्भवती बनाई अहिले ठगप्रसाद फरार भएका छन् । ससुरा फरार भएपछि बुहारी टुकाकुमारी तथा उनको नवजात शिशु अहिले कुस्माबजारमा अलपत्र परेका छन् । ३० वर्षीया टुकाकुमारी ठगप्रसादका जेठा छोरा ठगरामकी श्रीमती हुन् । पीडित टुकाकुमारीका अनुसार गएको असोज महिनाको अन्तिम साता घाँस काट्ने क्रममा ससुरा ठगप्रसादले मुखमा टोपी कोचेर हँसिया देखाउँदै बलात्कार गरेका थिए । ससुराले बलात्कार गरे पनि लोकलाजका कारण उनले त्यतिबेला केही भनिनन् । टुकाकुमारीले आफनी आमाजु लगायत केहीलाई आफ्नो समस्या बताए पनि ससुराले समाधान गर्छन् भनेर उनीहरू तर्किएका थिए । चैत महिनामा हल्लाखल्लापछि ससुरा फरार भएका थिए

### छोरीसँग कुकर्म

झट्केलो वा सौतेनी जे भए पनि त्यस्ता छोराछोरीलाई हाम्रो समाजमा नैतिक रूपमा आफ्नै छोराछोरीसरह मानिन्छ तर धनुषा जिल्लाको ढल्केवर गाविसमा घटेको एउटा घटनाले पिता-पुत्रीको पवित्र सम्बन्धमाथि प्रश्नचिह्न उभ्याएको छ । आफ्नी झट्केली छोरीलाई बलात्कार गरेको अभियोगमा ३९ वर्षीय मोहन खड्कालाई प्रहरीले पक्राउ गरेको छ । अभियुक्त खड्काले मंगलबार असार १३ गते आँप बगैंचामा लगेर आफ्नी नौ वर्षीया झट्केली छोरीलाई बलात्कार गरेको प्रहरीले जनाएको छ । स्वास्थ्य उपचार तथा अभियोग परीक्षणका क्रममा जनकपुर अञ्चल अस्पताल ल्याइएकी पीडित बालिकाले अभियुक्त खड्काले आफूलाई जबर्जस्ती करणी गरेको बताएकी छन् । पीडित बालिकाकी आमाले पनि आफ्नो पतिले पितृत्व बिर्सेर छोरीसँग दुष्कर्म गरेको बताइन् ।

### सबै सन्तान अन्धा भएपछि

कसैका घरमा जन्मने सबै बालबालिका जन्मजात अन्धा छन् भन्दा धेरैलाई अचम्म लाग्न सक्छ तर धादिङ जिल्ला खाल्टे गाविस वडा नम्बर ४ कात्तिकेपाखास्थित विनोद ज्ञानी मगरको घरमा जन्मिएका सबै सन्तान दृष्टिविहीन छन् । आफ्ना सबै सन्तान दृष्टिविहीन रहेपछि भएपछि ज्ञानी दम्पती चिन्ताग्रस्त हुनु स्वाभाविक हो । उनीहरूका सात वर्षीया छोरी विना, चार वर्षीय छोरा रोशन र दुई वर्षीय छोरा सुजन आँखा देख्दैनन् । ती तीनवटै बालबालिका एक-अर्कासँग भेट हुनेबित्तिकै झगडा गर्न थाल्छन् । त्यसैले विनोदले सबैका लागि छुटाछुट्टै कोठा बनाएका छन् । ज्ञानी परिवारले उनीहरूलाई सबै अस्पताल देखाइसके, धामी-झाँक्री लगाए, जान्नेलाई हेराए तर केही नलागेपछि निराश छन् ।

### महिलाले लास बोके

प्रतिनिधिसभाले महिलाहरूलाई ३३ प्रतिशत आरक्षणको घोषणा गरेपछि अहिले मुलुक महिलामय भएको छ । यसअघि पनि सामाजिक व्यवहारमा थुप्रै परिवर्तन देखिंदै आएका छन् । महिलाहरू मलामी जाने, छोरीले दागबत्ती दिने, छोरी क्रियापुत्री बस्नेजस्ता समाचार सुनिंदै आएको हो । परम्परागत रूपमा पुरुष वा छोराले गर्दै आएका त्यस्ता कामहरू सामान्य हुन थालेपछि पछिल्लो पटक महिलाहरू आफैंले लास बोक्ने जस्तो कामसमेत गरेका छन् । महिलाहरूले लास बोक्नुहुँदैन भन्ने परम्परागत सामाजिक मान्यतालाई चुनौती दिंदै पाल्पाका महिलाहरूले गत असार १२ गते लास बोकी घाटसम्म पुऱ्याएर दाहसंस्कार गरेका छन् । प्राप्त जानकारीअनुसार पाल्पा जिल्लाको यम्घा गाविस वडा नम्बर ५ का आठ



जना महिलाले स्थानीय धनकुमारी विश्वकर्माको लासलाई घाटसम्म पुऱ्याएका थिए ।

### क्षयरोगीहरूको गाउँ

ताप्लेजुङ जिल्लाको दुर्गम गाउँ पापुङ निवासी १२ वर्षीय बालक लाक्पा शेर्पा सानै उमेरमा क्षयरोगबाट पीडित छन् । ३५ वर्षको उमेरा उनका बाबु छेम्बे शेर्पाको क्षयरोगकै कारण मृत्यु भएपछि शेर्पा टुहुरा बनेका हुन् । पापुङ गाउँमा लाक्पा मात्र नभएर ७५ प्रतिशत शेर्पा जातिका व्यक्तिलाई क्षयरोगले गाँजेको छ । पापुङ गाविसमा शेर्पा जातिको बाहुल्यता छ । विभिन्न अन्धविश्वासका कारण पनि गाउँलेहरू क्षयरोगबाट ग्रस्त हुन पुगेको उपस्वास्थ्य चौकी पापुङका अहेव लालबहादुर पन्त बताउँछन् । उक्त गाउँमा क्षयरोगका कारण कतिले आमा गुमाएका छन्, बाबु गुमाएका छन् त कतिको सिन्दुर पुछिएको छ । उक्त गाउँमा क्षयरोग नियन्त्रणका लागि पहल हुँदै नभएको भने होइन । ब्रिटिस मेडिकल टोलीले डट्स उपचार प्रविधि लागू गरी सो गाउँमा क्षयरोग नियन्त्रण गर्ने प्रयत्न गऱ्यो तर स्थनानीयवासीको असहयोगले उक्त प्रयत्न सफल हुन नसकेको जिल्ला अस्पताल ताप्लेजुङका डा. श्रीराम साह बताउँछन् ।

## कान्तिपुर समाचार डायरी

### वार्षिक पन्ध्र हजार बालबालिकाको मृत्यु

नेपालमा प्रत्येक वर्ष झाडापखालाबाट पाँच वर्ष मुनिका १५ हजार बालबालिकाको मृत्यु हुने गरेको छ । बालबालिकाको जन्मपछि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदूषित पानी र उचित सरसफाइको कमीले मृत्यु हुने गरेको विभिन्न अनुसन्धानबाट पुष्टि भैसकेको छ । खानेपानी शुद्धीकरण गरी पिउनाले ३० देखि ४० प्रतिशत झाडापखालामा कमी आउने, खानेपानीलाई सुरक्षित किसिमले सञ्चय गर्नाले कम्तीमा ४० प्रतिशत तथा सरसफाइले ३० प्रतिशतभन्दा बढी झाडापखालामा कमी हुनसक्छ । त्यस्तै सफासँग साबुन पानीले हात धुनाले ४० प्रतिशत र दिसा-पिसाबको सुरक्षित विसर्जनले ३० प्रतिशतभन्दा बढी झाडापखालासम्बन्धी रोग कम गर्न सकिन्छ ।

### बर्सेनि १६ हजार व्यक्तिको मृत्यु

धूम्रपानका कारण नेपालमा बर्सेनि १६ हजार व्यक्तिको मृत्यु भैरहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदनमा उल्लेख छ । नेपालमा ४९ प्रतिशत पुरुष र २९ प्रतिशत महिलाले धूम्रपान गर्छन् । क्यान्सर रोगको प्रमुख कारकतत्त्व रहेको धूम्रपानले विश्वमा बर्सेनि ५० लाख मानिसको मृत्यु हुने गरेको र सो संख्या सन् २०३० सम्ममा एक करोड पुग्ने अनुमान छ । सुर्ती सेवनका कारण मानव शरीरमा २५ किसिमका रोग लाग्छ, जसमा मुख्यतयाः फोक्सो, मुख र घाँटीको क्यान्सर, मुटु रोगी, क्षयरोग, दम र खोकीजस्ता रोग तथा सुर्ती एवं कक्कडको धूलोमा प्राणघातक रोग लाग्न सक्ने ४ हजार प्रकारका विभिन्न रासायनिक तत्त्व रहेको विज्ञहरू बताउँछन् ।

### गर्भनिरोधकको अभाव हुने

नेपाल सरकार तथा विभिन्न दातृ निकायको सहयोगमा निःशुल्क रूपमा उपलब्ध गराईंदै आएको गर्भनिरोधक साधन एवं अन्य अत्यावश्यक औषधीको सन् २००७ पछि अभाव हुने देखिएको छ । सन् २००६ देखि २०१० सम्मका लागि आवश्यक पर्ने यस्ता गर्भनिरोधक साधन र अन्य अत्यावश्यक औषधी सन् २००७ सम्म मात्र आपूर्तिको सुनिश्चितता भएको छ । परिवार स्वास्थ्य महाशाखाको तथ्यांकअनुसार सन् २००८ देखि २०१० सम्मका लागि १ करोड ३२ हजार डलर बराबरका गर्भनिरोधक साधनको आवश्यकता पर्ने उल्लेख छ, जसमध्ये २ लाख २० हजार डलरका ९ करोड १० लाख थान कन्डम आवश्यक पर्ने देखिएको छ । त्यस्तै यस अवधिमा १२ लाख ८० हजार डलरका पिल्स, ४ लाख ८५ हजार डलरका नरप्लान्ट, १७ हजार ५ सय डलरका आइयुडी र ६२ लाख २० हजार डलरका इन्जेक्टेबल साधनको आवश्यकता पर्ने देखिएको छ । त्यस्तै निःशुल्क रूपमा उपलब्ध गराइएका अत्यावश्यक औषधी पुनर्जलीय पदार्थ, भिटामिन ए, कोट्रिम, आइरन तथा ओक्सिटोक्सिनको अभाव सन् २००६ देखि नै सुरु हुने देखिएको छ । सन् २००६ देखि सन् २०१० सम्मको अवधिमा करिब २० लाख १४ हजार डलरका यस्ता अत्यावश्यक औषधीको अभाव हुनेछ ।


# गाईघाटमा ज्ञानविज्ञान कुञ्ज

**कमल रिमाल**

पहराभित्र रहेका बुद्धले आफैंलाई उत्खनन् गर्दैछन् । चट्टानभित्र देखिने बुद्ध छिनोमा हथौडा बजार्दै आफैंलाई आकार दिंदैछन् । बुद्धले आफ्नै मूर्ति बनाउँदै गरेको देख्न सकिन्छ उदयपुरको गाईघाटस्थित ज्ञानविज्ञान कुन्जमा । कृत्रिम तलाउको मध्यभागमा रहेको बुद्धको ठूलो मूर्तिले पहरा फुटाएर आफैंलाई आकार दिइरहेको मूर्ति हेरेपछि कुन्जभित्र हरेक प्रकारका मूर्तिका प्रयोग हेर्न सकिन्छ ।

उक्त मूर्तिलाई श्रमिक बुद्ध बताउने कलाकार विक्रमश्री भन्छन्– 'मजदुरको सम्मानमा बुद्धले हथौडा र छिनो लिएका हुन् ।' मूर्तिकारले बुद्धले पनि श्रमको सम्मान गर्छन् भन्न खोजेका छन् । विक्रमश्रीको कृतिमा उक्त मूर्तिलाई कलाकार सूर्यबहादुर केसीले अनुकृति दिएका हुन् । निर्माणाधीन उक्त मूर्ति तयार हुन १० लाख रुपैयाँ खर्च हुने बताइन्छ ।

ज्ञानविज्ञान कुञ्जभित्र निर्माणाधीन श्रम स्मारकमा कलाकारहरूले कलाको सय दिनसम्म साधना गरी सिर्जना गरेका मूर्तिहरू मात्र नभै मूर्तिमा गरिएका नयाँ प्रयोगहरू पनि हेर्न सकिन्छ । महिला र पुरुष एकै हुन् भनेर देखाउन एउटै मूर्तिमा दुई लिङ्गको सम्मिश्रण गरिएको छ । किराँत युवतीको मूर्तिले गाग्रोबाट खन्याइदिएको पानी पिउन मानिसहरूको घुइँचो लाग्छ । निर्माणाधीन भ्यू टावर र प्यागोडा शैलीको बुद्धको ठूलो मूर्तिले गाईघाटको शोभा बढाउने निश्चित छ ।



आकर्षक भ्यू टावर निर्माण भएपछि त्यहाँबाट गाईघाटलगायत आसपासका रमणीय स्थलहरूको अवलोकन गर्न सकिनेछ । २३ विगाह क्षेत्रफलमा फैलिएको कुन्जमा परम्परागत प्रविधिको संग्रहालय हुनेछ । तेल र फलफूल पेल्ने कोल, धान कुट्ने खल, खोला तर्ने घिर्लिङ, भीर चढ्न प्रयोग गरिने फर्लिङ, ढुङ्गेसाँघु, ओखल, ढिकी, जाँतो, पानीघट्ट, धार लगाउने सान, रोटे पिङ, घुएत्रोजस्ता ५५ प्रकारका लोपोन्मुख नेपाली प्रविधिहरू संग्रहालयमा प्रयोग गरेर देखाइनेछ । सम्पूर्ण योजना तयार हुन ३ करोड रुपैयाँ खर्च हुने विक्रमश्रीले बताए । चार वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त परियोजना डेढ वर्षपछि आत्मनिर्भर हुने बताइन्छ ।

उक्त कुञ्जमा गुम्बज, प्यागोडा र शिखर शैली प्रयोग गरी तस्बिरजन्य दृश्यहरू तयार गरिनेछ । औषधीजन्य वनस्पतिहरूको संरक्षण गरी प्रचार-प्रसार गरिने जानकारी दिंदै पर्यटकीय गन्तव्यस्थलहरूमा पुग्नेहरूका लागि आधार शिविरका रूपमा रिसोर्टसमेत सञ्चालन गरिनेछ ।

कुञ्जले हरेक शनिबार गाउँ-गाउँमा गएर चित्रकला र कवितामा निपुण व्यक्तिहरूको खोजी गरी उनीहरूको कला संकलन गरेर गाउँलेमाझ प्रदर्शन गर्छ । कुञ्जबाहिर सडक किनारमा रहेको लामो पर्खालको क्यानभासमा तेलरंगबाट ६० वटाभन्दा बढी विभिन्न खाले चित्र बनाइएका छन् । बालबालिकाहरूको प्रतिभाको परीक्षण गर्न उनीहरूलाई नै प्रयोग गरी पर्खालमा बनाइएका चित्रले मानिसका संवेदनशीलतालाई उजागर गर्छन् ।

# अन्तर्जातीय प्रेमविवाहपछि बिचल्ली

**शिव शर्मा**

पोखरा- उनले पाँच वर्षसम्म खाई-नखाई बन्दुक बोकिन् । उक्त अवधिमा उनी कैयौं युद्धमा होमिइन् । गोली लागेर घाइते पनि भइन् । माओवादी पार्टीमा सामेल हुँदा उनी भर्खर १४ वर्षकी थिइन् । देशमा परिर्वतन ल्याउन उनले बन्दुक उठाइन् । पछि आफ्नै दाजुभाइसँग लड्नुपर्दा उनको मन रोयो अनि बन्दुक परित्याग गरिन् ।

तीन महिनाअघि प्रहरीसामु आत्मसर्मपण गरी माओवादी पुनर्स्थापना केन्द्र ढकालटारमा रहेर अहिले निकालिएकी माओवादीकी पूर्वप्लाटुन कमान्डर डोल्पा रिमीकी २० वर्षीया राजकुमारी बूढामगरको मन विगत सम्झँदा चस्स हुन्छ । अहिले युद्धविराम भएको छ । पाँच वर्षसम्म लडें तर मैले के पाएँ ? उनी भन्छिन्- अझै पनि ज्यानको सुरक्षा छैन । युद्धविरामपछि पनि माओवादीले कार्बाहीको क्रम सुचारु राखेपछि उनी आफ्नो घर जाने अवस्थामा छैनन् । उनले जिन्दगीको खुसी सहयात्रीका रूपमा गोरखा भीरकोटका १९ वर्षीय अनिश क्षेत्रीलाई पाएकी छिन् । ढकालटारमा रहेका माओवादीका पूर्वभ्यास प्लाटुन कमान्डर क्षेत्रीसँग उनले अन्तरजातीय विवाह गरिन् । अनिशलाई राजुकमारीको साहसी एवं निडर स्वभाव मन पऱ्यो। उनले मन बलियो बनाएर पहिलो प्रेम प्रस्ताव राखे।

रामकुमारीले पनि उनको प्रेम प्रस्ताव नकार्न सकिनन् । दुवैले मनलाई साक्षी राखेर पुनर्स्थापना



केन्द्रभित्रै विवाह गरेका हुन् । विवाह गरेको भर्खर एक महिनामात्र भएको छ । उनीहरूले विवाह त गरे, तर जिन्दगीको गाडी कसरी गुडाउने भन्ने चिन्ताले सताएको छ । घर जाने स्थिति छैन । उनीहरूमा माओवादीले कारबाही गर्छन् भन्ने डर पनि छ । अब आफ्नो घर जाऊँ भनेर ढकालटारबाट निकालिएपछि उनीहरू दुवै जना विचल्लीमा परेका छन् । 'कामको खोजीमा हिंड्दा-हिंड्दै साथमा भएको रुपैयाँ सकियो,' दुवैले न्यास्रो अनुहार बनाउँदै साप्ताहिकसँग भने । बेवारिसे बनेर पोखरासम्म आइपुगेका यी जोडी अलपत्र परेका छन् । बन्दुक बोकेको हातले अब जस्तोसुकै काम भए पनि गर्ने अठोट दुवैको छ । उनीहरूले कति मानवअधिकारीवादी संघ-संस्थालाई गुहारे तर कसैले पनि अहिलेसम्म सहयोग गरेका छैनन् । नेपालीले नेपालीलाई मार्न हुँदैन भनेर अनिशले गोरखाको सैनिक ब्यारेकमा आत्मसमर्पण गरे तर आत्मसमर्पणपछि उनलाई दुई महिना बेपत्ता पारियो । 'आईसीआरसीले थाहा नपाएको भए बेपत्ता पारिरहन्थे मलाई,' अनिशले आफनो अतीत कोट्याए ।

उता उनकै जीवनसंगिनी राजकुमारीको पीडा पनि कम छैन । सुरुमा आठ कक्षा पढ्दापढ्दै उनी माओवादीको आरोपमा १५ महिना जेल परिन् । राजकुमारीसँग अनिशभन्दा धेरै युद्ध लडेको अनुभव छ । खारा आक्रमणका क्रममा खुट्टामा लागेको गोलीको निशाना देखाउँदै उनले भनिन्- 'यसको मूल्य के रह्यो र अब ?'

## जिज्ञासा

•सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : विन फाइल आफैं कसरी बन्छ ? के यो भाइरस हो ?**

**–श्रृति, इमेलबाट**

**उत्तर** : विन फाइल सशक्त वर्म हो । केही समयअघि गुगललाई आच्छु-आच्छु पारेको विन फाइल भाइरस एकपटक फेरि चर्चामा आएको छ । एकपटक फेरि यो वेबकै सहायताले फैलिरहेको छ । अहिले यसलाई भाइरसभन्दा पनि वर्मको संज्ञा दिइएको छ । वर्मले वास्तवमा सिस्टमका फाइलहरूलाई नोक्सान गर्दैन, तर विभिन्न अनावश्यक डाटा तथा फाइलहरूद्वारा हार्ड डिस्क भरिदिन्छ । यसले यो कार्य तबसम्म गर्छ जबसम्म कम्प्युटरको स्पेस पूर्ण रूपले भरिँदैन र कम्प्युटरले काम गर्न छोड्दैन । नयाँ आएको भनिएको विन फाइल भाइरस पनि यस्तै अनावश्यक फाइलहरू लिएर हिंड्छ । विशेष गरेर विभिन्न इमेल ठेगाना र हार्ड डिस्कको डाइरेक्टरी खोज्दै हिंड्ने तथा त्यसमा डाटा तथा फाइलहरू एट्याच गरी पठाउनु विन फाइल भाइरसको लक्ष्य हो । यसले इमेलको सब्जेक्टमा 'Postmaster', 'Post Office', 'Returned Mail', 'Mail Delivery Subsystem', 'report', 'delivery failed', 'Message could not be delivered' जस्ता प्रयोगकर्तालाई खोल्न बाध्य पार्ने खालका इमेलहरू पठाउँछ । त्यस्तै यसले पठाउने एट्याचमेन्ट पनि 'F*.zip', '*.scr' जस्ता फाइल एक्सटेन्सन्हरू हुन्छन् ।

यसले कुनै पनि प्रयोगकर्ताले माथि भनिएका इमेल खोल्यो र त्यसमा भएको एट्याचमेन्ट पनि खोल्यो भने १. कम्प्युटरमा भएको सम्पूर्ण इमेल ठेगाना तथा अन्य जानकारी लिन्छ र उक्त व्यक्तिको इमेल खातामा भएका इमेल ठेगानाको सहायता लिएर ती सबैमा इमेल पठाउन थाल्छ । २. कम्प्युटरमा भएको सर्च इन्जिनद्वारा इन्टरनेटमा रिक्वेस्ट वा अनुरोध पठाउँछ ।

# सूचना तथा सञ्चार प्रविधि सम्मेलन

**विदुर खतिवडा**

काठमाडौं– आगामी जुलाई १३ र १४ तारिखका दिन राजधानीमा 'एडभान्स टेक्नोलोजी र विद्युतीय कारोबार' विषयक अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ । जापानको वाकानाई होकुसोई गाउकेन विश्वविद्यालय तथा कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) को संयुक्त आयोजनामा हुने उक्त सम्मेलनमा एसिया-प्रशान्त क्षेत्रका सूचना तथा सञ्चार प्रविधि विज्ञहरू सहभागी हुने बताइएको छ ।

'मुलुकको बदलिँदो राजनैतिक परिस्थितिलाई दृष्टिगत गर्दै सूचना तथा सञ्चार प्रविधि क्षेत्र (आईसिटी) लाई पनि गतिशील बनाउन यो सम्मेलन महत्त्वपूर्ण हुने विश्वास लिएका छौं,' क्यानका अध्यक्ष विप्लवमान सिंहले भने– परिवर्तित परिस्थितिमा आईसिटीको उच्चतम प्रयोगबाट मुलुकलाई समुन्नत बनाउनेतर्फ निति-निर्माताहरूलाई फेरि झकझक्याउनुपर्ने बेला आएको छ । आन्तरिक द्वन्द्वका कारण मुलुकका सबै आर्थिक स्रोतहरू खस्किएको अवस्थामा पनि आईसिटी क्षेत्रको आर्थिक वृद्धिदर



१० प्रतिशतभन्दा माथि थियो ।

अध्यक्ष सिंहका अनुसार सन् २००४ पारित हुनुपर्ने आईटी नीति हालसम्म पनि पारित नहुनुले यो क्षेत्रको विकासलाई अवरुद्ध तुल्याएको छ । अध्यक्ष सिंह भन्छन्– 'सम्मेलन नीति-निर्माता, शिक्षाविद्, सरकारी तथा निजी क्षेत्रका प्रमुख कार्यकारी निर्देशकहरू, व्यवसायी, नेटवर्किङ विज्ञ, लगानीकर्ता, उद्यमी र अध्ययनकर्ताका निम्ति उपयोगी हुनेछ ।

विकासको इन्जिनका रूपमा सूचना तथा सञ्चारको व्यापक उपयोग गरिनुपर्ने बताउँदै आएको क्यानले यस पटकको सम्मेलनमा नेपालमा विद्युतीय कारोबारसम्बन्धी वर्तमान अवस्था, कानुनी तथा प्राविधिक पूर्वाधारका सम्बन्धमा छलफल हुने बताएको छ । सम्मेलनमा सहभागीहरूले एसिया-प्रशान्त क्षेत्रमा विद्युतीय माध्यमबाट भैरहेको कारोबारको गम्भीर विश्लेषण गर्दै त्यसका सबल एवं दुर्बल पक्ष केलाउनेछन् । सम्मेलनले विद्युतीय कारोबारको सुरक्षणका विषयमा विशेष जोड दिने क्यानका पूर्व सचिव दीपक रौनियारले बताए ।

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकसित नयाँ प्रविधि, ओपन सोर्स सफ्टवेयर, औद्योगिक क्षेत्रमा विद्युतिय सुरक्षाजस्ता विषयमा पनि सम्मेलनमा कुरा उठ्नेछ । विद्युतीय कारोबार अवलम्बन गरेका विभिन्न मोडलका बारेमा विज्ञहरूले जानकारी गराउनेछन् । कार्यक्रममा अन्तर्राष्ट्रिय स्तरका २० जना विज्ञ सहभागी हुने भए पनि १ सय जनाभन्दा बढी विज्ञले नयाँ-नयाँ जानकारी दिनेछन् । क्यानका महासचिव विवेकशमशेरका अनुसार खासगरी जापानका विश्वविद्यालयका प्राध्यापक, शोधकर्ता, औद्योगिक क्षेत्रका प्रतिनिधि, लगानीकर्ताको उल्लेख्य उपस्थिति रहनेछ । यसबाहेक विश्वविख्यात सूचना प्रविधि कम्पनीहरू सन माइक्रोसिस्टम, ओरकल कर्पोरेसनका प्रतिनिधिहरू पनि कार्यक्रममा सहभागी हुनेछन् ।

सम्मेलनमा विद्यार्थी तथा अध्ययनकर्ताहरूलाई प्रोत्साहनस्वरूप केही फेलोसिप पनि प्रदान गरिनेछ । सम्मेलनको सहयोगी एसोसिएसन अफ कम्प्युटर ईन्जिनियर्स नेपाल तथा हिमालयन ह्वाइट हाउस कलेज छन् ।

## साइबर समाचार

### माइक्रोसफ्टको नयाँ अफिस सिस्टम

नयाँ अपरेटिङ सिस्टम भिस्टा सार्वजनिक गर्ने तयारीमा रहेको माइक्रोसफ्ट कर्पोरेसनले आगामी जनवरी महिनासम्ममा माइक्रोसफ्ट अफिस सिस्टम २००७ बजारमा ल्याउने भएको छ । आगामी अक्टोबर महिनासम्म नयाँ अफिस सिस्टमको सम्पूर्ण कार्य समाप्त गरिसक्ने माइक्रोसफ्टले बताएको छ । व्यवसायीहरूलाई लाइसेन्सिङ प्रोग्रामअन्तर्गत अफिस सिस्टम उपलब्ध गराएपछि माइक्रोसफ्टले खुद्रा बिक्रीका लागि भिस्टा अपरेटिङ सिस्टमलाई बजारमा ल्याउनेछ ।

नयाँ अपरेटिङ सिस्टम भिस्टाले माइक्रोसफ्ट कर्पोरेसनलाई विवादमा पनि ल्याएको छ । सन् १९९५ मा अपरेटिङ सिस्टम विन्डोज सार्वजनिक गरेदेखि एक्स्पो संस्करणसम्म माइक्रोसफ्टले तोकेको समयमा नै आफ्ना अपरेटिङ सिस्टमका नयाँ संस्करणहरू बजारमा ल्याएको थियो, तर अहिले पहिलो पटक अपरेटिङ सिस्टमको नयाँ संस्करण बजारमा ल्याउन माइक्रोसफ्टले बढी समय लगाएको छ । सन् २००२ मा एक्स्पो ल्याएपछि सन् २००६ को नोभेम्बरसम्ममा माइक्रोसफ्टले भिस्टा ल्याउने घोषणा गरी बिटा संस्करण त्यसअघि नै पालैपालो उपलब्ध गराउने बताएको थियो, तर योजनाअनुसार कार्य नभएपछि माइक्रोसफ्टले भिस्टा सार्वजनिक गर्न ढिलाइ हुने घोषणा गर्दै आफ्नो विन्डोज विभागको व्यवस्थापनमा हेरफेर गरेको छ ।

# उच्च क्षेत्रमा उच्च प्रविधियुक्त रेलसेवा

रेलसेवाको इतिहासमा विश्वलाई नै अचम्भित गर्दै चीनले आफ्नो मुख्य भूमि क्विन्घाईदेखि तिब्वतको राजधानी ल्हासासम्म उच्च प्रविधियुक्त अत्याधुनिक रेल सेवा प्रारम्भ गरेको छ । गत शुक्रबारदेखि सञ्चालनमा आएको उक्त रेलसेवा विश्वकै सार्वाधिक उच्च भूभाग भएर निर्माण गरिएको छ । यो रेलमार्ग विश्वकै सार्वधिक ५ हजार ७२ मिटर उचाइ भएर गएको छ । यात्रुहरूलाई उच्च क्षेत्रमा सास फेर्न कठिनाइ नहोस् र उच्च क्षेत्रमा लाग्ने हाई अल्टिट्युडको असर नपरोस् भन्ने उद्देश्यले रेलभित्र थप अक्सिजनको व्यवस्था गरिएको छ । यसैगरी हिमाली क्षेत्रमा रेलका लिकहरूमा जम्ने हिउँ सफा गर्ने र हटाउन सक्ने विशेष उपकरण जडान गरिएको छ । यो रेलमार्गले अर्को कीर्तिमान पनि बनाएको छ, त्यो हो विशेष प्रविधिमा अधारित १ हजार ६ सय ८६ किलोमिटर लामो सुरुङ ।

१ हजार १ सय ४२ किलोमिटर लामो उक्त रेलमार्गले चीनको उत्तर-पश्चिमी प्रान्त क्विन्घाईको गोलमुद सहर र तिब्बतको राजधानी ल्हासालाई जोड्छ । सन् २००१ देखि निर्माण प्रारम्भ गरिएको यो रेलमार्ग मात्र ५ वर्षको अवधिमा निर्माण गरिएको छ भने रेल मार्गको निर्माणमा १ अर्ब २० करोड अमेरिकी डलर खर्च भएको छ ।

यो रेलमार्गको निर्माणबाट तिब्बतलाई केन्द्रीय प्रशासनमा बाँध्नुका साथै तिब्बतमा विकास गर्ने र गरिबी घटाउने लक्ष्य लिइएको छ । यो मार्गको निर्माणले नेपालको पर्यटन र व्यापार विस्तारमा समेत टेवा पुग्ने विशेषज्ञहरूले बताएका छन् । विश्वका वातावरणवादी एवं मानवअधिकारवादीहरूले यो रेलसेवाको विरोध गर्दै संकटमा परेको हिमाली क्षेत्रको वातावरणलाई यसले संकटमा पार्ने, तिब्बतको मौलिक संस्कृति बिगार्ने, तिब्बतमा मूल चिनियाँहरूको जनघनत्व बढाउने एवं यसको आर्थिक तथा राजनैतिक लाभ पनि उनीहरूलाई नै पुग्ने प्रतिक्रिया दिएका छन् ।

## विज्ञान समाचार

### आँखा झिम्क्याउने बालबालिकाका लागि

केही बालबालिकाको आँखा बेलाबखत त्यसै पनि झिम्किन्छ । आँखाको यस्तो झिम्क्याइ उनीहरूको नियन्त्रणमा हुँदैन । बोलीचालीमा झिमझिमे भनिने यो रोगलाई वैज्ञानिकहरूले 'एम्बिलओपिया' नाम दिएका छन् । आँखाका कतिपय नशाको निष्क्रियताका कारणले बालबालिकाहरू यो रोगबाट पीडित हुन्छन् । इजरायलको बिर्सेवास्थित हाडजोर्नीसम्बन्धी एक चिकित्सकले यो रोगको उपचार पत्ता लगाएका छन् । ती चिकित्सकले यो रोगको उपचारका लागि लिक्विड क्रिस्टल ग्लासेस (एलसीजी) नामक लेन्सको निर्माण गरेका छन् ।

उक्त लेन्सले आँखाका लागि विद्युतीय ढोकाको काम गर्छ । यो उपकरणले खासगरी आँखाका नशालाई सक्रिय गराउने काम गर्छ । प्राप्त जानकारीअनुसार उक्त लेन्सको सफल प्रयोगपछि अहिले इजरायल सरकारले उक्त उपकरणलाई बालबालिकाको आँखामा प्रयोगका लागि अनुमति दिएको छ । एक अनुसन्धानअनुसार संसारभरि पाँच प्रतिशत बालबालिकालाई एम्बिलओपिया भएको अनुमान गरिएको छ । ३ देखि ८ वर्ष उमेर समूहका बालबालिकालाई एम्बिलओपियाको उपचारका लागि यो उपकरण प्रयोग गर्न सिफारिस गरिएको छ । एलसीजी विद्युत्जन्य पारदर्शक ढोका हो, जुन आवश्यकताअनुसार आफैं खुल्ने र बन्द हुने हुन्छ ।

B.E. ENTRANCE
Admission Open:
Preparation Classes
KANTIPUR EDUCATIONAL INSTITUTE (KEI)
Kupondol, Tel. 5541191

Orient College
announces
ADMISSIONS OPEN
for
Plus 2 (HSEB) & GCE A Level (Cambridge University)
Science • Management • Humanities • Education
Provision for Scholarships and Financial Aid
Admission Office opens from 7 am to 5 pm
Key Dates
Form Distribution: 18th Ashad onwards
Entrance Exam: 28th Ashad
Interview: 31st Ashad
Results Out: 1st Shrawan
For further information, Parents and Students can visit our Guidance Counsellors.



Orient College
Narayan Gopal Chowk,
Maharajgunj, Kathmandu, Nepal
Phone: 4720158, 4720651, 4720090
E-mail: info@orientcollege.com
Website: www.orientcollege.com





Birgunj Contact: Current English Language Institute, Maisthan, Ph. 051520498/528412
Biratnagar Contact: United Books Distributor, Traffic Chowk, Ph. 021-527752
Pokhara Contact: Hello Books & Stationery, Mahendra Pool, Ph. 061-522089

# गुणस्तरीय शिक्षाका लागि काठमाडौं विश्वविद्यालय

काठमाडौं विश्वविद्यालय नेपालको उच्च शिक्षाको क्षेत्रमा लोकप्रिय नाम हो। उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालयको विकल्पका रूपमा सञ्चालनमा आएको यो विश्वविद्यालयमा अध्ययन शुल्क महँगो भए पनि यसले व्यवहारिक जनशक्ति उत्पादनमा ठोस भूमिका निर्वाह गरेको छ। यहाँबाट उत्पादित जनशक्तिले अध्ययन पूरा गरिनसक्दै रोजगारी पाउनुले यसलाई थप पुष्टि गर्छ। विश्वविद्यालयले राम्रा विद्यार्थीको हकमा विभिन्न छात्रवृत्तिको व्यवस्था पनि गरेको छ। विशेष गरी स्नातक तथा स्नातकोत्तर तहका कक्षाहरू सञ्चालन गर्ने यो विश्वविद्यालयका शैक्षिक पाठ्यक्रमहरू व्यावसायिक गुणले युक्त छन्। विश्वविद्यालयले आफैं तथा विभिन्न कलेजलाई सम्बन्धन दिएर शिक्षा प्रदान गर्दै आएको छ।

काठमाडौं विश्वविद्यालयको इतिहास सन् १९८५ बाट प्रारम्भ हुन्छ। काठमाडौं भ्याली क्याम्पसका रूपमा स्थापना भएको क्याम्पस नै सन् १९९१ मा काठमाडौं विश्वविद्यालयका रूपमा विकास भयो। प्रारम्भमा प्रमाणपत्र तहमा विज्ञान विषयबाट अध्यापन प्रारम्भ गरेको यो विश्वविद्यालयले विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

व्यावसायिक रूपमा डिजाइन गरिएको कोर्स तथा व्यावहारिक शिक्षाका कारण यो विश्वाविद्यालयमा अध्ययन गरेका विद्यार्थीहरू दक्ष हुन्छन् भन्ने मान्यता नेपाली शिक्षा जगत्मा व्याप्त छ। थोरै सम्बन्धन एवं स्तरीय शिक्षालाई मूल नारा बनाएको यो विश्वविद्यालयले सबै संकायमा प्राविधिक जनशक्ति तयार पार्ने लक्ष्य राखेको छ। साधारणतया विज्ञान संकाय प्राविधिकजस्तो देखिए पनि पहिलो पटक काठमाडौं विश्वविद्यालयले अन्य संकायमा पनि प्रयोगात्मक एवं अध्ययन अनुसन्धान शैली अपनाएर यस प्रकारको प्राविधिक जनशक्ति तयार पारेको हो। प्रतिस्पर्धी बजारलाई राम्रो अध्ययन गरेर विद्यार्थीलाई सम्बन्धित विषयमा दक्ष बनाउने पाठ्यक्रम विकास गरिएको विश्वविद्यालयले बताएको छ।



**स्कुल अफ साइन्स**

यो स्कुलअन्तर्गत विज्ञानका विभिन्न विषय अध्ययन गर्न सकिन्छ। भौतिक विज्ञान, रसायन विज्ञान, जीवविज्ञान, गणित तथा फार्मेसीजस्ता विषयहरू यो स्कुलअन्तर्गत पर्छन्। आईएस्सीका कक्षामा यी विषयहरू अध्ययन गर्न सकिन्छ। हाल काठमाडौं युनिभर्सिटी हाईस्कुलको ब्याच पनि कक्षा १० सम्म पुगेका कारण यसलाई प्लस टुका रूपमा विकास गरी आइएस्सीका कक्षाहरू पनि क्रमशः हट्ने विश्वविद्यालयले जनाएको छ। त्यसैगरी फार्मेसी, वातावरण विज्ञान, कम्प्युटर साइन्स, बायोटेक्नोलोजी एवं ह्युमन बायोलोजीमा स्नातक तथा वातावरण विज्ञान तथा फार्मेसीमा स्नातकोत्तरका कक्षाहरू पनि सञ्चालन भैरहेका छन्।

**स्कुल अफ मेडिकल साइन्स**

यो स्कुलअन्तर्गत नर्सिङ, अप्थाल्मोलोजी, फिजियोथेरापी तथा ल्याब टेक्निसियनजस्ता तीन वर्षे कोर्सहरू अध्ययन गर्न सकिन्छ। यी सबै विषय तीन वर्षमा पूरा गर्न सकिन्छ। प्रवेशिका उत्तीर्ण विद्यार्थीहरूका लागि यी कोर्सहरू निर्माण गरिएको छ। काठमाडौं मेडिकल कलेज सिनामंगल, काठमाडौं युनिभर्सिटी अफ मेडिकल स्कुल काभ्रे, नेपालगन्ज मेडिकल कलेज, कलेज अफ मेडिकल साइन्सेज भैरहवा तथा मणिपाल मेडिकल कलेज पोखराले पनि यो विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी मेडिकल साइन्सका स्नातक तहका कक्षाहरू सञ्चालन गरिरहेका छन्।

**स्कुल अफ इन्जिनियरिङ**

यो स्कुलअन्तर्गत इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स र मेकानिकल इन्जिनियरिङ विषयका चारवर्षे स्नातक तहका कक्षाहरू संचालन गरिन्छ। त्यसैगरी इन्फर्मेसन टेक्नोलोजी, कम्युनिकेसन तथा मेकानिकल इन्जिनियरिङमा स्नातकोत्तर कक्षाहरू सञ्चालन गरिन्छ। यसै अन्तर्गत डिप्लोमा तहका छोटो समयका व्यावसायिक विषयहरू पनि अध्ययन गर्न सकिन्छ।

**स्कुल अफ आर्ट्स**

यस स्कुलअन्तर्गत मानविकी अन्तर्गतका विषयहरू अध्ययन गर्न सकिन्छ। संगीतमा डिप्लोमा, स्नातक तथा स्नातकोत्तर तथा बुद्धिष्ट स्टडिज, फाइन आर्ट्स, मिडिया स्टडिज र ह्युमन एन्ड नेचरल स्टडिजमा स्नातक तहका कक्षाहरू विश्वविद्यालयले आफैं सञ्चालन गरेको छ। यो विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी सेन्ट जेभियर्स कलेजले सोसियल वर्क तथा नेसनल कलेजले डेभेलपमेन्ट स्टडिजमा स्नातक तहका कक्षाहरू सञ्चालन गरिरहेका छन्।

**स्कुल अफ म्यानेज्मेन्ट**

यो स्कुलअन्तर्गत बिजनेस एडमिनिस्ट्रेसनको स्नातकोत्तर तहका कक्षा सञ्चालन गरिन्छ। छोटो समयका तालिम कार्यक्रमहरू पनि यसैअन्तर्गत सञ्चालन गरिन्छ। त्यसैगरी एकवर्षे प्रि-एमबीए कक्षा पनि सञ्चालन गरिन्छ। यो कोर्सले दुईवर्षे स्नातक गरेका विद्यार्थीहरूलाई एमबीए अध्ययनमा प्रवेश गर्न सजिलो बनाउँछ।

**स्कुल अफ एजुकेशन**

यो स्कुलअन्तर्गत शिक्षा विषयका तीनवर्षे तथा एकवर्षे कोर्सहरूको अध्ययन गर्न सकिन्छ। यी विषयको अध्ययनपश्चात् प्राथमिक तथा माध्यमिक तहका योग्य शिक्षक तथा प्रधानाध्यापक बन्न सकिन्छ।

प्रमाणपत्र तहका कक्षाहरूमा भर्ना हुनका लागि प्रवेशिका परीक्षामा कम्तीमा ५० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्छ। त्यसैगरी स्नातकका लागि प्रमाणपत्र तह तथा स्नातकोत्तरका लागि स्नातक तहको प्राप्तांकलाई आधार मानिन्छ। यसबाहेक प्रवेश परीक्षा पनि हुन्छ, जसमा प्राप्त प्राप्तांकसमेत जोडेर मेरिटका आधारमा भर्ना लिइन्छ।

**–एकराज**

# स्तरीय शिक्षाका लागि पोखरा विश्वविद्यालय

वि.सं. २०५३ मा संसद्को दसौं अधिवेशनमा पोखरा विश्वविद्यालय ऐन २०५३ पारित भयो। पोखरा विश्वविद्यालयको औपचारिक प्रारम्भ २०५४ फागुन २९ गते उपकुलपतिको नियुक्तिबाट भएको थियो। प्रधानमन्त्री कुलपति रहने व्यवस्था भएको उक्त विश्वविद्यालयको संस्थापक उपकुलपति प्रा. डा. पुरुषोत्तम बास्कोटा थिए। यो विश्वविद्यालयको केन्द्रीय कार्यालय कास्की जिल्लाको लेखनाथ नगरपालिकामा छ।

विश्वविद्यालयले स्थापना कालदेखि नै विद्यार्थीहरूको क्षमता एवं सिर्जनशीलताको प्रस्फुटन गराउने दीर्घकालीन लक्ष्यमा अभिप्रेरित भएर काम गर्दै आएको काठमाडौंस्थित कार्यालय प्रमुख विकास कार्कीले साप्ताहिकलाई बताए। कार्कीका अनुसार विश्वविद्यालयले उच्च शिक्षाको विकासमा निजी क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्ने, उच्चशिक्षाको गुणस्तर वृद्धि गरी प्राज्ञिक वातावरणलाई स्वस्थ मर्यादित एवं नतिजामूलक बनाउने, उच्च शिक्षामा प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने तथा विस्तार कार्यक्रम सञ्चालन गरी सामुदायिक विकासमा योगदान दिनेजस्ता उद्देश्य राखेको छ।

विश्वविद्यालयको प्राज्ञिक एवं प्रशासनिक कार्यहरू पूरा गर्न योजना तथा कार्यक्रम शाखा, विद्या परिषद्, विषय समितिहरू, संकायहरू, पाठ्यक्रम विकास केन्द्र, अनुसन्धान केन्द्र, पुस्तकालय विकास समिति, परीक्षा समिति, सम्बन्धन प्राप्त संस्थाहरू, सामान्य प्रशासन तथा विद्यार्थी कल्याण एकाइहरू स्थापना गरिएका छन्।

पोखरा विश्वविद्यालयअन्तर्गत आफ्नै कलेज तथा सम्बन्धन दिएका कलेजहरूमा गरेर करिब ५ हजार विद्यार्थीले अध्ययन गरिरहेका छन्। विश्वविद्यालयले अध्यापनका लागि तीनवटा संकाय सञ्चालन गरेको छ। जसअनुसार व्यवस्थापन संकायअन्तर्गत प्राज्ञिक एवं व्यावहारिक ज्ञान एवं अनुभवलाई दैनिक जीवनमा प्रयोगात्मक शैलीमा उतार्नु विश्वविद्यालयका लक्ष्य हो। अन्तर्राष्ट्रिय स्तरमा पनि सफल मानिएको यो कार्यक्रममार्फत व्यावसायिक एवं शैक्षिक जगत्मा उत्कृष्ट दक्षता हासिल गरेका बुद्धिजीवी एवं प्राज्ञिक व्यक्तित्वहरूले ज्ञान बाँड्नेछन्। व्यवस्थापन संकायअन्तर्गत ब्याचलर अफ बिजनेस एडमिनेस्ट्रेसन (बीबीए), ब्याचलर अफ होटल म्यानेजमेन्ट (बीएचएम), ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए), ब्याचलर अफ कम्प्युटर इन्फर्मेसन सिस्टम्स (बीसीआईएस), ब्याचलर अफ हेल्थ केयर म्यानेजमेन्ट (बीएचसीएम), मास्टर्स अफ बिजनेस एडमिनेस्ट्रेसन (एमसीए) छन्। कार्कीका अनुसार यसै वर्षदेखि ब्याचलर अफ बैंकिङ एन्ड इन्स्युरेन्सको पनि अध्यापन प्रारम्भ गरिनेछ।

विज्ञान तथा प्रविधि संकायअन्तर्गत विज्ञान तथा इन्जिनियरिङका विभिन्न क्षेत्रका लागि आवश्यक पर्ने सक्षम प्राविधिक जनशक्ति विकास गर्ने लक्ष्य राखिएको छ, जसले आधारभूत तथा व्यावहारिक विज्ञानका क्षेत्रमा सिर्जनशील एवं अनुसन्धानमुखी वैज्ञानिक तयार गर्ने, दक्ष प्राविधिक तयार गर्नेछ। यो संकायमा इन्जिनियरिङमा सिभिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, कम्प्युटर, सफ्टवेयर इन्जिनियरिङ, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, इन्फर्मेसन टेक्नोलोजी, आर्किटेक्चरमा स्नातक तहमा अध्यापन हुन्छ। यसैगरी विज्ञानमा बायो केमेस्ट्री, इन्भाइरोमेन्ट म्यानेजमेन्ट, फर्मास्युटिकल्स साइन्स, मेडिकल ल्याबोरेटरी टेक्नोलोजीमा स्नातक तहको अध्यापन हुन्छ। यसै वर्षदेखि मेडिकल बायो केमेस्ट्री, पब्लिक हेल्थ तथा नर्सिङमा पनि स्नातक तहको कार्यक्रम सुरु गरिने भएको छ। यसैगरी स्नातकोत्तर तहमा कम्प्युटर साइन्स, फर्मास्युटिकल्स साइन्स, निर्माण व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन तथा वातावरणीय व्यवस्थापनको अध्यापन हुन्छ।

तेस्रोमा कला साहित्य तथा सामाजिक जनजीवनका विविध पक्षका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापित मानविकी संकाय छ। जसमा अंग्रेजीमा स्नातक तह तथा विद्यावारिधीको कार्यक्रम यसै वर्ष प्रारम्भ गरिएको छ। यसैगरी स्नातकोत्तर तह तथा एमफिलमा अंग्रेजी विषय राखेर अध्ययन गर्न पाइन्छ। विश्वविद्यालयले स्नातकोत्तर तहमा 'जनसंख्या तथा लैंगिक विकास कार्यक्रम' विषयको अध्यापन पनि प्रारम्भ गर्ने भएको छ।

विश्वविद्यालयले आफ्नै कलेज तथा इन्स्टिच्युटबाहेक करिब ३० वटा कलेजलाई आफ्ना कार्यक्रम सञ्चालन गर्न सम्बन्धन दिएको छ। यसबाहेक पनि विभिन्न व्यावसायिक तालिमका लागि शैक्षिक पाठ्यक्रम तयार पारेर इन्स्टिच्युटहरूलाई कोर्ष सञ्चालनको अनुमति दिएको छ। विश्वविद्यालयले सेमेस्टर प्रणालीमा रहेर शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। अन्तर्राष्ट्रिय ट्रेन्डअनुरूप ग्रेडिङ सिस्टममा परीक्षा सञ्चालित छ। विश्वविद्यालय सरकारी अनुदानमा चल्ने भए पनि सरकारी सहयोग यथेष्ट नभएकाले शैक्षिक कार्यक्रमहरू केही महँगो देखिन गएको विश्वविद्यालयको जिकिर छ। विश्वविद्यालयले कलेज सम्बन्धनबापत शुल्कका अतिरिक्त परीक्षाको समयमा परीक्षा शुल्क पनि लिन्छ।

पोखरा विश्वविद्यालयले विदेशी विश्वविद्यालयहरूसँग पनि सम्बन्ध विकास गरी विभिन्न कार्यक्रम तथा परियोजनामा एक-अर्कासँग परिपूरकका रूपमा काम गरिरहेको कार्कीले बताए। कार्कीका अनुसार शैक्षिक कार्यक्रमहरूका सम्बन्धमा विचार आदान-प्रदान हुने गरेको छ। यो विश्वविद्यालयका सम्बन्ध भारत, अमेरिका, बंगलादेश जापान तथा कोरियाका विश्वविद्यालयहरूसँग गाँसिएको छ।

यो विश्वविद्यालयले व्यावहारिक शिक्षापद्धतिअनुरूप अनुसन्धानमूलक अध्ययन, 'फिल्ड वर्क', 'प्रोजेक्ट वर्क' जस्ता सिकाइका प्रभावकारी शैलीमा रहेर अध्यापन हुने पाठ्यक्रम तयार गरिएको छ। विश्वविद्यालयले शैक्षिक स्तरीयतालाई ध्यान दिँदै सम्बन्धन बढाउने भन्दा पनि नयाँ पाठ्यक्रममा जोड दिएको छ।


होटल तालिम मोडलमा
Switzerland & UK
Cook • Waiter • Bakery
Barman • Captain • Bell Boy
Front Office • Supervisor
Housekeeping • Domestic Helper • Care Giver
Personnel & Training Course
MODERN HOTEL
Ph: 4363215

English
Own course book, audio visual, language lab
TOEFL/IELTS/SAT Prep
Chinese/ German/ Japanese/ Spanish/ French Language
O'seas Language C. Bagbazar 4-268945/ Jamal 4-244741

Language Books/ Cassettes/ CDs
are available here

कसलाई हुँदैन सुन्दर हुने चाहना
Global TV Product Shop
फोन: 4242061, 2002799

Private
SLC १०
Himalayan Open School
Old Baneshwor

कक्षा ८ वा ९ पास तथा ९ वा Test / SLC फेल भएकाहरूको लागि
प्राईभेट Test/SLC
निम्न शुल्कमा भर्ना
घरैमा बसेर पनि पढन चाहनेहरू
दक्ष/अनुभवी शिक्षक/शिक्षिकाहरू द्वारा पढाईने।
अंग्रेजी र नेपाली दुवै भाषामा पढाईने।
कक्षा ९ र १० को पाठ्यवस्तु १ बर्षमै पढाईने।
प्रत्येक वर्ष Sent-Up मा 100% पास गराउन सफल।
Science, Math/English का विशेष कक्षाहरू
लगनखेल: Third Vision Academy 2121717, 9841268267 मच्छिन्द्र मीनी मार्केटको अगाडि
गोंगबु: Buddha Academy 4383927 , 9851010974 गोंगबु चौक (गणेशथान जाने बाटो)
चावहिल: Bright Future Institute 4463073, 9851002804

## फिल्मी खबर



-निर्माता विनोद शेरचनले निर्माण गरिरहेको चलचित्र 'दुनियाँ'को छायाङ्कन अन्तिम चरणमा पुगेको छ। भुवन केसी, तृप्ति, दिलीप रायमाझी, निखिल उप्रेती, रमित ढुंगाना आदिले अभिनय गरिरहेको उक्त चलचित्रको निर्देशन शिव रेग्मीले गरिरहेका छन्।

-निर्देशक सोभित बस्नेतले चलचित्र 'शक्ति'को छायांकन २१ दिनमै सकेर यो साताबाट प्रदर्शन पनि गर्दैछन्। ४० दिनको सेड्युल भए पनि दिनरात काम गरेर कम समयमा छायांकन सकेको बस्नेतले बताएका छन्। उक्त चलचित्रमा रमित ढुंगाना, रेखा थापा, रेजिना उप्रेती आदिले अभिनय गरेका छन्। १२ जना अनाथ बालबालिका तथा घोडाको मुख्य भूमिका रहेको उक्त चलचित्रमा राजेश हमाल तथा झरना थापा अतिथि भुमिकामा छन्।

– युवा निर्देशक प्रमोद भण्डारीको निर्देशन तथा सुरज आरडीको लगानीमा तयार भएको चलचित्र 'बिन्ती पत्र' प्रदर्शनका लागि तयार छ। चलचित्रको प्रचार-प्रसारलाई नौलो स्वरूप प्रदान गर्न चलचित्र निर्माण पक्षले एउटा आकर्षक नारा नै तयार पारेको छ– 'को गाउँले, को सहरिया, को पहाडी, को तराइया, को ठूलो, को सानो, को छूत, को अछूत ?' सुशील क्षेत्री, सञ्चिता लुइटेल तथा सुरज आरडीबीचको त्रिकोणात्मक प्रेमकथाका साथै जातापातको विभेदका विरुद्ध नौलो कथावस्तुमा चलचित्र तयार पारिएको निर्देशक भण्डारी बताउँछन्।

-निर्माता दिलकुमार प्यासीको चलचित्र 'मैदान'मा केही प्रतिशत लगानी गरेर चलचित्र पेसामा लागेका सुशील पोखरेलद्वारा निर्माण गरिएको चलचित्र 'जीवनदाता'ले उपत्यकाबाहिरका विभिन्न स्थानमा राम्रो व्यवसाय गरेको वितरकहरूले जनाएका छन्। मदन घिमिरेद्वारा निर्देशित उक्त चलचित्रमा खराब संगतले एउटा बालकको अपहरण गर्न पुगेका तीन जना युवा त्यही बालकका कारण सुध्रिएको कथा देखाइएको छ। राजेश हमाल, झरना बज्राचार्य, रमित ढुंगाना, विराज भट्ट तथा राजेश ढुंगानाको मुख्य भूमिका रहेको उक्त चलचित्र हाल दाङ, हेटौंडा, पोखरा, बुटवल आदि स्थानमा प्रदर्शन भैरहेको छ।

– सुशील क्षेत्री, उत्तम प्रधान तथा रेखा थापाबीचको त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्र 'लेखान्त' सार्वजनिक भएको छ। यो चलचित्र विश्वकप फुटबलका कारण केही ढिलो गरी प्रदर्शन भएको चलचित्र निर्माण पक्षले जनाएको छ।

– विश्वकप फुटबलका क्रममा निर्माता-निर्देशकहरूले नयाँ चलचित्र उपलब्ध नगराउँदा राजधानीका चलचित्र भवनहरू पुरानै चलचित्र प्रदर्शन गर्न बाध्य भए। यस क्रममा प्राय: सधैं नेपाली चलचित्र प्रदर्शन गर्न तँछाड-मछाड हुने विश्वज्योति हलमा समेत नयाँ हिन्दी चलचित्र 'चुपके-चुपके' प्रदर्शन भयो। अन्य हलहरूले भने पुराना नेपाली चलचित्र 'हामी तीन भाइ', 'पिरती आफैं हुँदो रहेछ', 'सन्तान' आदि प्रदर्शन गरे।

## पोखरामा मिस्टर एन्ड मिस पश्चिमाञ्चल



**शिव शर्मा**

पोखरा- प्रतियोगिताको सुरुदेखिको हाउभाउ र प्रस्तुतिले उनलाई अरू प्रतियोगीभन्दा पृथक् देखाइरहेको थियो। परिचय राउन्डबाटै उनी दर्शकको नजरमा परिसकेकी थिइन्।सभाहलमा खचाखच दर्शकले उनकै पक्षमा हुटिङ गर्न थाले। सुरुदेखि नै दर्शकले लगाएको अनुमान अन्ततः खेर गएन। १८ वर्षीया ५ फिट ३ इन्च अग्ली सुनीता हेउले आफ्ना ९ जना समकक्षीलाई पाखा लगाउँदै मिस पश्चिमाञ्चल २००६ को उपाधि चुमिन।

निर्णायकहरूले अन्तिम राउन्डमा सोधेको पुरुष र महिला एकै रथका दुई पांग्रा हुन्, आफ्नै शब्दमा पुष्टि गर्नुहोस् भन्ने लिखित जवाफमा जसरी एउटा पाग्राविना रथ चल्न सक्दैन त्यसै गरी महिला र पुरुषविना सृष्टि चल्न सक्दैन भन्ने सटिक जवाफले पनि सुनितालाई उपाधिनजिक पुऱ्याएको थियो। कसमस इन्टरनेसनल कलेज, पोखराबाट 'ए' लेवलको अध्ययन पूरा गरेकी हेउले भविष्यमा समाजसेवा र मोडलिङलाई एकसाथ डोऱ्याएर लाने योजना बनाएकी छिन्।

सुनिताले शीर्ष उपाधिसँगै मिस ट्यालेन्ट, बेस्ट पर्फमेन्स तथा बेस्ट पर्सनालिटीको टाइटलसमेत आफ्नो भागमा पारिन्। प्रतियोगितामा जनप्रिय बहुमुखी क्याम्पसमा अध्ययनरत पुष्पा कार्की फस्ट रनर-अप भइन्। मोडलिङ र खेलकुदप्रति रुचि भएकी कार्कीले बेस्ट ड्रेसको टाइटल पनि पाइन्। त्यस्तै पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत मीरा जिरेल सेकेन्ड रनर-अप भइन्। १८ वर्षीया जिरेलले मोडलिङ, नृत्य र गायनमा रुचि राख्छिन्।

द लुक्स फेसन होम एन्ड इभेन्ट म्यानेजमेन्टले स्थानीय पोखरा उद्योग वाणिज्य संघको सभाहलमा गत शनिबार आयोजना गरेको प्रतियोगितामा पुरुषतर्फ मिस्टर पश्चिमाञ्चल २००६ को उपाधि १९ वर्षीय सुवास पौडेलले हात पारे। उनले आफ्ना १० जना प्रतिद्वन्द्वीलाई हराउँदै उपाधि जितेका हुन्। पृथ्वीनारायण क्याम्पसमा बीबीएसको अध्ययनरत पौडेल वाक्कलामा निपुण मानिन्छन्। सुवासले यसका साथै मिस्टर ट्यालेन्ट, बेस्ट पर्फमेन्स र बेस्ट पर्सनालिटीको टाइटल पनि हात पारे। त्यस्तै सुमन आले फस्ट रनर-अप भए। उनले बेस्ट हेन्डसम, फोटोजेनिक र बेस्ट ड्रेसको उपाधि पनि चुमे। वीरेन भण्डारीले सेकेन्ड रनर-अपको टाइटल जिते।

समारोहमा स्थानिय कलाकारहरूले गीत-नृत्य आदि पनि प्रस्तुत गरेका थिए। चार वर्षपछि भएको पश्चिमाञ्चलकै यो ठूलो सौन्दर्य प्रतियोगितामा दर्शकहरूको उपस्थित उल्लेख थियो।

## सरिना भइन् मिस फेरी धरान

**प्रदीप मेयाङ्बो**

धरान- दर्शकले खचाखच भरिएको धरानको गोरखा कम्युनिटी हलमा शनिबार सम्पन्न सुलक्ष मिस फेरी ट्यालेन्ट एन्ड ब्युटीपेजेन्टको चम्किलो मुकुट आफ्नो शिरमा सजाउन पाउँदा १७ वर्षीया किशोरी सरिना राईको खुसीको सीमा थिएन। आशा नगरेको उपाधिको अधिकारी आफू हुन पुगेकोमा खुसी र हर्षको आँसु झार्दै उनले विजयी भावले हावामा हात हल्लाउँदै सबै जनाप्रति कृतज्ञता व्यक्त गरिन्।

मिस क्याटवाकको उपाधि पनि हात पारेकी सरिनालाई निर्णायकले परिवार र देशमा के रोज्नुहुन्छ भन्ने प्रश्न सोधेका थिए। जवाफमा देश रहे मात्र परिवार रहने भएकाले आफ्नो लागि देश महत्त्वपूर्ण रहेको बताएर सबैलाई प्रभावित बनाएपछि मिस फेरीको उपाधि उनको शिरमा सजिन पुगेको थियो। नृत्यमा विशेष रुचि राख्ने सरिनाको कथा, जीवनी र उपन्यास पढ्नु अर्को रुचि हो।

किशोर उमेरका बालबालिकाको प्रतिभालाई पहिचान गर्ने उद्देश्यले सुलक्ष्य जित हाम्रो नामक संस्थाले आयोजना गरेको उक्त प्रतियोगितामा फस्ट रनर-अप १४ वर्षीया विमर्षा लिम्बू भइन्। कडा मेहनत र एकाग्र भएर ध्यान दिन सकेमा कुनै पनि क्षेत्रमा सफलता पाउन सकिने विचार राख्ने विमर्षा फेसन र मोडलिङप्रति रुचि राख्छिन्।

सेकेन्ड रनर-अप १४ वर्षीया अमृता लिम्बूले एक प्रश्नमा सडकमा देखिने सडक बालबालिकाले कुनै सुविधा नपाएकाले बालअधिकार स्थिति खराब रहेको र बालबालिकालाई माया र शिक्षाबाट अलग्याउन नहुने बताएकी थिइन्। प्रतियोगी किशोरीहरूले नृत्य, प्रहसन, वक्तृत्वकला प्रस्तुत गरेर आफ्नो प्रतिभा देखाएका थिए। पायल बुटिकले तयार गरेको पहिरनलाई प्रतियोगी किशोरीहरूले विभिन्न सिक्वेन्समा प्रदर्शन गरेका थिए।



# लेक्मे क्याटमाण्डु क्याटवाक



**साप्ताहिक समाचार**

काठमाडौं– अघिल्लो वर्ष दरबारमार्गस्थित याक एण्ड यति होटलको भव्य ग्याम्पमा आकर्षक क्याटवाकमार्फत पहिरन प्रदर्शन गरेका व्यवसायीका भारतीय मोडलहरू आज साँझ पुन: अर्को ग्याम्पमा आफूलाई प्रस्तुत गर्दैछन्।

'लेक्मे क्याटमाण्डु क्याटवाक' शीर्षक राखिएको यो अन्तर्राष्ट्रिय स्तरको फेसन शोमार्फत आज साँझ सात नबज्दै पाँच जना भारतीय सुपर मोडलहरू ह्यात रिजेन्सीको एउटा हलमा निर्माण गरिएको ग्याम्पमा आइआइएफटीले तयार पारेका पहिरनहरू प्रदर्शन गर्न तयार छन्। भारतकै चर्चित फेसन कोरियोग्राफर कौशिक घोषले काठमाडौंमा पहिलो पटक कोरियोग्राफी गरेको यो फेसन शोमा पूर्व मिस इन्डिया टिना चट्वाल पनि विभिन्न पहिरन प्रदर्शन गर्नेछिन्। टिनासँगै केही दिनअघि काठमाडौं आएका सुपरमोडलहरू बिनिता बोहोरा, श्रेया मदन, हिमानी थापा तथा साहिबा सिंहले पनि पहिरन प्रदर्शन गर्नेछन्। फेसन शोमा यी



पाँच जना भारतीय मोडललाई दुई नेपाली मोडल मञ्चिन शाक्य तथा योगेनले साथ दिनेछन्।

आइआइएफटीले आयोजना गर्ने यो फेसन शो डेढ घण्टा लामो हुनेछ। यो अवधिमा ११ वटा सिक्वेन्समार्फत विभिन्न पहिरन प्रदर्शन गरिनेछ। फेसन सोका प्राय: सबै सिक्वेन्स थिममा आधारित छन्, फेसन सोका संयोजक शैकस दत्तका अनुसार थिममा आधारित फेसन शोले दर्शकमा पहिरन छनौट गर्ने प्रशस्त अवसर उपलब्ध गराउनेछ। फेसन शोका विभिन्न सिक्वेन्समध्ये पहिलो सिक्वेन्सको शीर्षक 'सिम्बोल अफ पिस' राखिएको छ।

यो सिक्वेन्समा सेता रंगका वन पिस पहिरन तथा लेहेंगाहरू प्रदर्शन गरिनेछ। जंगल वर्ल्ड सिक्वेन्समा जंगलको प्रकृतिसँग मेल खाने पहिरन प्रदर्शन हुनेछन्। एक्वामारिन सिक्वेन्समा बीच वेयर प्रदर्शन गरिनेछ। यसमा युवती मोडलहरूले ऱ्यापर तथा स्कर्टहरू प्रदर्शन गर्नेछन्। त्यसबाहेक फायर एन्ड आइस, बेस्टर्न मेनिया, ककटेल इभिनिङजस्ता सिक्वेन्समार्फत सारी, लेहेंगा, कुर्तासलवार आदि पहिरन प्रदर्शन गरिनेछन्। राजधानीस्थित चार्म बुटिकले फेसन शोमा 'हट एन्ड स्पाइसी' शीर्षकको सिक्वेन्समार्फत पार्टी वेयरसहित विभिन्न पहिरन प्रदर्शन गर्नेछ। आयोजकले फेसन सो हेर्न आउने दर्शकहरूलाई शुक्रबार राति नै रक्स बारमा आयोजना गरिने डान्स पार्टीमा नि:शुल्क प्रवेश गराउने व्यवस्था मिलाएका छन्।

# पूर्वाञ्चलस्तरीय नृत्य प्रतियोगिता



**कमल रिमाल**

विराटनगर- पूर्वाञ्चलस्तरीय क्षेत्रीय लोक नृत्य प्रतियोगितामा तेह्रथुम जिल्ला प्रथम भएको छ। किराँत धर्मग्रन्थ मुन्धुमअनुसार घर बनाउँदा मूल खाँबोले किचेर चेलीको मृत्यु भएपछि शोकमा च्याब्रुङ बजाएर नाचिन्छ। बिनागीत नै च्याब्रुङ बजाएर पाँच-पाँच जना महिला तथा पुरुष कलाकारहरूले नृत्य प्रस्तुत गर्दै नगद १० हजार रुपैयाँसहितको प्रथम पुरस्कार जित्न सफल भए। गत साता बिहीबार विराटनगरमा सम्पन्न प्रतियोगितामा ताप्लेजुङ दोस्रो तथा मोरङ तेस्रो भएका छन्।

सांस्कृतिक संस्थान काठमाडौंको आयोजना तथा भानु कला केन्द्र विराटनगरको व्यवस्थापनमा सम्पन्न प्रतियोगितामा पूर्वाञ्चलका १६ मध्ये नौ जिल्ला सहभागी भए। दोस्रो हुने ताप्लेजुङबाट छ जना महिला कलाकारको समूहले आकर्षक संगिनी नृत्य प्रस्तुत गरेको थियो। त्यस्तै तेस्रो हुने मोरङका पाँच-पाँच महिला र पुरुष गैर थारु समुदायका कलाकारको समूहले थारु चाडपर्वमा प्रयोग हुने गीतमा नृत्य प्रस्तुत गरेका थिए। दोस्रो र तेस्रो जिल्लालाई क्रमशः ८ र ६ हजार नगद प्रदान गरियो।


पाँचथरका छ जना बालबालिका संलग्न टोलीले असारे लोकगीतको भाषामा कला प्रदर्शन गरे। लगभग हजार वर्षअघि भारतबाट नेपाल पसेको किसान (सतार) जातिका आठ जना पुरुष कलाकारले झापा जिल्लाको तर्फबाट डाठा नृत्य प्रस्तुत गरे। संखुवासभाका तर्फबाट पाँच जना युवातीले अरुण नदीको किनारमा एकादशी बजारमा गाइने गीतमा लोपोन्मुख गर्रा नृत्य देखाए।

त्यस्तै, उराव समुदायका छ जना महिला र पाँच जना पुरुषको समूहले झागड नृत्य प्रस्तुत गऱ्यो। असारको पहिलो दिन प्रारम्भ गरी फागुपूर्णिमासम्म झागड समुदायले नाचगान गर्ने गीत तथा नृत्य सुनसरीका कलाकारहरूले प्रस्तुत गरेका थिए। उदयपुरबाट तीन/तीन महिला-पुरुष कलाकारको टोलीले सदाबहार लोकनृत्य तथा सिराहाको उत्तरी चुरे क्षेत्रबाट आएका छ जना कलाकारले ख्याली नृत्य प्रस्तुत गरे। अप्रतियोगी भानु कलाकेन्द्रका कलाकारहरूले राजवंशी जातिको नृत्य प्रस्तुत गरेका थिए।

# कलिउड चर्चा

## पऱ्यो आपत्

नायिका रूपा उपाध्याय अमेरिका गएपछि उनकी आमाले अर्की छोरी पाएकी छिन्। बुढेसकालमा उनले पाएकी छोरीको नाम हो- आशा



पौडेल। आशा अहिले श्रीमती उपाध्यायकी छोरीसरह भएकी छिन्। आशा टेलिचलचित्र, म्युजिक भिडियो, भिडियो चलचित्र आदिमा व्यस्त छिन्। केही समयअघि एक भिडियो चलचित्र 'मर्म' को छायाङ्कनका क्रममा धनगढी पुगेका निर्माता-निर्देशक राजुको भेट आशासँग भयो। छायाङ्कनका क्रममा 'टाइमपास' का लागि गरिने सामान्य जिस्क्याइ अहिले राजुका लागि टाउको दुखाइ भएको छ। दुई छोराका बाबु राजुले आशासँग विवाह गरे भनेर एउटा सरकारी मासिक पत्रिकामा छापियो, जतिबेला आशा कार्यक्रमका सिलसिलामा तीन महिनादेखि दुबईमा थिइन्। त्यो समाचारले राजुको परिवारमा हलचल मच्चियो। 'दुबईमा तीन महिनादेखि बसिरहेकी युवतीसँग मेरो विवाह कसरी हुन सक्छ? न त म दुबई नै गएको छु'- राजुको आपत्ति छ।

## श्रीकृष्णलाई के मन पर्छ ?

नायक श्रीकृष्ण श्रेष्ठ अचेल चलचित्रमा देखिएका छैनन्। उनी अहिले नृत्यको अभ्यास गर्न छाडेर शारीरिक व्यायाम गरिरहेका छन्। शरीरलाई सुगठित बनाएर कतै उनी एक्सन नायक बन्ने तयारी त गर्दै छैनन्? आफूलाई 'मेन्टेन' गर्न मात्र व्यायामशाला गएको श्रीकृष्णले स्पष्ट पारेका छन्। श्रीकृष्णलाई नेपाली चलचित्रका सबै नायकको अभिनय मन पर्छ, तर उनी कुनै एक नायिकाको नाम लिएर बाँकीको चित्त दुखाउन चाहँदैनन्। कुसुमे रुमाल उनलाई सबैभन्दा मन पर्ने चलचित्र हो भने नारायणगोपाल मन पर्ने गायक। उनलाई मन पर्ने गीत थुप्रै छन् तर मन पर्ने पुस्तकबारेमा उनी व्यस्तताका कारण पढ्न नपाइरहेको बताउँछन्। श्रीकृष्णलाई जापानी परिकार मन पर्छ। पहेंलो तथा रातो उनलाई मन पर्ने रंग हो।

## चलचित्रमा छुवाछूत

प्रायः माया-पिरती तथा सासू-बुहारीको द्वन्द्व नै नेपाली चलचित्रका प्रमुख विषय बन्दै आएका छन्। तर



प्रमोद भण्डारीले नयाँ-नयाँ विषयलाई चलचित्रमा समावेश गर्दैछन्। भण्डारीले पहिलो चलचित्र 'पागलपन' मा नायकलाई नै नकारात्मक भूमिकामा प्रस्तुत गरेर परम्परागत शैलीलाई नयाँ मोड दिएका थिए। यसपटक भण्डारीले 'बिन्तीपत्र' मा समाजमा विद्यमान छुवाछूत प्रथालाई प्रमुख विषय बनाएका छन्। निर्देशक भण्डारीको तर्क छ– 'कथा रोचक लागेकाले यसलाई चलचित्रको स्वरूप दिने निर्णय गरिएको हो।' सुरज आरडीले निर्माण गरेको यो चलचित्रमा सुशील क्षेत्री तथा सञ्चिता लुइँटेलको प्रमुख भूमिका छ।


दक्ष निर्देशक तुलसी घिमीरेको मार्ग निर्देशनमा

'अभिनयको तालिम'

चलचित्रमा कुनै पनि अभिव्यक्तिको माध्यममा लोकप्रिय तथा सफल कलाकार/व्यक्तित्व हुने तपाईको सपना साकार बनाउन हामी तपाईलाई सघाउने छौं। लोकप्रिय निर्देशक तुलसी घिमिरेको मार्ग दर्शनमा Performing Art बारे ज्ञान हासिल गरेर साथै सफल नृत्य निर्देशक दिनेश अधिकारीबाट नृत्य बारे तालिम लिएर तपाई पनि राष्ट्रले गौरव गर्ने दक्ष कलाकार/व्यक्तित्व बन्न सक्नु हुनेछ।

विस्तृत जानकारीको लागि:
dineshadh@hotmail.com

राजधानी कलाकेन्द्र
पुतलीसडक, फोन नं. ४२१८८६७
(अभिनय तथा नृत्य तालिम केन्द्र)








## सहर चर्चा



### भण्डारीको रमिता

भ्यालेन्टाइन डे अर्थात् १४ फेब्रुअरीका दिन जन्मिएकाले होला रमिता रोमान्टिक स्वभावकी छिन् । करिब सात वर्षअघिदेखि मोडलिङको क्षेत्रमा पाइला टेकेकी रमिताले सर्वप्रथम मिस्टर एन्ड मिस हेटौंडामा क्याटवाक गरेकी थिइन् । सन् २००० मा हेटौंडामा सम्पन्न उक्त प्रतियोगितामा उनले फस्ट रनर-अपको मुकुट पहिरिएकी थिइन् । रमिता ५ फिट ७ इन्च अग्ली छिन् । ३४/२४/३५ शारीरिक बनावटकी धनी रमिता सन् २००१ को द कलर अफ फेसनमा पनि फस्ट रनर-अप नै बनेकी थिइन् । मिस नेपाल २००२ मा पनि सहभागी भएकी रमिताले सन् २००२ मा सम्पन्न 'बेस्ट कपल अफ द इयर' प्रतियोगितामा बेस्ट कपल फिमेलको उपाधि जितेकी थिइन् । रमिताले सन् २००३ मा सम्पन्न अल नेपाल ट्यालेन्ट कम्पिटिसनमा बेस्ट मोडलको उपाधि जितेकी थिइन् । रमिताले मामा चाउचाउ, एचआईभी एड्स, नम्बर वन कन्डम, किङफिसर बियरलगायतका उत्पादनका विज्ञापनमा मोडलिङ गरेकी छिन् । त्यसो त रमिताले रामकृष्ण ढकाल, दीपेशकिशोर भट्टराई, पाल्पा गाइज आदि गायक तथा सांगीतिक समूहका गीतका म्युजिक भिडियोमा पनि मोडलिङ गरेकी छिन् । डान्सपार्टीमा सहभागी भैरहन रुचाउने रमिता परिचय डट कममा निकै कामुक रूपमा प्रस्तुत भएकी छिन् ।

### बाँसको जरामा रोजन



तराई क्षेत्रको लोकप्रिय वनस्पति बाँस धेरै कुराका लागि उपयोगी हुन्छ, तर इटहरीका कलाकार रोजन चाम्लिङ राईले बाँस मात्र होइन, बाँसको जरालाई नै आफ्नो पेसा बनाएका छन् । विगत एक दशकदेखि इटहरीमा कलाकारिता गर्दै आएका रोजनले बाँसको जराबाट तयार पारेका कलाकृतिहरूले स्वदेशमा मात्र होइन, विदेशमा समेत बजार पाउन थालेका छन् । सौखका कारण बाँसका जराहरू भेला पारेर त्यसलाई विभिन्न शैलीमा ढाल्ने यी कलाकारले अहिले आफ्नो निवासस्थानमै 'नेचुरल आर्ट ग्यालरी' स्थापना गरेका छन् ।

गत साता राजधानीमा आयोजित 'सत्रौं राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी प्रतियोगिता' रोजनले आफ्ना कलाकृतिहरूलाई जरा-कला विधामा प्रदर्शन गरेका थिए । नेपालभरिका करिब डेढ सय कलाकारका कलाकृतिहरूबीचको उक्त प्रतियोगितामा रोजनको कला सर्वोत्कृष्ट त भएन, तर बाँसको जराबाट निर्मित कलाकृतिले उनलाई जरा-कला विधाको उत्कृष्ट कलाकारको पुरस्कार जितायो ।

### विज्ञापनमा स्नेहा



भनिन्छ, महिलाहरूसँग उनीहरूको उमेर सोध्नु हुँदैन, तर उमेरले ३६ पुगिसकेकी स्नेहा राणा उमेरकै कारण चर्चामा आइन् । ढल्कँदो उमेरमा पनि यो सुन्दरता ? उनलाई देख्नेहरू अचम्ममा पर्छन् । १५ वर्षकी छोरी र ११ वर्षको छोराकी आमा स्नेहाले आफूलाई 'मेन्टेन्ड' गरिरहेकीले पनि उनलाई 'सुन्दरी नारी' को श्रेणीमा, त्यो पनि अघिल्लो पंक्तिमा राख्न सकिन्छ । एक वर्षअघि आफ्नो बारेमा बताउँदै उनले भनेकी थिइन्- 'विवाहअघि मेरा साथीहरूले तँ राम्री छेस्, हिरोइन बन्, विज्ञापनमा खेल भनेर उक्साउँथे तर मेरो मन त्यतातिर कहिल्यै गएन ।'

त्यतिबेला उनले त्यो क्षेत्रमा मन नदिए पनि अहिले उनलाई एउटा टेलिभिजनको विज्ञापनमा देख्न सकिन्छ । मेकअप आर्टिष्टका रूपमा ख्याति कमाएकी स्नेहासँग सोधिएको एक अनौपचारिक प्रश्नमा उनले भनिन्- 'विश्वको 'टपटेन ब्राण्ड' मा पर्ने भएकाले पनि उक्त विज्ञापनमा खेलेकी हुँ ।'

## गफै त हो



### नम्बर परिवर्तन

राजेश हमालको मोबाइलमा सम्पर्क गर्न खोजियो भने उताबाट जवाफ आउँथ्यो- 'माफ गर्नुहोला, तपाईंले सम्पर्क गर्न खोज्नुभएको मोबाइलको स्विच अफ गरिएको छ ।' तर अहिले जवाफ आउँछ- 'तपाईंले डायल गर्नुभएको नम्बरमा आगमन कल निषेध गरिएको छ ।' नेपालका सबैभन्दा चर्चित एवं व्यस्त नायकले मोबाइलको बिल तिरेनछन् भन्ने लाग्न सक्छ तर होइन, राजेश हमाललाई सम्पर्क गर्न उनका सहयोगी रोशन हमालको नम्बर डायल गर्नुपर्छ ।

केही महिनाअघि एक पत्रिकाले नेपाली कलाकारहरूको मोबाइल नम्बर छापिदिएपछि केही कलाकारलाई त पर्नु आपत् परेको थियो । 'फ्यानहरूले फोन गरेर धुरुक्कै पार्छन् भन्या ।' -एक नायिकाले छायाङ्कनका बेला एक जना प्रशंसकसँग झन्डै बीस मिनेट कुरा गरेपछि दिक्क मान्दै भनिन् । चलचित्र नगरीमा हटकेक भएर भ्याई-नभ्याई भएका हमाल काजीलाई पनि बेला न कुबेला प्रशंसकहरूले मोबाइल गरेर दिक्क पार्थे । एक जना नायकका अनुसार पहिलो नम्बरमा प्रशंसक, दोस्रोमा पत्रकार र तेस्रोमा कार्यक्रम आयोजकहरूको फोन सबैभन्दा बढी आउँछ ।

काम लाग्ने वा काम दिने निर्माता-निर्देशकहरूको फोन आउने क्रम चौथो नम्बरमा पर्छ । पत्रिकाले झन् मोबाइल नम्बर नै छापिदिएपछि पहिलो नम्बरमा रहेका प्रशंसकहरूको फोन त हरेक पाँचदेखि दश मिनेटमा एउटाको दरले आउने गरेको एक नायिकाले बताइन् । ती नायिकाका अनुसार कतार, मलेसिया, हङकङबाट पनि फोन गर्छन् । यसैले पनि कलाकारले एउटा उपाय अपनाएका छन्, नम्बर परिवर्तन । नायिका सज्जा मैनालीले आफ्नो नम्बर परिवर्तन गरिसकिन् । बिपना थापा आजभोलि पोस्टपेड त्यागेर प्रिपेड बोक्न थालेकी छिन् । रेखा थापाको पनि मोबाइल नम्बर परिवर्तन भैसक्यो ।


निरुता सिंहले पनि मिनेटैपिच्छे मोबाइल आउने समस्याबाट पार पाउन नम्बर परिवर्तन गरिसकिन् । निखिल उप्रेती र दिलीप रायमाझी पुरानै नम्बरको सिमकार्ड बोक्छन, तर चिनेको नम्बरबाट आएको फोन मात्र उठाउँछन् । टेलिनायिका सिरु विष्टले पनि हालै नम्बर परिवर्तन गरेकी छिन् । अर्की टेलिनायिका ऋचा घिमिरेले पनि पोस्टपेड सिमकार्ड छाडेर प्रिपेड नम्बर बोकेकी छिन् । प्रशंसकहरूले आफ्ना प्रिय कलाकारहरूलाई पछ्याउनु स्वाभाविकै हो, तर कलाकारहरूलाई दिक्क लगाउनु पनि त हुँदैन । अहिले उनीहरूले नम्बर परिवर्तन गरे, भोलि मोबाइल नै बोकेनन् भने.... गफै त हो ।



## रिप्लेको अविश्वसनीय संसार

### यस्तो पनि भएको थियो

संयुक्त राज्य अमेरिकाको ओहियो राज्यको कार्डन सहरका निवासी फिलिप रेन्डेलको दायाँ फोक्सोमा गोली लागेको थियो । उनलाई अस्पतालमा पुऱ्याइएपछि चिकित्सकहरूले उनको फोक्सोमा रहेको गोली निकाल्ने हो भने उनको मृत्यु हुन सक्ने कुरा बताउँदै गोली निकाल्न अस्वीकार गरे । तर, केही सातापछि रेन्डल खोकीबाट पीडित भए । एक दिन अचानक उनले खोक्दा उक्त गोली स्वभाविक रूपमा बाहिर निस्कयो ।



### विस्मयकारी सैनिक विजय



सन् ७७४ मा टर्कीका सम्राट् कन्स्टेन्टाइन पञ्चमले ८० हजार सैनिकको नेतृत्व गर्दै बुल्गेरियाली सेनाका साथ युद्ध गरे र उक्त युद्धमा उनले बुल्गेरियालाई परास्त गरे । लडाइँमा हारजित स्वाभाविक हुन्छ तर यो युद्धको अनौठो पक्ष के थियो भने सम्राट् कन्स्टेन्टाइनका कुनै पनि सैनिक यो युद्धमा न त मारिए, न त घाइते नै भए । जबकि बुल्गेरियाली सेनाका २० हजार जवानले विरगति प्राप्त गर्नुपर्‍यो ।

## पखालाको औषधी









संयुक्त राज्य अमेरिकाका वैज्ञानिकहरूले झाडापखाला निको पार्ने नयाँ औषधी पत्ता लगाएका छन् । उक्त रोगबाट विश्वभर प्रतिवर्ष ५ लाख बालबालिकाको ज्यान जाने गरेको छ । निटाजोक्सानाइड नाम दिइएको उक्त औषधी कायरो विश्वविद्यालय बालशिक्षण अस्पतालमा भर्ना गरिएका ५० जना बालबालिकामा परीक्षण गरिएको थियो ।



सन् २००२ मा उत्पादनको अनुमति पाएको औषधी उत्पादक कम्पनी रोमार्क ल्याब्रोटोरिजले उक्त औषधीको व्यापारिक नाम अलिनिया राखी बजारमा ल्याउने तयारी गरेको छ । उक्त औषधीले झाडापखाला सार्ने दुई किसिमका जीवाणुविरुद्ध काम गर्ने बताइएको छ ।

## जन्मदिनको शुभकामना

HAPPY BIRTHDAY

| | | | |
|---|---|---|---|
|  रितिज श्रेष्ठ २०६० असार २९ |  स्मारिका श्रेष्ठ २०५८ असार २५ |  रक्षा श्रेष्ठ २०५७ असार २५ |  समीक्षा श्रेष्ठ २०५५ असार २३ |
|  रेखा श्रेष्ठ २०५४ असार २३ |  एन्जल श्रेष्ठ २०६२ असार २६ |  फ्रेन्सिका श्रेष्ठ २०६१ असार २५ |  निश्चल जोशी २०६१ असार २६ |
|  सोजिन तामाङ २०५१ असार २३ |  आकृति गुप्ता २०५८ असार २८ |  आयुष्का गहतराज २०६२ असार २५ |  युरानस अधिकारी २०६० असार २४ |
|  सरस्वती काफ्ले २०५४ असार २६ |  बिमत प्रसाईं २०५४ असार २३ |  ऋसप निरौला २०५६ असार २३ |  सिजन शाक्य २०५४ असार २३ |

### जन्मदिनको शुभकामना

कुपन

नाम :.................................................

जन्म मिति :.................................................

स्कुल :.................................................

ठेगाना :.................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ




फरक -पाइन्ट, घर, रुख, कुटो, लुगाको बुट्टा, चप्पल ।

## शरीरको तापक्रम किन स्थिर हुन्छ ?

मानिस तातो रगत भएको प्राणी हो । जाडोयाममा होस् वा गर्मी, मानिसको शरीरको तापक्रम ९८ दशमलव ४ डिग्री सेल्सियस हुन्छ । जाडो मौसममा शरीर चिसो हुनासाथ शरीरभित्रको शक्ति खर्च गरेर न्यानो पार्छ । जाडोमा शरीर काँप्छ, जसले गर्दा मांसपेशी पनि खुम्चिने र तन्किने हुन्छ । यो प्रक्रियामा शक्तिको स्रोत ग्लुकोज टुक्रिएर कार्बन डाइअक्साइड, पानी र एड्नोसिन ट्रिपोफस्फेट (एटीपी) बन्छ । एटीपी एउटा उर्जायुक्त फस्फेट हो, जुन टुक्रिएर शरीरलाई न्यानो पार्ने काम गर्छ । यो ऊर्जा तापका रूपमा शरीरबाट बाहिर जान्छ र न्यानो हुन्छ । फलस्वरूप शरीर चिसिन पाउँदैन, त्यो भाग तात्तिन पुग्छ । यसरी मान्छेको शरीरमा तापक्रम स्थिर पार्ने काम रगतले गरिरहेको हुन्छ ।

### तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?



लुकेका समानहरू : घर, किताब, चिम, धारा, बालटिन ।

## शब्दहरू खोज

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ज | र्म | नी | रि | मा | र | फा | न्त | इ |
| ना | आ | जि | ह | इ | क | बि | स | टा |
| म | रु | ने | वि | क | ट | यो | गु | ली |
| द | ब्रा | दि | ल | ल | डी | का | न | ल्या |
| न | व | न | रे | बा | र | ना | र | न्ड |
| पो | र | जि | न | ला | र्चु | भा | ल | ना |
| र्चु | था | दा | मा | क | चि | रो | हु | घि |
| ग | यु | न | फ्रा | ख | पू | र | दी | रौं |
| ल | ना | ला | न्स | लु | इ | स | फि | गो |

माथि दिइएका अक्षरहरूमा अठारौं विश्वकपमा सेमीफाइनलमा पुग्ने चार मुलुक र कप्तानका नाम लुकेका छन् । ती नामहरू सायद तिमीले पनि सुनेको हुनुपर्छ । के तिमी ती नामहरू खोज्न सक्छौ ?

शब्दजालमा लुकेका नामहरू : इटाली, जर्मनी, पोर्चुगल, फ्रान्स, माइकल बालाक, लुइस फिगो, जिनेदिन जिदान, फाबियो कानाभारो ।

## साप्ताहिक अंकजाल प्रतियोगिता-७३

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१. सँगै दिइएको १६ वटा कोठाहरूमा ७२ देखि ८७ सम्मका अंकहरू नदोहोरिने गरी यसरी भर, जसबाट तिनीहरूको योगफल ठाडो, तेर्सो, छड्के जसरी जोड्दा पनि ३१८ होस् ।

२. अंकजाल साप्ताहिकको कार्यालयमा प्रकाशित भएको मितिले दुई साताभित्र पठाइसक्नुपर्नेछ ।

३. विजेतालाई २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।

नाम : ...................................कक्षा : .....

स्कुल : .........................................................

ठेगाना : .........................................................

अंकजाल ६९ मा सहभागीहरूको संख्या : २३०

गोलाप्रथाबाट विजेता :

अभिषेक श्रेष्ठ, कक्षा ९, चेतना विद्याश्रम, लामाटार, ललितपुर


# चलचित्र, टेलिचलचित्र आदि हेर्दा रुनुहुन्छ ?

## कविता

### एक्लै बाँच्छु अब

तिमी गयौ मदेखि टाढा,
एक्लै-एक्लै हाँस्छु अब
तिमीलाई सम्झीकन
एक्लै-एक्लै बाँच्छु अब
तिम्रो मन अन्तै गए पनि
आत्मा यही रै'छ
तस्बिर तिम्रो मात्रै
छातीभित्रै टाँस्छु अब
उम्रिएका थिए प्रित बसिसके
उखेलेर फालिदिएँ
तिमी गयौ मलाई छाडी
जीवन एक्लै बाँच्छु अब
निल्नु न ओकल्नुको
कति साह्रो माया दियौ
अर्को जुनी मेरै होऊ,
माया तिम्रै गाँस्छु अब
आजैदेखि थुपारेर
मनका यी रहरलाई
तिम्रै लागि सारा वस्तु
एक्लै साँच्छु अब ।

–अरुणबहादुर खत्री



### खै के के भो ?

गीत न सुर न ताल भो
बोली नपच्ने गाल भो ।
सुझाव सल्लाह गाली रे
फसाउने फेरि जाल भो ।
सिफारिसलाई च्यातियो
गिराउने ठूलै चाल भो ।
ढोग दर्शन बेवारिसे
धारे हात बरै माल भो ।
भीरे फर्सी घाँटीको हाड
दुई दिने चोला काल भो ।
उदार दिल बनाइयो
न टाल्ने न फाल्ने हाल भो ।

–दर्शन दिनेश

### मात्र तिमी

मेरो यो जीवनको मरुभूमिमा
पानीको एउटा स्रोत हौ तिमी
हुस्सु र कुहिरोले ढाकिएको बिहानीमा
चहकिलो घामको किरण हौ तिमी
न्यास्रिएर एक्लिएको औंशीको रातमा
पूर्णिमाको उज्यालो साथ हौ तिमी
मेरो बन्द अधरहरूका निम्ति
मीठो मुस्कानको लहर हौ तिमी
मेरो अधहरूमा सधैं गुञ्जिरहने
नयाँ गीतको सुरताल हौ तिमी ।

–माया सुब्बा

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

–सम्पादक

१. दुःख वा समस्या पर्दा तपाईं कसलाई सम्झनुहुन्छ, किन ?
२. तपाईंलाई सधैं दुःख दिइरहने एउटा कुरा के हो ? किन ?
३. प्रेम गर्दा सबैभन्दा ठूलो डर कुन कुराको हुन्छ ? किन ?
४. नेपालको राजनैतिक समस्या के गरे समाधान होला ?
५. विवाहपूर्वको यौनसम्बन्ध कत्तिको उचित हो ? किन ?
६. के गरे पैसा कमाइन्छ ?
७. सफल मान्छे हुन के गर्नुपर्छ ?
८. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
९. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
१०. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?

म चलचित्र, टेलिचलचित्र आदि हेर्दा त रुन्छु तर पनि कुनै एकदम मार्मिक खालको समसामयिक घटनाबाट लेखेको चलचित्र अथवा टेलिचलचित्रमा मात्र रुन मन लाग्छ ।

**मखन श्रेष्ठ, भिमान, सन्धुली**

किन नरुनु नि, हिरो मरेर जाँदा स्वर्गमा ठाउँ नपाएर नर्कमा जानुपर्‍यो भने ।

**केदार अधिकारी, मकवानपुर**

चलचित्रमा नायिकाहरू हाफ ड्रेसमा नाच्दा निर्माता निर्देशकले फुल ड्रेस किनिदिन सकेनन् भन्ने पिरले रुन मन लाग्छ ।

**देवेन्द्र कायस्थ, काभ्रे**

नायिक-नायिका विछोडिएको दृश्यलाई राम्रोसँग प्रस्तुत गरिएको छ भने, किनकि आफ्नो पनि त्यस्तै हालत छ ।

**सुवास थापा** (१९), **पोखरा**

सामाजिक विभेद, जातीय भेदभाव तथा नारी संवेदनाका विषयमा बनाइएको चलचित्र वा टेलिचलचित्र हेर्दा आँसु थाम्न सक्दिन ।

**श्रीमती राममाया रस्तेल** (१९), **धादिङ**

चलचित्रमा मेरो नै जीवनको कहानी लेखेजस्तो लाग्छ, त्यही भएर रुन मन लाग्छ ।

**रोशन शर्मा** (१९), **सुनसरी**

ह्या, कस्तो प्रश्न सोध्नुभा'को यार ! फिल्म हेर्दा पनि रुने ? अहँ, फिल्म हेर्दा म त कहिल्यै रुन्न । फिल्म एउटा भ्रममात्रै हो, यथार्थ होइन भनेर नबुझ्नेहरू मात्र सायद रुन्छन् होला ।

lg-tv@hotmail.com

म रोऊँ कि नरोऊँ तपाईंलाई के चासो ? यदि चासो भएदेखि प्रत्येक शनिबार मैले हिन्दी चलचित्र हेर्दै गरेको बेला तपाईं आएर चेक गरे भैहाल्छ नि ।

**अमर उदासी**

रुन्छु, के गर्नु, अरू त थाहा छैन, नेपाली चलचित्रमा कथा भए पटकथा हुँदैन, पटकथा भए प्रविधि हुँदैन अनि रुनै पर्‍यो नि होइन र ?

**उमेश खनाल** (२२), **विराटनगर-४**

रुन्न, हेर्न पाउँदा किन रुने ? बरु हेर्न नपाएचाहिँ रुन्छु ।

**युगलकिशोर लामिछाने, बारा**

चलचित्रमा प्रेमी-प्रेमिकाको विछोड हुँदा रुन्छु ।

**लक्ष्मीमैयाँ भँडेल, भक्तपुर**

आफै त रुन्न अरूले नै रुवाइदिन्छन् ।

**सुरेन्द्र खड्का** (२०), **सुन्दरीजल**

खासै रुन्न, अभिनय त हो नि भनेर चुप लागेर बस्छु ।

**सन्तोषी खड्का, सुन्दरीजल**

कारुणिक कथामा अवश्य रोइन्छ तर टेलिचलचित्रमा पत्याइन्न...। आफ्टर द ब्रेक भनेपछि खस्न लागेको आँसु आँखाभित्रै लुक्छ ।

**पुनम सुब्बा** (२४), **झापा**

रुन्छु, किनभने मलाई रुने बानी परेको छ । मेरो चित्त सानो भएकाले पनि मलाई अरू रुँदा आफै आँसु झर्छ ।

**रामु त्रिपाठी** (१८), **सर्लाही**

रुन्छु, किनभने कुनै-कुनै गाउँमा पाएको दुःख देख्दा र आफ्नो जीवनमा पनि त्यस्तो दुःख परेमा कस्तो हुन्छ होला भन्ने भावनात्मक असर परेकाले रुन मन लाग्छ ।

**असीमबाबु श्रेष्ठ** (२०), **गौरीघाट**

कहिलेकाहीँ मन छचल्किन्छ । दुःखेको मनमा दुःखकै कथा मनमा बिझ्छ ।

**शालिग्राम पत्थर, धादिङ**

म नारी हुँ, अतः अरूको दुःख, पीर देख्यो कि त रुन मन लागिहाल्छ ।

**पवित्रा थापामगर, बाँसबारी**

दुःख पाएको पात्रसँग दाँज्छु अनि रुन्छु, कतै मेरो भविष्य पनि त्यस्तै त हुने होइन भनेर सम्झन्छु ।

**अन्जु गुरुङ** (१८), **काभ्रे**

आफ्नो जीवनमा पनि त्यस्तै घटना घटिराख्या हुन्छ, अनि रुनु परेन त ।

**सन्तोष भुजेल, भक्तपुर**

रुन्न, टेलिचलचित्र हेर्दा भने रुन मन लाग्छ ।

**नवसरू शर्मा, रसुवा**

रुन्न, किनभने कुनै चलचित्र मेरो व्यक्तिगत जीवनसँग मेल खाने खालको छैन ।

**उषा थापा, धापाखेल**

खासै रुन्न, त्यसो त तिनीहरू पनि रोएका होइनन् ।

**बद्री भँडेल** (३१), **चाँगु**

रुन्छु, भावना मिल्दा ।

**दीपेन्द्र पोखरेल १८), केचना**

रुन्छु, मेरो मन कमलो छ ।

**वैद्यनाथ कोइराला** (२७), **धादिङबेसी**

म त रुने थिइन, मोरीले चिमोटेर भए पनि रुवाइदिन्छे ।

**कृष्णवीर श्रेष्ठ** (१७), **पौवा**

रुनु परेन त ? कतै मेरो जीवनमा पनि त्यस्तै भयो भने ?

**सीता भुजेल** (२०)

कथा र आफ्नो जीवन एक-अर्कासँग मिलेर होला रोइन्छ ।

**कमल जी.सी., बाग्लुङ**

आफ्नो जीवनसँग मेल खाए रुन्छु ।

**सरिता थापा**

म त रुन्न, जाबो त्यो काल्पनिक नाटक हेरेर पनि कोही रुन्छ ? मेरा आँसु त्यति सस्ता छैनन् चलचित्र र टेलिचलचित्रकै लागि झार्न ।

**कृष्ण खाती** (२१), **सर्लाही**

रुन्नचाहिँ भन्दिन, रुवाउने खालको दृश्य आयो भने नचाहँदा नचाहँदै पनि रुनुपर्छ । रुन्छु तर, किन ? त्यो मलाई पनि थाहा भएन ।

**ज्योति सुब्बा, पोखरिया, विराटनगर**

अहँ म रुन्न, किनभने मैले नेपाललाई जोगाउन अथवा अशान्तिबाट शान्तिको झण्डा फरफराउन बाँकी छ । त्यसकारण मेरो मन ढुंगाजस्तो कठोर र साहसी छ ।

**आर.के. रिमाल** (२०)

आँखाचाहिँ रुँदैन भित्री हृदयचाहिँ रुन्छ ।

**रेलकुमार तामाङ** (२३), **भक्तपुर**

आफ्नो वास्तविक जीवनमा मेल खाएका कार्यक्रम भए आँसु खस्छन् ।

**टीकाराम अर्याल** (१८), **स्याङ्जा**

मलाई आमाले सानैदेखि अरूको दुःखमा रुनु र सुखमा हाँस्नु भन्नुभएको छ, त्यसैले म त रुन्छु ।

**अञ्जु थापामगर, बाँसबारी**

सुखमा रमाउने तथा दुःखमा साथ दिने हरेक नेपालीको बानी हुन्छ । त्यसैले म पनि रुन्छु ।

**सुमन वाग्ले** (२६), **भक्तपुर**

म अरूको दुःख देखेर हाँस्न सक्दिन, त्यसैले रुन्छु ।

**शोभा भुजेल** (२१), **जोरपाटी**

मलाई आमाले अरूलाई दुःख पर्दा हेरी नबस्नु, सक्दो सहयोग गर्नु भन्नुभएको छ त्यसैले रोएरै भए पनि चित्त बुझाउँछु ।

**इन्दिरा भुजेल** (२७), **नलिञ्चोक**

रुन्न, किन रुनु चलचित्रका सबै पात्र काल्पनिक हुन् भनेर पहिले नै भनिएको हुन्छ नि, त्यसैले ।

**राजेश, बयलबास**

सम्पादक ब्रो, आजसम्म त रुनु परेको छैन क्यारे !

**नवीन न्यौपाने** (२४)

## लघुकथा

### प्रेम प्रस्ताव

लामो समयको मित्रतापछि सुशीलाले प्रकाशसमक्ष प्रेम प्रस्ताव राखिन् । मन त पहिलेदेखि नै पराएकी हुन् उनले तर उनी चाहन्थिन्– 'प्रकाशले नै प्रेम प्रस्ताव राखोस्', तर प्रकाशले उनलाई कहिल्यै प्रेम प्रस्ताव राखेन । सुशीला र प्रकाश घुम्न जाँदा प्रेमका कुरा त हुन्थे तर पनि प्रकाशले कहिल्यै सुशीलालाई मन पराउने कुरा गरेन । आज लामो समयको मित्रतापछि सुशीलाले औपचारिक प्रस्ताव राखेकी छिन् ।

प्रकाशले पनि सुशीलालाई मन नपराएको त कहाँ हो र तर ऊ अन्य पुरुषको डबलीमा पृथक् पुरुष थियो । कसैलाई पनि धोका दिनु हुँदैन भन्ने मान्यता राख्थ्यो ऊ । अनि फेरि प्रेमलाई तिरस्कार होइन, प्रेमले नै जित्नुपर्छ भन्ने आदर्शमा बाँचेको थियो, तर पनि उसले सुशीलालाई कुनै प्रतिक्रिया दिएन । बारम्बार सुशीलाले आफ्नो प्रेमको प्रतिक्रिया दिन दबाब दिएपछि एक दिन प्रकाशले सुशीलालाई फोन गरेर भन्यो-



'सुशीला, तिमीले मेरा लागि धेरै गरेकी छौ । तिम्रो माया र सहयोगको म सदा ऋणी हुनेछु । आज फेरि पनि तिमीसँग सहयोगको याचना गर्दैछु, आशा छ तिमीले अवश्य पनि मलाई सहयोग गर्नेछौ । म आजभोलि एकदमै व्यस्त रहेको कुरा त तिमीलाई पनि थाहा छँदै छ । त्यसैले प्लिज, मेरी प्रेमिका बाहिरबाट आउँदै छिन्, उनलाई यहाँको रमणीय स्थानहरू घुमाइदेऊ है ।'

–मदन ढुङ्गाना

## हाँसौं ल

दीपक र दीपेन अन्तर्वार्ता दिन हिँडेछन् । दीपक अन्तर्वार्ता दिएर निस्किएछ । दीपेनले भन्यो– ए दीपक, के-के सोध्यो अन्तर्वार्तामा ? भन न ।' दीपकले भन्यो– 'नडराऊ न दीपेन, त्यस्तो गाह्रो केही सोध्दैन, सजिलो सोध्छ ।' 'तिमीलाई के-के सोध्यो ? भन न दीपक ।' दीपकले भन्यो– 'नं. १ मा नेपालको सञ्चारमन्त्री को हो ? उत्तरमा दिलेन्द्र बडु भन्दिएँ । प्र.नं. २ मा नेपालमा बहुदल आएको कहिले हो ? उत्तरमा २०३६ सालदेखि प्रोसेस भएर २०४६ मा सफलता मिल्यो भन्दिएँ । प्रश्न नं. ३ मा सौर्यमण्डलमा पानी छ भन्छन् नि, के यो साँचो हो ? भन्दा उत्तरमा खै वैज्ञानिकहरू त्यस्तै भन्छन्, तर साँचो कुरा मलाई पनि थाहा छैन भन्दिएँ ।'

अब पालो आयो दीपेनको अन्तर्वार्ता दिने । उसले अघिको प्रश्न सबै बिर्सिएछ र उत्तरमात्र याद गरेछ ।

दीपेनलाई प्रश्न सोध्न थालियो । तपाईंको नाम के हो ? दिलेन्द्र । फेरि प्रश्न : तपाईं जन्मिएको कति साल भयो ? उत्तरमा २०३६ सालदेखि प्रोसेस गर्दागर्दा २०४६ मा सफलता मिल्यो । यो उत्तर सुनेर अन्तर्वार्ता लिने अरू पनि छक्क परे, पछि तपाईं के भन्दै हुनुहुन्छ, पागल त हुनुभएको छैन भनेर सोधे । दीपनले 'खै वैज्ञानिकहरू त्यस्तै भन्छन् तर साँचो कुराचाहिँ पत्ता लागेको छैन' भनेछ ।

– रोशन खड्का



धेरै समयपछि हरि र शिक्षकको भेट भएछ ।

शिक्षक : ए हरि ! तिमीलाई आरामै छ ?

हरि : (नचिनेझैं गरी) मैले त नचिनेको, सर पो ।

शिक्षक : (अलि कान नसुन्ने भएकोले) खै कता छ सर्पो ? भागिहालौं नत्र टोक्न सक्छ ।

०००

मामा : भाञ्जा, फूलबारीमा पानी हाल है ।

भाञ्जा : अकाशबाटै पानी पर्दैछ नि ।

मामा : त्यसो भए छाता ओढेर हाल न त ।

–अनिता महर्जन

समस्या अनेक ??? उपचार केन्द्र एक !
मनोकामना आरोग्य केन्द्र

प्राइभेट Test /SLC
अतिरिक्त भर्ना - २०६३
English Language Basic Computer Courses
UNIVERSAL Education Foundation
Ph: 4232996 / 9841408578

होटल तालीम
Security Guard
S.L.C. दिएर
MMTC 5532984
BMTC गोंगबु 016214510

## सन्देश



सुनकोसी क्याम्पसका मित्रहरूमा सफलताको शुभकामना। विशेष गरी नीरा, शर्मिला, धीमा र बिमलालाई।

**गणेश**

देवदह ज्योतिनगरका साथीहरू हिम, बिरु, निरू, सुक, चनमाया, जे.के., लक्ष्मी, अर्जुन, भक्त र घरका सम्पूर्ण परिवारमा न्यानो माया, लामो सम्झना अनि बिदाइका हातहरू हल्लाउन चाहन्छु।

**राजु**

एसभीएमा अध्ययनरत साथीहरूलाई बोर्ड एक्जाम सफलताका लागि शुभकामना। मलाई मन पराए पनि नपराए पनि मलाई मनपर्नेलाई आई लभ यू।

**tamang-98raj@yahoo.com**

कमला, निर्मला, शर्मिला, ममता, मिता, माया, मीना, सम्झना, राजीव, राज, रिना, बिना तथा कुमारमा सम्झनाका साथै हार्दिक शुभकामना।

**अर्जुन**

काले, म भन्थें तिमी सुन्थेऊ। यथार्थमा माया उदाउनु र अस्ताउनुको अर्को नाम हो। तर खै हाम्रो मायाको अर्थ ? तिमी पलायन भएपछि मैले आफूलाई नर्मल बनाउन सकेको छैन। सक्छौ भने यति त भनिदेऊ तिमी कहाँ छौ ?

**सरिता**

केशव, तँ कहाँ छस् ? तैंले मलाई बिर्सिएको ? मैले के नै गल्ती गरेको थिएँ र ? मलाई फोन गर ल।

**माधव**



एकपटक गुम्बामा भेट भएको थियो, त्यस दिनदेखि भेट भएको छैन तर मलाई माफ गर ... भनेर पत्र लेखेकी रहेछौ। के तिम्रा लागि म अयोग्य थिएँ र ? तिमीले पठाएको नम्बरमा फोन पनि लाग्दैन। साउनको पहिलो साताको शनिबार आउनेछु त्यही गुम्बामा।

**अनिल**

उमा, तिमी जहाँ भए पनि खुसीसाथ रहनु। चिडियाखानाको निश्चल पोखरी हुँदै धरहराको टुप्पासम्म पुगेको हाम्रो माया र विश्वास अहिले धरमराएको छ। हामीबीचको परिचय अहिले त केवल मुटु पोल्ने मात्र भएको छ। तिमी कोठा सरेर जाँदा दिन बिराई फोन गर्ने र कोठामा बोलाउँछु भनेको वाचा पनि अब त झूटो लाग्न थालेको छ। ठीकै छ मलाई कोठा नदेखाए पनि तिमीलाई मैले मेरो अटोग्राफमा सधैं देखिरहेको छु। मैले गल्ती गरेको रहेंछु क्यारे, आज मलाई यस्तो कठोर सजाय दिएकी छौ।

**काले**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

## साप्ताहिक साथीका लागि फर्म

नाम : .......................................................................

उमेर : ............................ उचाइ : .......................................

पेसा : ............................ शिक्षा : .......................................

स्वभाव : ............................ वैवाहिक स्थिति : ..................................

अभिरुचि : .......................................................................

वर्ण : ................................ .

इमेल : .......................................................................

ठेगाना : .......................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

.......................................................................

.......................................................................

नोट : तस्विर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटो

# तीजको रात



२०६२ भदौ २१ गते तीज परेको थियो। त्यही तीजको अवसरमा मेला लाग्ने स्याङ्जा जिल्लाको कुनै निश्चित ठाउँमा म र मेरी मित्र गएका थियौं। दिनभरिको रमाइलो हेरिसकेपछि घर फर्कन लाग्दा एक जना परिचित दाजु हामीसामु उभिएको पायौं। केही बेरको कुराकानीपछि घर जान लाग्दा दाजुका मित्रले आज हामी सँगै कुरा गर्दै बसौं भन्नुभयो।

समयको खेल, मेरी आत्मीय साथीसँग कुनै एक मन्दिरबाट लगभग चार-पाँच घन्टा छुट्टिनुपर्‍यो। त्यो चार-पाँच घन्टा मलाई धेरै पीडा र असजिलो अनुभव भैरहेको थियो। किनकि सँगैकी मित्र टाढा रहँदा र अर्कोतिर घर फर्कन नसकेका कारण मनमा विभिन्न कुरा खेलिरहेको थियो। अझ मलाई राति साथीसम्म नपुर्‍याउने निर्णय गरिएपछि मलाई धेरै समस्या भएको अनुभव भयो। मैले पनि जसरी हुन्छ आज साथी समक्ष पुर्‍याउनै पर्छ भनेर कर गरें। धेरै बेर कर गरिसकेपछि अँध्यारो बाटो हुँदै बल्ल-बल्ल साथीसम्म पुगियो।

धेरै बेरको गफपछि खै कसरी हो कुन्नि थाहै नपाई साथी र म फेरि छुट्टिनुपर्‍यो। अचानक भनौं वा त्यस्तै वातावरण मिलाएर हो उही परिचित व्यक्तिसँग एउटै कोठामा हुनुपर्‍यो।

त्यतिबेला मलाई जिन्दगी व्यर्थ छ जस्तो लाग्यो। खै किन हो कुन्नि रुन मात्र मन लाग्यो। त्यो रात निद्रा लाग्नु त कता हो कता मुखबाट बोली पनि आएन। डरले मुटु काँपिरहेको थियो, शरीर झस्किरहेको थियो। रात रुँदारुँदै बित्यो। ऊ मस्त निद्रामा भए पनि मेरा आँसु निरन्तर बगी नै रहे।

जिन्दगीमा कसैलाई पनि यस्तो समस्या उत्पन्न नहोस्, त्यस रातको जस्तो अवस्थामा फेरि नदोहोरियोस्। हुन त त्यो रात ममाथि त्यस्तो नकारात्मक व्यवहार केही पनि भएन तर पनि त्यो अनुभव भयाभह नै थियो।

**–तीजको रातकी केटी**

# रहस्यमय भेट

सन् १९७४ मा मैले आई.ए. को परीक्षा दिन भारतको गोरखपुरबाट फर्म भरेको थिएँ। परीक्षाका लागि कुनाघाटमा मेरा लागि राम्रो बस्ने-खाने व्यवस्था थियो। गोरखपुर तत्कालीन समयमा पानी-पँधेरो जस्तो लाग्थ्यो। त्यतिबेला त्यहाँको शिक्षा स्तरीय थियो। परीक्षाको दिन नजिकिँदै थियो तर पनि समय मिल्दा साइकलमा घुमफिर, मनोरञ्जन गर्ने काम पनि चलिरहेको थियो। परीक्षा प्रारम्भ हुन दुई-तीन दिन मात्र बाँकी हुँदा परीक्षा सेन्टरमा सूचना हेर्न गएँ।

आफ्नो परीक्षा कुन कोठामा परेको छ भन्ने लागिरहेको थियो। सूचना हेर्दाहेर्दै एकजना नेपाली केटी देखिइन्। सबै आफ्नो नम्बर कुन कोठामा परेको होला भन्ने जिज्ञासा राख्दै सूचना बोर्ड हेरिरहेका थिए। त्यतिबेला को कता गयो हेर्ने समय पनि थिएन। उनी पनि अदृश्य भइन्। काम पूरा गरी साइकलमा आफ्नो डेरातिर लागेँ।

आखिर फाइनल परीक्षाको पहिलो दिन पनि आयो, दिनको ३ बजे परीक्षा प्रारम्भ हुन्थ्यो, त्यो भन्दा एक-डेढ घन्टा पहिले तयार भएर २:३० बजे सेन्टरमा उपस्थित भएँ। परीक्षा हलमा पेपर बाँड्ने काम भयो। परीक्षामा व्यस्त हुँदैमा छ बजेको घन्टी लाग्यो। विद्यार्थीहरू हूल बाँधेर निक्लिएर आ-आफ्नो गन्तव्यतर्फ लागे।

हूल बाँधेर बाहिर निस्कने क्रममा म पनि सबैसँग गेट बाहिर के निक्लिएको थिएँ तिनै नेपाली युवतीलाई भेट्टाएँ। नेपालीमै सोधपुछ गरें, उनले पनि नेपालीमै उत्तर दिइन्। उभिएरै पाँच-सात मिनेट कुरा भयो। उनलाई उनका मानिस लिन आउने रहेछन्। तत्काल एकजना मोटरसाइकलमा आएर उनलाई लगे। म पनि साइकलमा डेरातर्फ लागें। प्रत्येक दिन रुटिनअनुसार तयारी र परीक्षा दिने काम भयो। परीक्षा पश्चात् उनलाई भेट्ने इच्छा लाग्थ्यो तर भेट्न सकिन।

उनको मनमा मप्रति कुनै आकर्षण अथवा सम्झना रह्यो-रहेन उनलाई नै थाहा होला। मलाई त्यो छोटो समयको भेट-वार्ताले निकै आकर्षित गर्‍यो र अहिले पनि सम्झना आइरहन्छ। जीवनका केही घटना मीठा एवं रहस्यपूर्ण हुँदा रहेछन्, कहिल्यै भुल्न नसकिने।

**–हर्कबहादुर**



## साप्ताहिक साथी



-१७ वर्षीय टेकबहादुर ऐर 'सरोवर' ले एसएलसीसम्मको अध्ययन पूरा गरेका छन्। मिलनसार र सहयोगी स्वभावका अविवाहित उनको पत्रमित्रता, संगीत, पत्रपत्रिकाको अध्ययन अभिरुचिमा पर्छन्। गहुँगोरो वर्णका टेकबहादुर सुख-दुःखमा साथ दिने, इमान्दार, सहयोगी एवं मिलनसार साथीको खोजीमा छन्। उनलाई अमरगढी नगरपालिका, वडा नम्बर १, भेटा, डडेल्धुरा मा सम्पर्क गर्न सकिन्छ।



-२२ वर्षीय अर्जुन मल्ल रोजगारका क्रममा विदेशमा छन्। पाँच फिट आठ इञ्च अग्ला एकान्तप्रेमी स्वभाव भएका अर्जुनले आईकमसम्मको अध्ययन पूरा गरेक छन्। अविवाहित गहुँगोरो वर्णका उन दुःखमा नआत्तिने, सुखमा नमात्तिने मिलनसार र अरूको भावनाको कद गर्न जान्ने साथीको खोजीमा छन्। उनलाई arjun_malla@yahoo.com मा पत्राचार गर्न सकिन्छ।




-मिलनसार, दुःख-सुखमा साथ दिने र घमन्ड नगर्ने साथीको खोजीमा रहेका १६ वर्षीय अमर रेश्मी मगर हाल कक्षा ९ मा अध्ययनरत छन्। गहुँगोरो वर्णका अमरको उचाइ ४ फिट १० इन्च छ। शिक्षालाई नै हालको आफ्नो पेशा मान्ने चञ्चल स्वभावका अमर गीत सुन्न र पत्रमित्रता गर्न रुचाउँछन्। उनलाई amar_reshmi2047@yahoo.com मा अथवा देउराली-८, जिर्ते बजार, पाल्पामा पत्राचार गर्न सकिन्छ।



-२२ वर्षीय कुमार श्रेष्ठ आई.ए. दोस्रो वर्षका विद्यार्थी हुन्। नोकरी गरिरहेका कुमार अविवाहित छन्। मिजासिलो स्वभावका कुमार भ्रमणका साथै पढाइमा ध्यान दिन मन पराउँछन्। गहुँगोरो वर्णका कुमार मन मिल्ने नयाँ साथीको खोजीमा छन्। उनलाई kum_ar_sa@yahoo.com अथवा पो.ब.नं. ९९२०, क्षेत्रपाटी, काठमाडौंमा पत्राचार गर्न सकिन्छ।

# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## मेष

समय अनुकूल हुन प्रतीक्षा गर्नुपर्नेछ। सुरुमा स्वास्थ्यले धोका दिनसक्छ। मन चिन्तित रहनेछ। कामको बीचमा अवरोधहरू आउनेछन्। घरेलु समस्याले पनि सताउनेछ। सोमबारदेखि धार्मिक कार्यमा रुचि बढ्नुका साथै काममा सुधार आउनेछ। यात्रा हुनसक्छ। अरूको विश्वास पनि जित्न सकिनेछ। प्रशंसा पनि पाउनुहोला।

## वृष

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। यात्रा गर्ने अवसर मिल्नुका साथै व्यवसायमा वृद्धि हुनेछ। अरूले तपाईंको भरोसा गर्नेछन्। काममा पनि सुधार आउनेछ। भेटघाटमा प्रसन्नता एवं जोस-जाँगर बढ्नेछ। नयाँ काम प्राप्त हुन सक्छ। सोमबार तथा मंगलबार स्वास्थ्यमा समस्या उत्पन्न हुने, काममा बाधा आउने तथा चिन्ता बढ्ने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्।

## मिथुन

समय त्यति अनुकूल देखिँदैन। शत्रुले तपाईंको खेदो खन्नेछन्। स्वास्थ्यमा समस्या देखा पर्न सक्छ। झूटा आरोप पनि लाग्ने देखिन्छ। मन दुखाउनुपर्ने परिस्थिति उत्पन्न हुनेछ। अरूले गरेको गलत कार्यको दोष तपाईंमाथि आइलाग्नेछ। विश्वासघात हुन सक्छ। आइतबार, सोमबार तथा मंगलबार प्रसन्नता बढ्ने, काममा सुधार आउने एवं यात्रा हुने योग छ।

## कर्कट

बौद्धिकता बढ्नेछ। अरूको मन सजिलै जित्न सकिनेछ। पर्याप्त सहयोग पनि प्राप्त होला। अध्ययनमा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुने सम्भावना छ। शत्रु बढ्ने तथा स्वास्थ्यमा समस्या उत्पन्न हुने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला। अरूको भरोसा गर्नु उचित हुँदैन।

## सिंह

सोचेर काम गर्नुहोला। पतिपत्नीबीच विवाद एवं गलत विचार बढ्न सक्छ। शत्रु पनि बढ्नेछन्। स्वास्थ्यमा समस्या उत्पन्न हुन सक्छ। खानपानमा ध्यान दिनुहोला। सोच्ने शक्ति बढ्नेछ भने राम्रै आम्दानी हुनेछ। यात्रा गर्नु उचित हुँदैन। अध्ययनमा जोड दिनुहोला।

## कन्या

समय बलियो छ। सोचेका धेरै कुरा पूरा हुनेछन्। मन पनि प्रसन्न रहनेछ। बोलीको प्रभाव तथा जोस-जाँगर बढ्नेछ। आफ्नै निर्णयले सफलता प्राप्त गर्न सकिनेछ। अरूलाई सजिलै आकर्षित गर्न सकिनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। यात्रा हुनसक्छ। वैदेशिक कार्यमा सफलता मिल्नेछ। महत्त्वपूर्ण कामका लागि साता उपयुक्त छ।

## तुला

समय बलियो छ। प्रतिस्पर्धा गर्नुपरे पनिसफलता हात पर्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। भाग्यले साथ दिनेछ। मानसम्मान पनि मिल्नेछ। स्वास्थ्यमा समस्या उत्पन्न हुने हुँदा खानपानमा ध्यान दिनुहोला। अरूको विश्वासमा भन्दा आफ्नै प्रयासमा काम गर्नु उचित हुन्छ।

## वृश्चिक

मानसम्मान प्राप्त हुनेछ। भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ। यात्रा पनि हुनसक्छ। व्यवसायमा राम्रै लाभ होला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। बोल्दा विचार पुऱ्याउनुहोला। आफन्तहरूबाट सहयोग जुट्नेछ। अध्ययनमा भने खासै लाभ देखिँदैन। लेनदेनबाट टाढै रहनु उचित हुन्छ।

## धनु

साताको सुरुमा चिन्ता, खर्च एवं विवाद बढ्नेछ। गलत विचारका कारण काममा अवरोध आउन सक्छ। स्वास्थ्यले साथ नदिंदा मनोबल घट्नेछ। शरीरमा चोटपटक लाग्न सक्छ। शत्रु बढ्नुका साथै व्यवसायमा समस्या उत्पन्न हुनसक्छ। सोमबारदेखि मानसम्मान मिल्ने, यात्रामा लाभ हुने तथा भेटघाटमा रमाउने अवसर प्राप्त हुनेछ। धन आर्जन पनि हुनसक्छ।

## मकर

समय बलियो छ। सुरुमा सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। यात्रा हुनुका साथै पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। अध्ययनमा सफलता मिल्नेछ। सफलताका लागि गोपनीयता अपनाउनुहोला। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

## कुम्भ

मानसम्मान प्राप्त हुनेछ। अरूले तपाईंको प्रशंसा गर्नेछन्। भाग्यले पनि साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। अध्ययनमा लाभ मिल्नुका साथै घरेलु कामकाजमा रुचि बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। शत्रुसित प्रतिस्पर्धा गर्नुपर्नेछ। बुधबार र बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

## मीन


धार्मिक कार्यमा रुचि बढ्नेछ भने भाग्यले पनि साथ दिनेछ। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सुधार आउनुका साथै व्यवसायबाट लाभ मिल्नेछ। अरूको मन जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर पनि प्राप्त होला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। स्वास्थ्यको ख्याल राख्नुहोला।

### यो साताको पञ्चाङ्ग

असार २७ गते : गुरुपूर्णिमा, २९ गते : भानु जयन्ती

# महिलाका कुण्ठित चाहना

**लोचन सायमी**



पुरुषको तुलनामा महिलामा यौनभावना कम हुन्छ। कुनै ठोस वैज्ञानिक आधार नभए पनि उनीहरूमा यौन उत्तेजना ढिलो पैदा हुन्छ तथा पुरुषभन्दा लामो समयसम्म कायम रहन्छ, तर पनि महिलामा हुने यौन चाहना एवं सन्तुष्टि समय तथा परिस्थितिमा निर्भर रहने कुरालाई नकार्न सकिँदैन।

यौनक्रिया दम्पतीबीचको पारस्परिक सहमति तथा समझदारीमा गरिने भावनात्मक अन्तर्क्रिया हो। यसमा आफू मात्र नभै आफ्नो यौनसाथीको पनि शारीरिक, मानसिक एवं भावनात्मक अवस्थालाई बुझ्न सक्नेले अधिकतम सन्तुष्टि पाउँछन्, तर अधिकांश पुरुषहरू धैर्य एवं समझदारीविना हतार मात्र गर्दैनन्, पुरुषत्वको प्रदर्शनबाट यौनसन्तुष्टि लिन खोज्छन्, जसले गर्दा महिलाहरूले यौनबाट प्राप्त गर्ने चरमसुखबाट वञ्चित हुनुपर्छ।

नारी तथा पुरुषमा समान यौनचाहना भए पनि यौन उत्तेजना, यौन तत्परता तथा शारीरिक प्रक्रियामा भने केही भिन्नता पाइन्छ। पुरुषहरू सजिलै तथा चाँडै उत्तेजित हुनुका साथै अधिकांश अवस्थामा वीर्य स्खलनमा नै चरमसुख प्राप्त गर्छन्। महिलाको उत्तेजित हुने प्रक्रिया पुरुषको भन्दा भिन्न हुन्छ। महिलाहरू ढिलो उत्तेजित हुन्छन् भने यो क्रम लामो समयसम्म कायम रहन्छ। हतारमा यौनक्रियामा सहभागी हुने शैलीले महिलालाई शारीरिक, मानसिक एवं भावनात्मक चरमसुख प्राप्तिको अभाव खड्किन्छ।

महिलाले यौन आनन्द नपाएको अवस्थामा पुरुषलाई पनि उत्तिकै प्रभाव पर्छ। आपसी सरसल्लाहको अभावले सम्भोगलाई अझ निरसतामा परिणत गर्छ। यौन क्रियाकलापमा सहभागी हुनु भनेको शारीरिक प्रक्रियामा मात्र संलग्न हुनु होइन, यसमा दुवै पक्षबीचको भावनात्मक एवं सुमधुर सम्बन्धलाई पनि त्यत्तिकै सबल बनाउनुपर्छ।

हतारको जुनसुकै काम पनि फलदायी हुँदैन। यौन क्रिया पनि यो भनाइबाट टाढा रहन सक्दैन। यसले महिलालाई मात्र होइन, पुरुषलाई पनि पूर्ण सन्तुष्टि दिन नसक्ने यौन विश्लेषकहरूको दाबी छ। उपयुक्त पारिवारिक, सामाजिक तथा यौन शिक्षाको जानकारी एवं वातावरणको अभावले धेरैजसो नारी-पुरुष यौन आनन्दप्रति बेवास्ता गर्छन्। सामान्य जानकारीको अभाव अथवा बेवास्ताले महिलालाई सताइरहेको हुन्छ। प्रारम्भमा महिलाले चरमसुखविनाको यौनलाई बाध्यताका रूपमा स्वीकार गर्छन्। यसैलाई स्वाभाविक सम्भोग मान्नुपर्ने बाध्यता छ। श्रीमान्-श्रीमतीबीचको प्रेमसम्बन्ध विकास गर्ने समयमा यौनक्रिया हुने तथा त्यसपछि प्रेमसम्बन्ध विकास हुने विपरीत प्रक्रियाले अधिकांश नेपाली महिलाहरू आन्तरिकरूपमा बलात्कारको पीडामा रुमल्लिएका पाइन्छन्।

श्रीमान्-श्रीमतीबीच आपसी संवाद नभएको अवस्थामा एक-अर्काको भावना बुझ्न सक्ने क्षमता न्यून हुन्छ। अन्य अवस्थामा डर, बाध्यता एवं परम्परागत मान्यताका कारण दम्पतीबीचको सम्भोग पनि जबरजस्ती करणी नै सावित हुन्छ। यस्तो अवस्थामा पुरुषलाई क्षणिक चरमसुख त मिल्छ तर धेरैजसो महिलाका लागि यौनक्रिया स्वीकार गर्नैपर्ने एउटा वैवाहिक बाध्यतामा सीमित हुन्छ। पुरुषमा हुने यौन शिक्षा तथा जानकारीको अभावका कारण धेरैजसो पुरुष आफ्नी श्रीमतीको यौन सन्तुष्टिका बारेमा अनभिज्ञ हुन्छन्। महिलाहरू सानै उमेरदेखि यौन उत्सुकता तथा यौन चाहनाका सम्बन्धमा कुरा गर्न लजाउँछन्। यसले पनि समस्यालाई बढाउँछ।

यौनबाट टाढा रहनुपर्छ भन्ने परम्परागत संकीर्ण सोचाइका कारण महिलाहरू यौनचाहना तथा उत्सुकताका बारेमा खुलेर कुराकानी गर्न सक्दैनन्। खासगरी महिलाले आफ्नो यौन चाहनालाई सहज रूपमा स्वीकार गर्ने तथा त्यसका बारेमा खुला रूपमा छलफल गर्ने वातावरण नभएकाले धेरैजसो नेपाली महिलाले आन्तरिक यौन बलात्कार, यौनकुण्ठा, अपराधबोध, जोखिमपूर्ण यौन व्यवहार एवं शोषणको वातावरणमा आफ्नो यौनजीवन बिताउनुपर्छ। सामाजिक संरचना एवं लैङ्गिक विभेदका कारण यौनका सम्बन्धमा पुरुषहरूको उपस्थिति महिलाहरूको तुलनामा बढी देखिन्छ। महिलाहरू यौन जानकारीको अभावले नीरसपूर्ण यौनजीवन बिताइरहेका पाइन्छन्।

विश्वलाई कामसूत्र दिने वात्सायन तथा कोकजस्ता पूर्वीय विद्वान्हरूले प्रतिपादन गरेका सिद्धान्त एवं आदर्शका बारेमा महिलाहरू कमै मात्र परिचित छन्। विश्व परिवेशमा आधुनिक स्वास्थ्य विज्ञानले ल्याएको चमत्कारिक यौन मनोविज्ञानलाई यहाँको यौन व्यवहार एवं यौनसम्बन्धी धारणामा परिवर्तन ल्याउन सकेको पाइँदैन। यौनसम्बन्धी अध्ययन तथा अनुगमनका तथ्यांकहरू केलाउने हो भने नेपाली समाज मध्ययुगीन पुरुषप्रधान मूल्य-मान्यता तथा नैतिकताकै सिद्धान्तका आधारमा सञ्चालित भैरहेको पाइन्छ। कामसूत्रका रचनाकार ऋषि वात्सायनले सम्भोगलाई लामो, रोचक तथा अन्तरंग बनाउने कला अर्थात् प्राक्क्रीडालाई सम्भोगको अपरिहार्य पूर्वसर्त बताएका छन्।

प्राक्क्रीडा महिला-पुरुष दुवैको उत्तेजनालाई समान रूपले परिपक्व बनाउने कला हो, जसमा यौनक्रिया अघिपछि कुराकानी गर्ने, सुमसुम्याउने, चुम्बन जस्ता गतिविधिहरू समावेश छन्। 'फोर प्ले'का नामले परिचित यो प्रक्रियाले यौन साथीहरूबीचको आकर्षण एवं खुलापन बढाउँछ भन्ने संकोच हटाई रचनात्मक दिशातर्फ अगाडि बढाउन सकिन्छ। फलस्वरूप, दुवैको सम्भोगको अवधि त बढाउँछ नै, चरम आनन्द पनि प्राप्त हुन्छ। भनिन्छ, हतारको सम्भोगबाट महिला यौनसाथीलाई रमाइलो हुनुको साटो कष्ट मात्र हुन्छ तथा उनीहरू सम्भोगको चरम उत्कर्षमा पुग्न सक्दैनन् र यसबाट विरक्तिँदै जान्छन्।















# उपभोक्तावादसँगै फस्टाएको
# मानवीय यौनिकता

**प्रदीप मेयाङ्बो**

भूमण्डलीकरणसँगै परिवर्तन भैरहेको मानिसभित्रको यौन जागरणलाई कसैले गलत विचार भन्दै अस्वीकार गर्छ भने उसको मत निश्चय पनि अल्पमतमा पर्छ। कुनै समय नैतिकताको आडमा समाजद्वारा वर्जित गरिएका मानवीय यौनप्रवृत्तिलाई आजभोलि खुला प्रदर्शन गरिन्छ। आज यौनको बजार तथा यसलाई उपभोग गर्ने उपभोक्ताहरूको संख्या एक्कासि बढेकोमा आश्चर्य मान्नु पर्दैन। यौनबजार उद्योग-व्यापारका रूपमा फस्टाइरहेको छ।



खासगरी नयाँ पुस्ताका स्त्री-पुरुषले यौनसुख प्राप्तितिर जोड दिन थालेपछि यौनव्यापार फस्टाउन थालेको छ। उपभोक्तावादी संस्कृतिको विस्तारसँगै संसारभर देह-दर्शनले राम्रै स्थान पाइरहेको छ। देह-दर्शन तथा यौनकर्मबीच नङ तथा मासुजत्तिकै सम्बन्ध छ। मोबाइलको सेक्सी रिङ्गटोनमा होस् अथवा त्यसको स्क्रिनमा देखिने थ्रीएक्स टाइपका म्यासेज अर्थात् न्यूड सिन तिनमा उत्तर आधुनिक यौनप्रवृत्ति नै प्रदर्शन भैरहेको छ, जसलाई कुनै धार्मिक नीति-नियम, परम्परगत मान्यता, राज्यको संविधान र कानुनले छेकथुन गर्न सकेको छैन। विकसित मुलुक हुँदै दक्षिण एसियाजस्तो विकासोन्मुख क्षेत्रमा पनि यौनउद्योगको बजार फैलिरहेको कुरा कसैबाट लुकेको छैन।

सेलिब्रेटिज मानिएका स्थापित लेखक, कवि, कथाकारहरूले निर्धक्क यौन वर्णन गरेर आफ्नो पुस्तकको बजार विस्तार गरिरहेका छन्। हलिउड, बलिउडमा निर्मित चलचित्रहरू सबैजसो यौनकर्ममै केन्द्रित भएर दर्शकसामु प्रदर्शित हुँदै आएका छन्। नब्बेको दशकमा यौनजन्य देह-दर्शनले भरिएका चलचित्रलाई सी ग्रेडको दर्जा दिइन्थ्यो।

बजारमा पाइने अश्लील उपन्यास पत्रपत्रिका जुन सस्तो तथा कमसल कागजमा छापिएका हुन्छन्, जस्तै- वर्णन गरिएका स्थापित लेखक-साहित्यकारहरूका उपन्यास तथा कथाले विश्वव्यापी बजारमा प्रशस्त ठाउँ पाएका छन्। यौनउद्योगलाई टेवा दिने कुनै पनि व्यक्ति अथवा संस्थालाई बेवास्ता गर्नुको सट्टा आदर गर्ने चलन आधुनिक रीति भएको छ।

परशु प्रधान, सीता पाण्डे, पुष्कर लोहनी, रक्ष राई, किशोर पहाडी, पद्मावती सिंहदेखि ९७ वर्ष पुगेका भारतीय लेखक खुसवन्त सिंह, अरुन्धती रायजस्ता स्थापितहरू पनि यौनको सहारामा आफ्ना नयाँ सिर्जना तयार पार्न प्रतिस्पर्धामा उत्रिएका छन्। उनीहरूले आफ्ना अधिकांश कथा-उपन्यासमा पात्रले लगाएको भित्री पहिरन, शयन कक्ष, बाथरुमदेखि यौनाङ्गका आकार तथा यौनसम्पर्क गर्दा उत्पन्न शारीरिक एवं मानसिक उत्तेजनालाई शब्दमा उतारेका छन्।

कमसल कागजमा लेखिएका तथा चित्रण गरिएका यौनवर्णन तथा तस्बिरलाई हाम्रो समाजले अश्लील भन्दै आएको छ। तर त्यही शब्द, त्यही तस्बिर तथा त्यही लेखकका यौनकथा उपन्यास अथवा तस्बिर कुनै चिल्लो कागजमा रंगीन कलेवरमा छापिए त्यसलाई महँगो मूल्य तिरेर उत्कृष्ट भन्दै किन्ने चलन छ। उन्मुक्त हुने लालसाको प्रतिरूप खुला अभिव्यक्तिले बिस्तारै सामाजिक स्वीकृति पाउन थालेको छ। बजारमा सजिलै यौन पत्रपत्रिका तथा क्यासेट, सिडी पाउनु, पारदर्शी तथा मिनीस्कर्ट वा खुला वक्ष भएको ब्राटप लगाएर हिंड्नु, नाइटो तथा पेन्टी प्रदर्शन गर्नु आदिलाई सामाजिक स्वीकृतिको नमुना मान्न सकिन्छ।



तीव्र रूपमा बदलिएको सामाजिक मान्यता, आधुनिकीकरण, भौतिक सुखको चाहनामा वृद्धि आदि कारणले यौनबजारलाई पनि मान्यता प्राप्त हुँदै गएको छ। सञ्चार प्रविधि तथा मिडियाले यौन विषयलाई बढी नै विचारोत्तेजक तथा रहस्यमय ढंगले प्रस्तुत गर्दै कागजमा, टेलिभिजन स्क्रिनमा र चलचित्रको पर्दामा उतार्दै आएका छन्।

साँच्चै भन्ने हो भने मिडियाले यौनकर्मलाई मानवीय रुचिको प्रिय विषयका रूपमा प्रस्तुत गर्ने गरेको छ। यौनउद्योगको बजारलाई प्रतिष्ठित लेखक, कवि, चित्रकार स्थापित कलाकार एवं बुद्धिजीविहरूले समर्थन गरेका कारण पनि यो सर्वव्यापी रूपमा फैलिन पुगेको समाजशास्त्रीहरू बताउँछन्।

यौवन, ऐश्वर्य, आकर्षण आदि सबै उन्मुक्त जीवनशैली अपनाउन प्रयोग गरिने गतिला हतियार हुन्। चमक-दमक, सुटेड-बुटेड भएर देखिने जमानामा सामान्य परिस्थितिको खासै महत्त्व हुँदैन। समाजशास्त्रीहरूले विश्वबजारमा फैलँदो यौनउद्योगलाई फेसन मोडलिङ, सौन्दर्य प्रसाधन, ख्यातिप्राप्त चलचित्र अभिनेता, खेलाडी, सुन्दरी प्रतियोगिता आयोजना गर्ने रूप-तन्त्रवादी तथा बहुराष्ट्रिय कम्पनीहरूले अनुमोदन गरेर सर्वस्वीकार्य बनाइरहेको बताएका छन्।

यौनबजारमा देखिएका समलिङ्गी सम्बन्ध, पारिवारिक यौनसम्बन्ध, व्यभिचार, अस्वाभाविक कामुकता, कुमारी आमा, लिविङ्ग टुगेदर, अङ्गप्रदर्शनजस्ता यौनसँग सम्बन्धित गतिविधिप्रति लेखक, कवि, कथाकार, मोडल, चित्रकार, राजनीतिकर्मीहरूले खुला अभिव्यक्ति दिन थालेका छन्।

महानगरीय संस्कृतिमा आधुनिक परिवारबीच लोग्नेस्वास्नी साटासाट गर्ने चलनले अवैधानिक मान्यता पाउन थालेको छ। जुन कहिलेकाहीं चलचित्र र पत्रिकामार्फत सार्वजनिक हुन्छन्। यस्तो स्थितिमा अबको सय वर्षपछिको यौनकर्म कस्तो होला ?

यौनबाट कुनै पनि दर्शन अलग हुन सकेको छैन। वर्तमानमा देखिएका यौनकर्म आधुनिक प्रविधि, सोच र शैलीका विकसित र परिभाषित रूप मात्र हुन्। जुन पछौटे ग्रामीण परिवेशमा अभाव र जोखिमपूर्ण जीवन जिउनेका लागि अनौठो र आश्चर्यकै विषय हो।

---

## फेसनमा नयाँ के छ ?

पृष्ठ १ बाट जारी

फूल स्लिव्सभन्दा सीघ्र स्लिव्स अर्थात् पारदर्शी सिंगल लेयर्ड जर्जेट वा क्रेपका स्टाइलको क्रेज बढेको देखिन्छ। स्कर्ट, लेहेंगा, ट्राउजर वा साडीसित पनि प्रयोग गर्न सकिने भएकाले कोर्सेटको प्रचलन बढेको पाइन्छ। कोर्सेटका साथमा अम्ब्रेला कट स्कर्ट वा जरदोजी सिक्वेन्स, चिकेनकारी वा क्रिस्टल वर्कको प्रयोग भएका कढाइदार ट्राउजरको कम्बिनेसनले पनि फेसनप्रेमीहरूको ध्यान आकर्षित गरेको पाइन्छ।

त्यसैगरी कोमल घेरेदार तथा लेयर्ड फ्याब्रिक फ्लोरल प्रिन्ट एवं पेस्टल कलरको फेसन पनि देख्न पाइन्छ डिजाइनर वेअरको फेसनमा। एसिमिट्रिकल हेमलाइनयुक्त पहिरनहरू त प्रचलनमा छन् नै, साथै यसको प्रयोग ब्लाउज एवं कुर्तामा समेत बढ्न थालेको पाइन्छ। अघिल्लो वर्षदेखि फेसन स्टेटमेन्ट बन्न थालेको पोन्चोको फेसनले अधिकांश यौवनाहरूलाई आकर्षित गरेको देखिन्छ। आरामदायक एवं सुविधाजनक तथा स्टाइलिस पनि भएकाले पोन्चो फेसन शैलीले पहिरन संसारलाई तताएको देखिन्छ। पोन्चोसँगै कफ्तानको डिमान्ड पनि बढेको पाइन्छ।

मेक्सिकन महिलाहरूको राष्ट्रिय पोसाक पोन्चो तथा कफ्तानको फेसनशैली विशेषतः युवतीहरूमाझ बढी लोकप्रिय देखिन्छ। स्कर्टको फेसन पनि उत्तिकै लोकप्रिय छ। वन पिस, लङ, मिनी र नि-लेन्थ, मिडी वा टियर्ड, फुल सर्कल, लेयर्ड, प्लिटेड, ह्याङकरचिफ, फ्लेर्ड चलनमा देखिन्छन्। त्यसैगरी ब्याकलेस हल्टर ड्रेस, सिल्क लङ स्कर्ट, अनइवन हेमलाइनयुक्त पोन्चो, मिडियम फिटेड एवं स्ट्रेट ट्राउजर्स, मिक्स एन्ड म्याच सर्ट, कुर्ती, लुज ट्राउजर, सिगरेट टाउजर, फुल फ्येथर्ड गाउन लगायतका विविध डिजाइन, स्टाइल तथा फेसनेबल पहिरनको जादू फेसन चलेको छ।



सेरवानी, पठानीका अतिरिक्त पुरुष फेसनमा डिजाइनर वेयरतर्फ कुर्ताको फेसन बढी लोकप्रिय भएको पाइन्छ।

सेमी-फर्मल र क्याजुएल लुक प्रदान गर्ने कुर्ताका विविध डिजाइन अन्तर्गत लम्बाइका दृष्टिले फुल-लेन्थ नि-लेन्थ, हाल्फ-लेन्थ, फिटेडशैली वातावरण अनुरूप लगाउने प्रचलन बढेको छ भने फुल-स्लिभ र हाफ-स्लिभमा राउन्ड-नेक, भी-नेक, कलरयुक्त वा बिना कलरका कुर्ता-कुर्ती प्रचलनमा छन्। विशेषतः नेक-लाइन तथा स्लिभ एरियामा विभिन्न वर्क गरिएका कुर्ता-कुर्ती पुरुष फेसनमा बढी लोकप्रिय छन्।

---

## गालाले चिनाउँछ
# व्यक्तित्वलाई



चुम्बनका लागि उर्वर अंगहरूमध्ये गालाको पहिलो तथा महत्त्वपूर्ण भूमिका रहन्छ। सुन्दर तथा आकर्षक गाला (चुम्बनका खातिर) सबैका प्रिय हुन्छन्। ताजगीपूर्ण गालामा चुम्बनका बिउ रोपेर आनन्द, हर्ष, खुसी तथा शान्तिको फसल बटुल्न सबै चाहन्छन्। प्रसन्नता, खुसी र हर्षविभोरावस्थामा हाम्रो गाला पुन्यपत्रझैं हराभरा तथा सुन्दर भई खुल्छ। त्यसैले भनिएको छ 'चुम्बन महभन्दा मीठो र जीवनभन्दा पनि प्यारो हुन्छ।'

चाहे पुरुष होस् चाहे महिला, सर्वप्रथम गाला हेरेर नै उनीहरूको सुन्दरता मापन गरिन्छ। सौन्दर्यशास्त्रीहरूका अनुसार कोमल मासुले भरिएको तथा स्याउजस्तो रातो गाला सुन्दरताको कसी मानिन्छ। त्यही गालाका आधारमा मानिसको स्वभाव पनि पहिचान गरिन्छ।

हाँस्दा गालामा खाल्टो पर्ने मानिस दीर्घजीवी हुन्छन्। त्यस्तै तलदेखि माथिसम्म रेखाले भरिएको गाला भएका मानिस सफल व्यापारी मानिन्छन्। डण्डीफोरले भरिएको गाला भएका मानिसको रगत अशुद्ध हुन्छ। गालाको माथिल्लो भाग तलको भन्दा अलि भारी भएका मानिसहरू घमन्डी, अरूको निन्दा गर्ने तथा अरूलाई दुःख दिने स्वभावका हुन्छन्। जसको गालामा धेरै चाउरी परेको छ त्यस्ता मानिसहरू गम्भीर तथा जटिल समस्याहरू पनि सहजै समाधान गर्न सिपालु हुन्छन्। जसको गालाको मध्यभागको हड्डी आँखाको छेउबाट कानसम्म (अलिकति) उठेको हुन्छ, त्यस्ता मानिसहरू पढाइलेखाइमा तेज हुन्छन्। धेरै गाला फुलेका मानिस अल्छी तथा चिन्ता नगर्ने खालका हुन्छन् भने अलिकति भित्र पसेका गाला भएका मानिसहरू जिम्मेबार एवं परिश्रमी भए पनि कमजोर एवं चिन्ताग्रस्त हुन्छन्।

गाला नफुलेका तर त्यसको लम्बाइ बढी भएका मानिसहरू कुलघरानियाको ठाँटमा बस्न चाहन्छन्। जुन मानिसको गालाको छाला तेज एवं चम्किलो छ त्यस्ता मानिसहरू स्वस्थ, प्रसन्न तथा समृद्ध मानिन्छन्। गोलो मासु भरिएको तथा रातो गाला भएका मानिस साधु एवं महान् स्वभावका हुन्छन्। जो सदैव कर्मठ, साहसी र महत्त्वाकांक्षी हुन्छन्। गुलाफी रंगयुक्त गाला भएका मानिस उदार, सहनशील, बुद्धिमान एवं कुशल व्यवहारका मानिन्छन्। शुष्क, निस्तेज एवं खस्रो गाला हुने व्यक्ति अस्वस्थ र मानसिक रोगबाट ग्रस्त हुन्छन्। तिनमा रोग तथा समस्याको सामना गर्ने क्षमता कमै हुन्छ, साथै त्यस्ता मानिस अस्थिर तथा चिडचिडे स्वभावका हुन्छन्। उनीहरू सानातिना कुरामा पनि आक्रोशित र आक्रामक हुन्छन्। यसको ठीक विपरीत अत्यधिक कसिलो तथा चिल्लो गाला भएका व्यक्तिलाई हेरेर के अनुमान लगाउन सकिन्छ भने त्यस्ता व्यक्ति खानपिन र मोजमस्तीका सौखिन छन्। त्यस्ता मानिस सम्पन्न एवं भोगविलासी हुन्छन्। उनीहरूमा धन तथा वैभवको अहंकारको भूत सवार हुन्छ। कान्तियुक्त गाला भएका व्यक्तिको मस्तिष्क स्वस्थ रूपले विकसित भैरहेको हुन्छ। उसमा कसैलाई प्रभावित तुल्याउने एवं नेतृत्व प्रदान गर्ने कुशल क्षमता विद्यमान हुन्छ। श्वेत वर्णका गाला भएका व्यक्ति शारीरिक एवं मानसिक रूपबाट दुर्बल हुन्छन्। तिनमा चिड्चिडापन पनि देखिन्छ। जीवनप्रति केही उत्साह रहँदैन। गालामा खैरो, कालोपन तथा दाग भएका व्यक्ति तामसिक प्रवृत्तिका हुन्छन्। त्यस्ता मानिस मादक पदार्थ सेवन गर्ने, उत्तेजित, रिसाहा एवं हृदयरोगी हुन्छन्।

**– ललिता श्रेष्ठ**

## साताकी गृहिणी



*मैयाँ भट्टराई, वि.सं २०२८ सालदेखि निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध पुष्पलाल श्रेष्ठको पार्टीबाट भूमिगत राजनीति थालेर बहुदलीय व्यवस्था ल्याउन निकै कठोर संघर्ष गरेकी महिला नेतृ । २०४६ सालको जनआन्दोलनमा बुटवलमा महिलाको नेतृत्व गरेकी भट्टराई यसपटकको लोकतान्त्रिक आन्दोलनमा पनि अग्रमोर्चामा देखिनुभयो । एमाले निकट महिला संघकी केन्द्रीय सदस्य तथा लुम्बिनी अञ्चल इञ्चार्ज रहिसकेकी भट्टराई हाल पूर्ण रूपमा गृहिणी हुनुहुन्छ । एमाले केन्द्रीय सल्लाहकार तथा राष्ट्रियसभाका निवर्तमान सांसद रामचन्द्र भट्टराईकी जीवनसंगिनी भट्टराई नेताहरूलाई व्यक्तिगत स्वार्थ नराखी जनताको चाहनाअनुसार इमानको राजनीति गर्नुपर्छ भन्ने सुझाव दिने खरो मिजासकी महिला हुनुहुन्छ । राजतन्त्रको कट्टर विरोधी देखिने ५९ वर्षीया भट्टराई निःसर्त संविधान सभामार्फत लोकतान्त्रिक गणतन्त्रमा जान सात दलका नेताहरूले खुट्टा कमाउन नहुने कुरामा जोड दिनुहुन्छ ।*

**अहिलेको राजनैतिक परिवर्तनलाई कसरी लिनुभएको छ ?**

यो विगतका भन्दा बेग्लै महत्त्वको फरक परिवर्तन हो । खासगरी २००७ सालदेखि नै राजतन्त्रको अन्त्य गरी लोकतन्त्र ल्याउने नेपाली जनताको चाहनाले ल्याएको परिवर्तन हो, तसर्थ यो दिगो होला भन्ने लाग्छ ।

**आजभोलि के गर्दै हुनुहुन्छ ?**

जीवन गुजाराका लागि सानो किराना पसल चलाउँदै घरगृहस्थी गर्दैछु ।

**राजनीति गरेको मान्छे अहिले यसरी बस्नुपर्दा दुःख लाग्दैन ?**

लाग्दैन, मैले आफू धनी हुन तथा मोजमस्ती गर्न स्वार्थको राजनीति गरेकी होइन । देश र जनताका लागि भनेर लागेकी हुँ । नेपालमा अझै पनि हजारौं नागरिक भोकै-नाङ्गै छन्, त्यसैले जनताका लागि राजनीति गरेकाले दुःख मान्नु हुन्न ।

**तर अधिकाश नेता त सुविधाभोगी छन् नि ?**

त्यो गलत हो । त्यसले राजनीतिलाई दूषित बनाउँछ । जनताले त्यस्ता नेतालाई अब स्वीकार गर्दैनन् । उनीहरूको भविष्य छैन ।

**राजनीति गर्दाका सम्झनलायक कुराहरू ?**

२०२८ साल भदौमा बनारसबाट आएका गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, एकराज पाण्डे, वामदेव गौतम, मोदनाथ प्रश्रित आदिलाई काठमाडौंको साघुरो डेरामा खाना पकाएर ख्वाएको कुरा । अझ गिरिजाप्रसादले निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध डटेर लाग्नुपर्छ भनेर प्रोत्साहित गरेको कुरा म कहिल्यै भुल्न सक्दिनँ ।

**तपाईंलाई सबैभन्दा मन पर्ने नेता ?**

मदन भण्डारी । उहाँमा सरलता र महानता थियो । उहाँलगायत थुप्रै नेता मकहाँ खाना खान आउनुहुन्थ्यो ।

**जीवनको सबैभन्दा दुःखद क्षण ?**

२०२८ सालतिर गर्भवती अवस्थामा काठमाडौंमा एक जना अमेरिकीको भाँडा माझेर दिन गुजारेको क्षण । त्यतिखेर ओमबहालबाट ताहाचलसम्म बिहान र साँझ दुई पटक सकी-नसकी हिंड्दै गएर भाँडा माझेर कोठामा खाने खर्च जुटाएको क्षण नै जीवनको दुःखद क्षण मान्छु । यसबाहेक चारवटा बच्चालाई कोठामा थुनेर घट्टेकुलो र बालाजु फाँटमा धान रोप्नेदेखि काट्नेसम्मका काम गरेर पनि पार्टीका लागि योगदान गरियो । आफ्नो भएको चार तोला सुन बेचेर पार्टी नेताहरूलाई खाना ख्वाइयो तर यी कुरामा दुःख लागेको छैन ।

**राजनीतिबाहेक केमा रुचि राख्नुहुन्छ ?**

गीत-संगीतप्रति सानैदेखि रुचि थियो । सानैदेखि गाउँघरमा चाडपर्वमा लोक गीत गाउने, नाच्ने पनि गर्थें । पछि काठमाडौंमा बस्दा रेडियो नेपालमा स्वर परीक्षा दिएर 'ख' श्रेणीमा पास पनि भएकी हुँ । २०३३ सालतिर काठमाडौंमै रामेश, मञ्जुलसँग परिचय भएपछि जनतालाई जगाउने गीत गाउँदै गाउँ-गाउँ हिंडियो ।

**यो सरकारले कस्तो काम गरोस् भन्ने चाहनुहुन्छ ?**

यो सरकारले सबैभन्दा पहिले माओवादीसहितको अन्तरिम सरकार गठन गरी लोकतान्त्रिक गणतन्त्रको दिशामा अग्रसर होस्, सेनालाई जनताको अधीनमा ल्याओस्, देशले थामिनसक्नु दरबारको भत्तालाई कटौती गरोस्, लोकतन्त्रका लागि लड्दा सहिद भएकाको परिवार एवं घाइतेको व्यवस्थाका लागि उचित आर्थिक सहयोग गरोस् ।

**नयाँ पुस्तालाई के भन्नुहुन्छ ?**

जीवनमा अध्ययन सबैभन्दा महत्त्वपूर्ण चीज हो, त्यसैले सबैभन्दा बढी ध्यान पढाइमा दिनुपर्छ ।

**–टोपराज शर्मा**

## परिकार


### भेनिला आइसक्रिम

**सामग्री :** एक लिटर फुल क्रिम मिल्क, ५० ग्राम पाउडर दूध, २ सय ५० ग्राम ताजा क्रिम, १ सय ५० ग्राम चिनी, आधा सानो चम्चा भेनिला एसेन्स ।

**विधि :** एउटा भाँडामा दूध उमाल्ने । दूध आधा घटेपछि त्यसमा चिनी हालेर केहीबेर उमाल्ने । चिनी हाली उमालेको दूध अलि बाक्लो भएपछि त्यसलाई चिसो हुन दिने । त्यसमा मिल्क पाउडर तथा भेनिला एसेन्स हालेर हेन्ड मिक्चर वा इलेक्ट्रिक मिक्सचरमा फिट्ने । त्यसपछि आइसक्रिम बक्समा राखेर फ्रिजमा दुई तीन घण्टा राखी अलिअलि जम्न दिने । जमेको आइसक्रिमलाई फ्रिजबाट निकाल्ने र क्रिम हाली चिसैमा राम्रोसँग फिट्ने । फेरि डिफ्रिजमा ८-९ घण्टा राख्ने । कडा भएपछि आइसक्रिम तयार हुन्छ । तयार आइसक्रिमलाई निकाल्दा आइसक्रिम स्कुपको सहायताले निकालेर कोण, कप वा बाउलमा राखी सर्भ गर्न वा खान सकिन्छ ।

**– राधेश्याम श्रेष्ठ**

## पारिवारिक स्वास्थ्य



**रोगको परिचय**

रोग अनियमितताको फल हो । हीनताको फल अनियमितता हो । पेट दुख्नु आफैंमा कुनै रोग होइन तर त्यो पीडाले धेरै प्रश्न उठाउँछ- किन, कसरी, कहाँ आदि । त्यो वायुगोला हो कि ? वायु विकार ? मल विसर्जनादि कष्ट ? आन्द्रामा घाउ भएर पो हो कि ? के बालबालिका, के युवा, के बूढा, सबैको पेट दुख्छ नै ।

**रोगका लक्षण र कारण**

असन्तुलिन खाना, आवश्यकताभन्दा बढी खाना, अनियमित समयको खाना, तारेको, भुटेको, पोलेको, बासी, बढी तेल, मसलायुक्त खाना, अन्य रासायनिक तत्त्व राखेको खाना खाएको खण्डमा पेटमा गड्याङ गुडुङ हुनु, पेट बटारिनु, पेट ढुस्स पर्नु, पेट दुख्नु, पेट पोल्नु, वाकवाक् लाग्नु, वान्ता हुनु, अमिलो डकार, पानी मुखमा आउनु, छाती पोल्नु, श्वास गन्हाउनु, जिब्रो बाक्लो हुनु, टाउको दुख्नु, जीउ दुख्नु, मानसिक तनाव हुनु यी सबै वायुगोलाका लक्षण हुन् ।

**सल्लाह**

- उचित एवं नियमित खाना खानु,
- पर्याप्त मात्रामा पानी पिउने, नियमित समयमा सुत्ने, उठ्ने,
- नियमित समयमा मल विसर्जन गर्ने,
- दैनिक हल्का व्यायाम गर्ने,
- अलिबेरसम्म चपाएर र्‍यालले रस बनाएर खाना खाने,
- खाना खाँदा तनावरहित भएर खाने ।

**उपचार**

- तुलसीको पात, अदुवाको रस मिसाएर दुई चम्चा खाने,
- पुदिना खानाले पनि आराम हुन्छ,
- हिङ मिसाएर तातोपानी पट्टीले पेट सेक्नाले फाइदा मिल्छ,
- अमला वा अमला चूर्ण वायु विकारमा प्रयोग गर्न सकिन्छ,
- एक चम्चा सोंफ, आधा चम्चा ज्वानो, कालो नुन, दसवटा पुदिनाका पात, आधा कागतीको सर्वत बनाएर खाएमा फाइदा हुन्छ,
- अमृतधारा जसमा कपुर, पुदिना, पिपरमिन्ट, ज्वानो बराबर रूपमा मिसाएर त्यसको चूर्ण बनाई प्रतिघन्टा एक निश्चित मात्रा खानाले लाभ मिल्छ ।

**योग चिकित्सा :** रेचक, पूरक, प्राणायाम, उत्तानपादासन, पवनमुक्तासन, भुजंगासन, शलभ, परिचयोवन, सब, बज्रासन आदि तर सावधानीको साथमा गर्ने ।

**प्राकृतिक चिकित्सा :** कुञ्जल, लघुशंख, प्रक्षालन गर्ने ।

**आयुर्वेद चिकित्सा :** पञ्चकर्म र ध्यान गर्ने ।

**खाद्य उपचार :** रेसादार फलफूल, मेवा, मौसम, सुन्तला, जुनार, गाजर, मूला, चुकन्दर आदि हरियो सागसब्जी, ताजा मोही ।

वायुकारक अमिलो, पिरो, चिल्लो आदि गरिष्ठ खाना नखाने ।

**अन्य उपचारहरू**

**चुम्बकीय चिकित्सा :** उ, धु हत्केलामुनि र दधु देब्रे पइतालामुनि दैनिक १५/२० मिनेट राखी उपचार गर्ने । चुम्बकीय प्रभाव पारेको पानीको प्रयोग गर्ने ।

**रेकी उपचार :** हस्त ऊर्जाको प्रयोगले पेटमा आराम दिने ।

**होमियोप्याथी :** कोलोकिन्थ, कुकुमिस, नक्स भोमिका, आर्सेनिकम, अलकम, मिचेसिस, मरकुटी आदिको प्रयोग गर्ने ।

**रिफ्ल्याक्सोलोजी :** सोलार प्लेक्स, पिट्युटरी, एड्रिनल, लिभर, गलब्लाडर, सानो आन्द्रा, ठूलो आन्द्राका प्रतिविम्बित स्थानलाई औंलाले उचित दबाब दिएर पाइतालाबाट उपचार गर्ने ।

**– डा. उज्ज्वलसिंह अधिकारी**


प्राईभेट टेष्ट SLC - २०६३

१००% ग्यारेन्टीका साथ अन्तिम भर्ना

SLC, Test वा कक्षा ९ फेल भै निराश भएका र कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका साथै स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरुका लागि

सुवर्ण अवसर

माध्यम : नेपाली, अंग्रेजी दुवै

समय : विहान, दिउसो र बेलुका

साथै होस्टेलको पनि राम्रो व्यवस्था छ ।

- कक्षा ९ र १० को दुई वर्षको Course एकै वर्षमा Complete गराईने ।
- अत्यन्त योग्य र अनुभवि शिक्षक, शिक्षिकाद्वारा अध्यापन गराईने ।
- विगतका वर्षहरुमा उत्कृष्ट Result ल्याउन सफल ।
- विद्यार्थीको बुझ्ने क्षमताको आधारमा पढाईने ।

SAMJHANA ACADEMY

अद्वैत मार्ग, महेन्द्रपुलिस क्लव ठिक पछाडी

फोन: ४२४६३९७



जापानमा अध्ययनार्थ जान सफल हुनु भएकोमा हार्दिक बधाई



टोपा ईन्टरनेशनल एजुकेशन सेन्टर

E-mail : topanepal.com.np, Website : www.topanepal.com



ADMISSION OPEN FOR

CLASS XI & XII

(Science & Management faculties)

DEDICATED TO ACADEMIC EXCELLENCE

Attractive Scholarship for deserving Students !

OFFICE HOURS

8:00 AM-1:00 PM

2:00 PM-4:00 PM

For Details Contact:

ANNAPURNA College

# विश्वकप २००६ : अबको समीकरण






१८ औं विश्वकपको क्वाटर फाइनल तथा सेमिफाइन खेल निकै रोमाञ्चक रह्यो । पहिलो क्वाटर फाइनलमा जर्मनीले बलियो प्रतिद्वन्द्वी अर्जेन्टिनालाई हराउन टाइब्रेकरको सहारा लिनुपऱ्यो । दोस्रो क्वाटर फाइनल युक्रेनविरुद्ध इटालीका पक्षमा एकतर्फी देखियो । तेस्रो क्वाटर फाइनलमा टाइब्रेकरसम्म खेल लम्ब्याएर पोर्चुगलले इङ्ल्यान्डलाई पन्छायो भने चौथो क्वाटरफाइनलमा वर्तमान विजेता ब्राजिल विरुद्ध फ्रान्सले अविश्वसनीय विजय प्राप्त गऱ्यो । त्यसैगरी पहिलो सेमिफाइनलमा इटालीले अन्तिम क्षणमा दुई गोल गरी आयोजक जर्मनीलाई र फ्रान्सले पोर्चुगललाई पेनाल्टीमा एक गोल गरी फाइनलमा प्रवेश गरेको छ ।

क्वाटर फाइनल र सेमिफाइनलका परिणामले के देखाउछ भने कुनै पनि खेलमा कहिल्यै पनि सम्भावित विजेता तोकिनु हुँदैन । क्वाटर फाइनल प्रारम्भ हुदाँ धेरै खेल पण्डितहरूले ब्राजिल, इङ्ल्यान्ड, जर्मनी र इटालीलाई सम्भावित सेमिफाइनलिस्ट मानेका थिए । फ्रान्सले सेमिफाइनलसम्मको यात्रा तय गर्छ भन्ने कुरामा कमै खेल पण्डितहरूको पूर्वानुमान थियो । लिग चरणबाटै झण्डै-झण्डै बाहिरिइसकेको फ्रान्सले स्विट्जरल्यान्डले दक्षिण कोरियालाई पराजित गरेपछि मात्रै दोस्रो चरणमा प्रवेश पाएको थियो तर त्यसपछिका खेलहरूले फ्रान्सलाई एक पटक फेरि सम्भावित विजेताको रूपमा देखाएको छ । विश्वकपको इतिहासमा फ्रान्सले पाँचौ सेमिफाइनल खेलेर दोस्रो पटक फाइनलमा आफ्नो स्थान सुरक्षित गरेको छ ।

यसअधि सन् १९५८, १९८२, १९८६ र १९९८ मा फ्रान्स सेमिफाइनलमा पुगेको थियो । जसमध्ये सन् १९९८ मा फ्रान्सले विश्वकप जितेको थियो भने अरू अवसरमा उसले सेमिफाइनलमै पराजय स्वीकार गर्नुपरेको थियो । सन् १९९८ बाहेक अन्य समयहरूमा फ्रान्स सन् १९५८ र १९८६ मा तेस्रो स्थानमा थियो भने सन् १९८२ को अल युरोपियन सेमिफाइनल खेलेको समयमा फ्रान्स चौथो स्थानमा रहेको थियो ।

दोस्रो पटक सेमिफाइनलमा पुगेको पोर्चुगल यसअघि सन् १९६६ को विश्वकपमा आफ्नो पहिलो सहभागितामै सेमिफाइनलमा पुगेको थियो । अहिलेसम्म जम्मा ४ पटक विश्वकप खेलेको पोर्चुगल सन् १९६६ को आफ्नो पहिलो विश्वकपमा सेमिफाइनबाट बाहिरिएको थियो । त्यसबेला उसलाई इङ्ल्यान्डले १ का विरुद्ध २ गोलले पराजित गरेको थियो । सन् १९६६ को अल युरोपियन सेमिफाइनलपछि पोर्चुगलले तेस्रो स्थान पाएको थियो । सन् १९६६ मा इङ्ल्यान्डको हातबाट भोग्नु परेको पराजयको बदला यो पटक क्वाटर फाइनलमै चुकाउँदै पोर्चुगल सेमिफाइनलमा पुगेको हो । सेमिफाइनलमा पराजित पोर्चुगलसमक्ष अब सन् १९६६ को परिणामलाई दोहोऱ्याउने विकल्पमात्र बाँकी छ । त्यसबेला पोर्चुगलले तेस्रो स्थानका लागि भएको खेलमा तत्कालीन सोभियत संघलाई १ का विरुद्ध ४ गोलले पराजित गरेको थियो ।

आयोजकका नाताले निश्चित रूपमा यो विश्वकप जर्मनीका लागि विशेष महत्त्वको थियो । अहिलेसम्म ११ पटक सेमिफाइनल खेलिसकेको जर्मनीले यसअघि सन् १९५४, १९७४ र १९९० को विश्वकप जितिसकेको थियो । जसमध्ये सन् १९५४ र १९७४ को आयोजक पनि ऊ आफैं थियो तर आफूले आयोजना गरेका अधिल्ला दुवै विश्वकप जितेको जर्मनीका लागि यो विश्वकप सुखद रहेन । उसले सेमिफाइनलमा इटालीसँग पराजय बेहोर्नुपरेको छ । यो पराजयले अल युरोपियन सेमिफाइनल खेलिएका कुनै पनि विश्वकप जर्मनीले जित्न सक्दैन भन्ने कुरा एक पटक फेरि प्रमाणित भएको छ । यसअधि जर्मनीले सन् १९६६, १९८२, १९८६ र २००२ को विश्वकप दोस्रो स्थानमै चित्त बुझाउनुपरेको थियो । त्यसैगरी सन् १९३४ र १९७० को विश्वकपमा तेस्रो स्थामा रहेको जर्मनीले सन् १९५८ को विश्वकपमा चौथो स्थानमै चित्त बुझाएको थियो ।

यो विश्वकप इटालीका लागि भाग्यशाली हुन सक्छ भन्ने कुरा तथ्यांकले देखाउँछ । यसअघि खेलिएका अल युरोपियन सेमिफाइनल भएका सन् १९३४ र १९८२ को विश्वकप इटालीले नै जितेको थियो । जब कि अल युरोपियन सेमिफाइनल भएको सन् १९६६ को विश्वकपमा इटाली पहिलो चरणबाटै बाहिरिएको थियो । यसअघि इटालीले सन् १९३४, १९३८ र १९८२ मा विश्वकप जितिसकेको छ भने सन् १९७० र १९९४ का दुवै विश्वकपको फाइनलमा इटाली ब्राजिलसँग पराजित भएको थियो । सन् १९९० को विश्वकपमा तेस्रो र १९७८ को विश्वकपमा चौथो स्थानमा रहेको इटालीका लागि यो विश्वकप निश्चित रूपले अनुकुल देखिएको छ । त्यस्तै अनुकुलता फ्रान्सका लागि पनि छ किनभने यसअघि एक मात्र फाइनल खेलेको फ्रान्सले विश्वकप उचालिसकेको छ । उता छैठौं पटक विश्वकपको फाइनलमा उपस्थिति जनाएको इटालीले दुई पटक फाइनल गुमाएको छ ।

**कसले जित्ला विश्वकप ?**

अठारौं विश्वकपको फाइनल आगामी आइतबार राती नेपाली समयअनुसार ११:४५ बजे बर्लिनको ओलम्पिक स्टेडियममा खेलिनेछ । उक्त फाइनलका लागि इटाली र फ्रान्स एक-अर्का विरुद्ध अहिले आ-आफ्नो रणनीति बनाउन व्यस्त छन् । विश्वकप फुटबलको ७६ वर्षको इतिहासमा यो फाइनल सातौं अल युरोपियन फाइनल हुनेछ । यसअधिका अल युरोपियन फाइनलहरू सन् १९३४, १९३८, १९५४, १९६६, १९७४ र १९८२ मा खेलिएको थियो । जसमध्ये सन् १९३४, १९३८ र १९८२ को फाइनल इटालीले जितेको थियो भने सन् १९५४ र १९७४ को फाइनल जर्मनी (तत्कालीन पश्चिम जर्मनी) ले जितेको थियो भने सन् १९६६ को फाइनल इङ्ल्यान्डले जितेको थियो ।

यो इतिहासलाई समीकरणको आधार मान्ने हो भने यो पटक इटालीको दाबेदारी निकै बलियो देखिएको छ । किनभने अहिलेसम्म खेलिएका ६ वटा अल युरोपियन विश्वकप फाइनलमध्ये तीनवटा फाइनलमा उपस्थिति जनाएर तीनै पटक इटाली विजयी भएको छ तर आफ्नो दोस्रो फाइनल खेल्न गइरहेको फ्रान्ससमक्ष विश्वकपको फाइनलमा पराजय बेहोर्नु नपरेको कीर्तिमान छ । इटालीले फाइनल गुमाएको विश्वकप सन् १९७० र १९९४ को विश्वकपमात्र हो । ती दुवै विश्वकपको फाइनलमा इटाली ब्राजिलसँग पराजित भएको थियो । सन् १९७० को विश्वकपमा इटाली ब्राजिलसँग १ का विरुद्ध ४ गोलले पारजित भएको थियो भने सन् १९९४ को फाइनल इटालीले टाइब्रेकरमा २ का विरुद्ध ३ गोलले पराजित भएको थियो । अहिले विश्वकपको बाटोमा इटालीसमक्ष सधै तगारोका रूपमा रहेको ब्राजिल छैन ।

उपरोक्त समीकरणहरूले आइतबार हुने फाइनलका लागि निश्चित रूपमा फ्रान्स विरुद्ध इटालीलाई बलियो तथा भाग्यमानी देखाउँछ तर परिणाम जे पनि हुन सक्छ ।

## निराश फिफा

फुटबलको विश्व संस्था फेडेरेसन अफ इनटरनेसनल फुटबल एसोसिएसन (फिफा) को नयाँ विश्व विजेताको खोजी यो पटक पनि अधुरै रहेको छ । यसअघि विश्वकप जितिसकेका ७ मध्ये ६ मुलुक (दुई पटक विश्वकप जितिसकेको उरुग्वे यो पटक विश्वकप फाइनलका लागि छनौट हुन सकेको थिएन । उरुग्वे विश्वकप फाइनलका लागि भएको छनौट प्लेअफ खेलमा अष्ट्रेलियासँग पराजित भएको थियो) ले क्वाटरफाइनलमा स्थान पाएपछि फिफाका अध्यक्ष सेप ब्लाटरले पोर्चुगल र युक्रेनको क्वाटरफाइनलमा उपस्थितिका बाबजुद निराशा व्यक्त गरेका थिए ।

विश्वक फुटबलमा अफ्रिकी तथा एसियाली मुलुकहरूले आफ्नो स्तर निरन्तर वृद्धि गर्नुपर्छ भन्ने मान्यताका पक्षपाती सेप ब्लाटरकै प्रयासमा विश्वकप फुटबलको फाइनल चरणमा खेल्ने मुलुकहरूको संख्या १६ वाट २४ र २४ बाट ३२ पुऱ्याइएको थियो । फिफाले यस्तो निर्णय गर्दा बढीभन्दा बढी अफ्रिकी तथा एसियाली मुलुकहरूले विश्वकप फुटबलको फाइनल चरणमा सहभागिता जनाउन सकुन् भन्ने थियो तर विश्वकपका परिणामहरूले सदैव युरोपियन तथा दक्षिण अमेरिकी मुलुकहरूलाई शक्तिशाली प्रमाणित गरेको छ ।

अफ्रिकी तथा एसियाली मुलुकहरू पछाडि परे पनि विश्वकप फुटबलमा नयाँ विजेता देखा परोस् भन्ने सेप ब्लाटरको चाहना यो पटक पनि अधुरै रह्यो । सन् १९९८ मा फ्रान्सले विश्वकप जित्दा खुसी देखिएका सेप ब्लाटर यो पटक पोर्चुगलले सेमिफाइनलमा उपस्थिति जनाउँदा अलिकति आशावादी देखिएका थिए तर उनको आशा त्यही फ्रान्सले निराशामा परिणत गरिदियो जुन फ्रान्सले सन् १९९८ मा विश्वकप जित्दा सेप ब्लाटरले विश्व फुटबलमा ब्राजिल र जर्मनी, केही हदसम्म इटाली र अर्जेन्टिनाको आधिपत्य समाप्त भएको घोषणा गरेका थिए ।

## अल युरोपियन सेमिफाइनल



सन् १९८२ को १२ औं विश्वकपपछि एक पटक फेरि विश्वकप फुटबलको सेमिफाइनल अल युरोपियन सेमिफाइनल भएको छ । यसअघि सन् १९३४ को दोस्रो विश्वकपमा पहिलो पटक अल युरोपियन सेमिफाइनल खेलिएको थियो भने सन् १९६६ को आठौं विश्वकपमा पनि अल युरोपियन सेमिफाइनल खेलिएको थियो । सन् १९३४ को विश्वकप सेमिफाइनलमा इटाली, तत्कालीन चेकोस्लोभाकिया, जर्मनी र अष्ट्रिया थिए । उक्त विश्वकप इटालीले जितेको थियो ।

सन् १९६६ को विश्वकपको सेमिफाइनलमा इङ्ल्यान्ड, तत्कालीन पश्चिम जर्मनी, पोर्चुगल र तत्कालीन सोभियत संघ थिए । उक्त विश्वकप इङ्ल्यान्डले जितेको थियो ।

सन् १९८२ को विश्वकपको सेमिफाइनलमा इटाली, तत्कालीन पश्चिम जर्मनी, पोल्यान्ड र फ्रान्स थिए । उक्त विश्वकप इटालीले जितेको थियो । अहिले एक पटक फेरि विश्वकप फुटबलको सेमिफाइनल चौथो पटक अल युरोपियन हुन पुगेको छ । यो पटकको अल युरोपियन सेमिफाइनलमा जर्मनी, इटाली, पोर्चुगल र फ्रान्सले उपस्थिति जनाएका छन् ।

१८ औं विश्वकपको पहिलो सेमिफाइनलमा इटालीले आयोजक जर्मनीलाई र दोस्रो सेमिफाइनलमा फ्रान्सले पोर्चुगललाई पराजित गरेर फाइनलमा आफ्नो स्थान सुरक्षित गरेका छन् ।

अल युरोपियन सेमिफाइनल सम्बन्धी रमाइलो तथ्य त के हो भने जर्मनी चारवटै (सन् १९३४, १९६६, १९८२ र २००६) अल युरोपियन सेमिफाइनलमा उपस्थित हुने एक मात्र मुलुक हो भने पोर्चुगल दुई पटक (सन् १९६६ र २००६), फ्रान्स दुई पटक (सन् १९८२ र २००६) र इटाली तीन पटक (सन् १९३४, १९८२ र २००६) अल युरोपियन सेमिफाइनलमा पुगेको छ । जर्मनीले ती चारवटै विश्वकप गुमाउन पुगेको छ भने पोर्चुगलले पनि आफ्ना ती दुवै सेमिफाइनलमा पराजयको सामना गरेको छ । उता यसअघिका दुई अल युरोपियन सेमिफाइनलमा स्थान पाएको इटालीले ती दुवै विश्वकप जितेको थियो । अहिले एक पटक फेरि इटाली तेस्रो पटक फाइनलमा उपस्थित भएको छ ।

यसअघि एक पटक अल युरोपियन सेमिफाइनल खेलेर पराजित भएको फ्रान्स यो पटक फाइनलमा पुगेको छ । यसअघि सन् १९८२ मा अल युरोपियन सेमिफाइनल खेलेको फ्रान्सले सेमिफाइनल र तेस्रो स्थानका लागि भएको दुवै खेल गुमाएको थियो ।

## विश्वकप २००६ का परिणामहरू

**खेल नम्बर ५७**

**जर्मनीविरुद्ध अर्जेन्टिना**

क्वाटरफाइनलको पहिलो खेलमा जर्मनीले अर्जेन्टिनालाई टाइब्रेकरका आधारमा २ का विरुद्ध ४ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ । निर्धारित समयको खेलमा दुवै पक्षबाट १-१ गोल भएपछि थपिएको अतिरिक्त समयमा समेत कुनै गोल हुन नसकेपछि यो खेल पेनाल्टी सुट आउटमा गएको थियो । निर्धारित समयमा जर्मनीका लागि मिरोस्लाभ क्लोस र अर्जेन्टिनाका लागि रोबर्टो आयलाले १ / १ गोल गरेका थिए ।

**खेल नम्बर ५८**

**इटालीविरुद्ध युक्रेन**

क्वाटरफाइनलको दोस्रो खेलमा इटालीले युक्रेनलाई शून्यका विरुद्ध ३ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ । यो खेलमा इटालीका लागि लुका टोनीले २ गोल र ग्यानलुका जामब्रोटाले १ गोल गरेका थिए ।



**खेल नम्बर ५९**

**इङ्ल्यान्ड विरुद्ध पोर्चुगल**

क्वाटरफाइनलको तेस्रो खेलमा पोर्चुगलले इङ्ल्यान्डलाई टाइब्रेकरका आधारमा १ का विरुद्ध ३ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ । निर्धारित समयको खेलमा दुवै पक्षबाट कुनै गोल हुन नसकेपछि थपिएको अतिरिक्त समयमा समेत कुनै गोल हुन सकेन । त्यसपछि यो खेल पेनाल्टी सुट आउटमा गएको थियो । यो खेलमा इङ्ल्यान्डका बायन रुनीले प्रतियोगिताको २५ औं रातो कार्डको सामना गरे ।

**खेल नम्बर ६०**

**ब्राजिल विरुद्ध फ्रान्स**

क्वाटरफाइनलको चौथो खेलमा फ्रान्सले वर्तमान विजेता ब्राजिललाई शून्यका विरुद्ध १ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको एक मात्र गोल फ्रान्सका लागि थिएरी हेनरीले गरेका थिए ।

**खेल नम्बर ६१**

**जर्मनी विरुद्ध इटाली**

अठारौं विश्वकपको पहिलो सेमिफाइनलमा इटालीले आयोजक जर्मनीलाई शून्यका विरुद्ध २ गोलले पराजित गरी फाइनलमा प्रवेश गरेको छ । निर्धारित समयमा कुनै गोल हुन नसकेपछि थपिएको अतिरिक्त समयमा इटालीका लागि एलेक्स्यान्द्रो डेल पियरो र फाबियो ग्रोसोले १/१ गोल गरेका थिए ।

**खेल नम्बर ६२**

**पोर्चुगल विरुद्ध फ्रान्स**

अठारौं विश्वकपको दोस्रो सेमिफाइनलमा फ्रान्सले पोर्चुगललाई शून्यका विरुद्ध १ गोलले पराजित गरी फाइनलमा प्रवेश गरेको छ । खेलको एक मात्र गोल फ्रान्सका कप्तान जिनेदिन जिदानले पेनाल्टी प्रहारमार्फत् गरेका थिए ।

# गोलको खुसी मनाउने शैली

विश्वकपमा गोल गर्नु चानचुने कुरा होइन । विश्वकपमा गोल गरेपछि उत्तेजनाको सीमा नै रहँदैन । गोल जति आकर्षक रूपमा भएको होस्, त्योभन्दा बढी रोमाञ्चकता गोलको खुसीयाली मनाउने शैलीमा देख्न सकिन्छ । गोल गरेपछि शरीरलाई हावामा फाल्नु र नाच्नु त गोलको खुसीयाली मनाउने 'ट्रेडमार्क' नै भैसकेको छ । गोल गरेपछि खेलाडीहरू मैदानको चारैतिर दौडिन्छन् र नाच्छन् । विश्वकप फुटबलमा देखिने खुसीयाली मनाउने यी शैलीहरू वर्षौंसम्म लोकप्रिय रहन्छन् । बालबालिका तथा खेलाडीहरूले ठ्याक्कै त्यही शैलीको नक्कल मैदानमा देखाउँछन् ।

गोल गरेपछि पल्टँदै नाच्ने शैलीको प्रारम्भ मेक्सिकोका पूर्वस्ट्राइकर ह्यूगो सान्चेजले गरेका हुन् । सान्चेजले गोलको खुसीयाली हावामा जम्प गर्दै पल्टेर मनाएका थिए । चारपल्ट स्पेनिस लिगका हाईस्कोरर सान्चेजले सन् १९८६ को विश्वकपदेखि सुरु गरेको यो शैलीको नक्कल हजारौं खेलाडीले गरिरहेका छन् । सन् २००२ को विश्वकपमा तीन गोल गरेका आयरल्यान्डका स्ट्राइकर रोबी किनले पनि सान्चेजकै शैलीमा खुसी मनाएका थिए । १८ औं विश्वकपमा जर्मन स्ट्राइकर मिरोस्लाव क्लोसले हावामा जम्प गर्दै पल्टने शैलीलाई निरन्तरता दिइरहेका छन् । नाइजेरियाका जुलियस अगाहोवाको पल्टने शैलीलाई अद्भुत मानिन्छ । चार वर्षअघि स्वीडेनविरुद्ध गोल गर्दा उनले हावामा जम्प गर्दै आफ्नो शरीरलाई आठ पटक पल्टाएका थिए ।

विश्वकप-९८ मा चिलीका स्ट्राइकर मार्सेलो सालासले प्रदर्शन गरेको साँढेजुधाईको शैली सम्झनयोग्य छ । एउटा घुँडा जमिनमा टेकेर टाउको घुमाउँदै औंला आकाशतर्फ पार्दै 'मेटाडोर'को खोजीमा रहेको साँढेजस्ता देखिन्थे गोलको खुसी मनाउँदा सालास । उनले आफ्नो चार गोलको खुसी त्यसरी नै साँढे जुधाइकै शैलीमा मनाएका थिए ।

कुनै खेलाडी भने गोलको खुसीयाली पत्नीसँग बाँड्छन् । स्पेनका स्ट्राइकर राउल गोञ्जालेज आफ्नो प्रत्येक गोलसँगै विवाहको औंठी चुमेर पत्नीलाई खुसीयालीमा सहभागी गराउँछन् । इटालियन स्टार फ्रान्सेस्को टोट्टीले गोल गरेपछि बललाई पेटको भागमा जर्सीभित्र पोको पारेर बच्चाले जस्तै गरी बूढी औंला चुस्दै खुसी मनाएका थिए ।

टोट्टोको शैली त पिता बन्नुअघिको हो । पिता बन्न पाउँदाको खुसीयाली कस्तो हुन्छ ? १२ वर्षअघिको विश्वकपमा ब्राजिलियन स्टार बेबेटोले नेदरल्यान्डविरुद्ध गोल ठोक्दै दुई दिनअघि पिता बनेको खुसीयाली प्रदर्शन गरेका थिए । गोल गरेपछि बेबेटो शिशुले जस्तै स्वर निकाल्दै चिच्याएका थिए । बच्चाजस्तै चिच्याएर रोमारियो र मजिन्होले पनि बेबेटोको खुसीमा साथ दिएका थिए । उनले भने- 'शिशुजस्तै चिच्याएर खुसी मनाउने योजना थिएन । गोल ठोकें । अचानक शिशुजस्तै चिच्याएँ । नजिकै रोमारियो र मजिन्होले पनि त्यसै गरिरहेका रहेछन् । म अझ उत्तेजित हुँदै चिच्याएँ ।'


सन् १९९० को विश्वकपमा क्यामरुनको 'बूढो बाघ' रोजर मिल्लाको खुसीयाली मनाउने शैली धेरैले बिर्सिएका छैनन् । ३८ वर्षकी उमेरमा विश्वकपमा आफ्नो दुई गोलको खुसी उनले कर्नरको झन्डा हिपले हल्लाउँदै खुट्टाको दुई बूढी औंला देखाउँदै मनाएका थिए । सन् २००२ को आश्चर्यजनक टिम सेनेगलको खुसी मनाउने शैली पनि आफ्नै थियो । विश्वकप-९० को उद्घाटन खेलमा क्यामरुनले अर्जेन्टिनालाई पराजित गरेजस्तै सेनेगलका खेलाडीहरूले पनि फ्रान्सलाई शून्यका विरुद्ध १ गोलले आश्चर्यजनक रूपमा पराजित गर्दा उस्तै तरिकाले खुट्टाका स्टेप चालेका थिए । उक्त खेलमा साविक विजेताविरुद्ध एक मात्र तथा निर्णायक गोल पपे बोडा डियोपले गरेका थिए । डियोपले गोल गरेपछि जर्सी खोलेर कर्नरको झन्डामा राखे अनि सेनेगली खेलाडीहरू जर्सी र झन्डावरिपरि घुम्दै अफ्रिकी शैलीमा नाचेका थिए ।

एक गोलले पछि परेको अवस्थामा ८ वर्षअघि डिफेन्डर लिलियन थुरामले दुई गोल फर्काउँदै फ्रान्सको फाइनल यात्रा निश्चित गरेका थिए । क्रोएसियाविरुद्धको उक्त दुई गोलबाहेक उनले अन्तर्राष्ट्रिय खेल जीवनमा थप गोल गर्न सकेका छैनन् । घुँडामा हातका औंला राखेर



लामो जिब्रो निकाल्दै टेढो आँखा पारेर अनौठो तबरले उनले दुवै गोलको खुसी मनाए । उनले खुसी मनाउने आफ्नो शैलीलाई ज्याज म्यूजिकसँग तुलना गरेका छन् । सन् १९८२ को विश्वकपमा जर्मनीविरुद्ध गोल गरेपछि इटालीका मिडफिल्डर मार्को टार्केली अचेत भै बर्बराइरहेका थिए ।

इटालीका हाई स्कोरर ल्युका



टोनी 'सुनेका छौं ?' शैलीमा कान पछाडि हात राखेर दर्शकतिर हेर्दै आफ्नो गोलको खुसी मनाउँछन् । अन्तिम सिजन लिगमा ३१ गोलको खुसीयाली फ्लोरेन्टिना क्लबका स्ट्राइकरले यसरी नै मनाएका थिए । ब्राजिलियन मिडफिल्डर काका, पोर्चुगिज स्ट्राइकर पेड्रो पाउलेटाले जर्मनी विश्वकपको पहिलो चरणमा गोल गरेपछि दुवै हात हावामा फैलाउँदै खुसी मनाएका थिए । साविक विजेता ब्राजिलका प्रख्यात स्ट्राइकर रोनाल्डो गोलको खुसी चोर औंला हल्लाउँदै मनाउँछन् ।

सर्वाधिक आम्दानी गर्ने खेलाडी रोनाल्डिन्होको शैली अन्य गोलकर्ताको भन्दा भिन्न छ । उनी गोल गरेपछि केही क्षण नाच्छन् अनि डमरु बजाउने शैलीमा बूढी औंला र कान्छी औंला सीधा गरेर दुवै हात हाल्लाउँछन् । साउदी अरेबियाका खेलाडीहरू गोल गरेपछि इस्लाम धर्मगुरु मोहम्मदलाई ढोग्छन् । विशेषगरी अफ्रिकी टिमको खुसी मनाउने शैली फरक एवं आकर्षक हुने गरेको छ । सन् १९९४ को विश्वकप ग्रीसविरुद्ध गोल गरेपछि डियगो म्याराडोनाले मनाएको उत्तेजक खुसी धेरैका आँखामा ताजै छ । उनले गोल गरेपछि तीव्र गतिमा दौड्रिंदै उत्तेजक रूपमा ठूला आँखा बनाउँदै लामो जिब्रो बाहिर निकालेका थिए । लागू पदार्थ सेवन गरेको अभियोगमा प्रतिबन्ध लाग्नुअघि यो नै उनको अन्तिम अन्तर्राष्ट्रिय खेल र गोल थियो । उनको यही उत्तेजक शैलीलाई आठ वर्षअघि फ्रेन्च मिडफिल्डर क्रिस्टोफ डुगारीले दक्षिण अफ्रिका विरुद्ध गोल गरेपछि दोहोऱ्याएका थिए ।

**–राजु घिसिङ**


## पिनाकल टिप्स
### जानी राखे राम्रो
**विश्वकप सन् २००६का कुरा**

* कट्टरपन्थी इस्लामिक अदालतले सोमालिया राजधानी मोगाडिसुमा विश्वकप हेर्नमा प्रतिबन्ध लगाएको छ ।
* फ्रान्सले ब्राजिललाई हराएपछि खुसियाली मनाई रहेका हुल्याहाहरुले आफ्नै समर्थकलाई आक्रमण गरेर घाईते पारे ।
* केन्यामा तीन फुटवलप्रेमी ऐन्टिना मिलाउने क्रममा करेन्ट लागेर गम्भीर घाईते भए ।

स्रोत:- For Discipline & Excellence
**Pinnacle College**
*East of Lagankhel Buspark*
Phone: 5544023,5544024
*(+2, BBS & Pharmacy)*




विश्वकप फुटबलको सन्दर्भ पारेर द काठमाडौं पोस्टको परिशिष्टांक सिटी पोस्टले राजधानीका मोडलहरूलाई लिएर एउटा फोटो सेसन गराएको थियो । उक्त सेसनका केही रमाइला झलक ।





